# हरिप्रसाद पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक

शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी

क्याम्पस नेपाली विभाग स्नातकोत्तर तह

दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका

लागि तयार पारिएको

शोधपत्र

शोधार्थी

पराशर आचार्य

रत्नराज्यलक्ष्मी क्याम्पस

स्नातकोत्तर द्वितीय वर्ष

क्रमाङ्क- १५३६

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस काठमाडौंको स्नातकोत्तर तह द्वितीय वर्षका छात्र पराशर आचार्यले '**हरिप्रसाद पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'** शीर्षक शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधलेखनको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

शोधनिर्देशक

..................

श्री हरिप्रसाद पराजुली

सहप्राध्यापक

नेपाली शिक्षण विभाग

रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं

मितिः २०६७ । १ । २

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसका छात्र पराशर आचार्यले त्रि वि. स्नातकोत्तर तह ( एम. ए.) नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको '**हरिप्रसाद पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**' शीर्षकको प्रस्तुत शोधपत्र स्वीकृत गरिएको छ ।

शोधमूल्याङ्कन समिति :

| क. सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | सहप्रा.तुलसीमान श्रेष्ठ (विभागीय प्रमुख) | ......................... |
| २. | सहप्रा.हरिप्रसाद पराजुली (शोधनिर्देशक) | ......................... |
| ३. | प्रा.डा.मोतीलाल पराजुली (बाह्य परीक्षक) | .......................... |

मितिः २०६७।१।९

# कृतज्ञता ज्ञापन

प्रस्तुत **'हरिप्रसाद पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'** नामक शोधपत्र मैले त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारेको हुँ । सर्वप्रथम यो शोधपत्र तयार पार्ने क्रममा मलाई अमूल्य सहयोग गर्नु हुने महानुभावहरू प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

प्रस्तुत शोधपत्र मैले मेरा शोधनिर्देशक आदरणीय गुरु श्री हरिप्रसाद पराजुलीज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । उहाँले आफ्नो अति व्यस्त समयमा पनि यस शोधपत्रको तयारीका क्रममा शीर्षक चयनदेखि यसले पूर्णता प्राप्त नगरिन्जेलसम्म स्नेहपूर्वक गर्नु भएको सल्लाह, सुझाव एवम् निर्देशनको लागि म सधैं आभारी रहने छु ।

यसरी नै आफ्नो जीवनी, व्यक्तित्व र कृतित्वलाई शोध अध्ययनका लागि अनुमति दिनुका साथै आवश्यक सामग्री उपलब्ध गराउनु हुने शोधनायक आदरणीय श्री हरिप्रसाद पोखरेलज्यू प्रति पनि म हार्दिक आभार प्रकट गर्न चाहन्छ । त्यस्तै शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोध पत्र लेख्ने सुअवसर प्रदान गर्नु हुने नेपाली विभागका विभागीय प्रमुख श्रद्धेय गुरु सहप्रा. श्री तुलसीमान श्रेष्ठज्यू प्रति पनि कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै यस शोधपत्र लेखन कार्यलाई सहयोग गर्नुहुने दाइ श्री दीपेन्द्रराज बराल र कम्प्युटर उपलब्ध गराई सहयोग गर्ने भाइ सञ्जय र अजयलाई पनि धन्यवाद दिन चाहन्छु । अन्त्यमा शोधलेखन कार्यलाई निरन्तर हौसला दिने श्रीमती सङ्गीता र यो शोधपत्र सम्पन्न गर्ने क्रममा प्रत्यक्ष एवम् अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण महानुभावहरू प्रति धन्यवाद ज्ञापन गर्दै कलम बन्द गर्दछु ।

पराशर आचार्य
स्नातकोत्तर द्वितीय वर्ष
रत्नराज्यलक्ष्मी क्याम्पस
काठमाडौँ

मितिः २०६६ । १२ । ३०

## विषयसूची


पृ. सङ्ख्या

**अध्याय एक : शोधपत्रको परिचय** **१ - ४**

१.१ परिचय १

१.२ समस्याकथन १

१.३ शोधपत्रको उद्देश्य १

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता ३

१.६ शोधविधि ३

१.७ शोधपत्रको सीमाङ्कन ३

१.८ शोधपत्रको रूपरेखा ४

**अध्याय दुई : हरिप्रसाद पोखरलेको जीवनी र व्यक्तित्व** **५ - १८**

२.१ हरिप्रसाद पोखरेलको जीवनी ५

२.१.१ जन्म र जन्मस्थान ५

२.१.२ बाल्यकाल ५

२.१.३ शिक्षादीक्षा ६

२.१.४ पारिवारिक स्थिति ६

२.१.५ आर्थिक अवस्था ७

२.१.६ व्यक्तिगत रुचि र स्वभाव ८

२.१.७ साहित्यिक प्रेरणा र प्रभाव ८

२.१.८ पोखरेलका साहित्यिक कृतिहरू ९

२.१.९ सम्मान तथा पुरस्कार १०

२.२. हरिप्रसाद पोखरेलको व्यक्तित्व १२

२.२.१ व्यक्तित्वका पाटाहरू १२

२.२.२ बाह्य व्यक्तित्व १२

२.२.३ आन्तरिक व्यक्तित्व १३

२.२.३.१ साहित्यकार व्यक्तित्व १३

क. कवि व्यक्तित्व १३

ख. गीतकार व्यक्तित्व १४

ग. निबन्धकार व्यक्तित्व १४
घ. कथाकार व्यक्तित्व १४
ङ. सम्पादक व्यत्तित्व १५
२.२.३.२ साहित्येतर व्यक्तित्व १५
क. सामाजिक व्यक्तित्व १५
ख. पत्रकार व्यक्तित्व १६
ग. शिक्षक व्यक्तित्व १६
घ. बहुभाषी व्यक्तित्व १६
२.२.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तःसम्बन्ध १७
**अध्याय तीन : हरिप्रसाद पोखरेलको कवितायात्रा र प्रवृत्ति १९ -३२**
३.१ नेपाली कविताको पृष्ठभूमि १९
३.२ पोखरेलको कवितायात्रा २०
३.२.१ प्रथम चरण (सुरुदेखि वि.सं.२०४९ सम्म) २०
३.२.२ दोस्रो चरण (वि.सं.२०५०देखि हालसम्म) २४
३.३ पोखरेलका कविताका चरणगत वैशिष्ट्य २६
३.४ पोखरेलका कवितात्मक प्रवृत्ति २७
३.४.१ मानवतावाद २७
३.४.२ देशभक्ति २९
३.४.३ प्रकृतिचित्रण ३०
३.४.४ दार्शनिकता ३१
३.५ निष्कर्ष ३२
**अध्याय चार : हरिप्रसाद पोखरेलका कृतिहरूको विश्लेषण ३४ - ७१**
४.१ कविता विश्लेषणका आधारहरू ३४
४.१.१ शीर्षक र संरचना ३४
४.१.२ विषयवस्तु ३४
४.१.३ भावविधान ३५
४.१.४ भाषाशैली ३५
४.२ 'मान्छेको खोजी' कविता-सङ्ग्रहको विश्लेषण ३५
४.२.१ शीर्षक र संरचना ३५

४.२.२ विषयवस्तु ३७
४.२.३ भावविधान ४१
४.२.४ भाषाशैली ४४
४.३ 'देवयान' कवितासङ्ग्रहको विश्लेषण ४८
४.३.१ शीर्षक र संरचना ४८
४.३.२ विषयवस्तु ५०
४.३.३ भावविधान ५१
४.३.४ भाषाशैली ५५
४.४ खोज कवितासङ्ग्रहको विश्लेषण ५८
४.४.१ शीर्षक र संरचना ५८
४.४.२ विषयवस्तु ६१
४.४.३ भावविधान ६४
४.४.४ भाषाशैली ६७
४.५ निष्कर्ष ७०

**अध्याय-पाँच**

उपसंहार ७२
सन्दर्भग्रन्थसूची
परिशिष्ट

# अध्याय-एक

## शोधपत्रको परिचय

### १.१ परिचय

योग तथा प्राकृतिक चिकित्सा क्षेत्रका चर्चित व्यक्तित्व हरिप्रसाद पोखरेल प्रसिद्ध साहित्यकार पनि हुन् । उनले साहित्यका विविध क्षेत्रमा कलम चलाएको देखिन्छ । कविता विधामा उनले तीनवटा सङ्ग्रहको प्रकाशन समेत गरिसकेका छन् । विद्यार्थीकालदेखि नै कविता लेख्न सुरु गरेका उनको प्रथम प्रकाशित कविता 'भाइटीका' हो । हालसम्ममा उनका कविता विभिन्न पत्रिकामा प्रकाशित भएर देखा परेका छन् । ती कविताका माध्यमबाट उनले प्रदान गरेको योगदानका आधारमा उनलाई नेपाली तथा भारतीय विद्वान्हरूले एक सफल कवि व्यक्तित्वका रूपमा परिचित गराएको देखिन्छ । उनका अधिकांश रचना मानसाग्निका नामबाट प्रकाशित भएकाले हरिप्रसादको साधनाको नाम मानसाग्नि रहेको बुझिन्छ । यस शोधपत्रमा नेपाली साहित्यका एक सफल साहित्यकारका रूपमा चिनिएका हरिप्रसाद पोखरेलको जीवनी र व्यक्तित्वका विविध पाटाहरूलाई केलाउँदै उनका प्रकाशित तीन कविता सङ्ग्रह 'मान्छेको खोजी', 'देवयान' र 'खोज' को विश्लेषणात्मक अध्ययन गरिएको छ ।

### १.२ समस्याकथन

हरिप्रसाद पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित निम्न समस्यामा केन्द्रित भई प्रस्तुत शोधपत्र तयार पारिएको छ :

क) हरिप्रसाद पोखरेलको जीवनी के कस्तो रहेको छ ?

ख) हरिप्रसाद पोखरेलका व्यक्तित्वका के कस्ता पक्ष रहेका छन् ?

ग) उनका कवितात्मक मूल प्रवृत्तिहरू के कस्ता छन् ?

### १.३ शोधपत्रको उद्देश्य

समस्या कथनमा उठाइएका प्रश्नहरूको समाधानमा नै प्रस्तुत शोधपत्र मूल रूपमा केन्द्रित भई तयार पारिएको छ । बुँदागत रूपमा प्रस्तुत शोधपत्रका उद्देश्य निम्न रहेका छन् :

क) हरिप्रसाद पोखरेलको जीवनीको अध्ययन गर्नु ,

ख) हरिप्रसाद पोखरेलका व्यक्तित्वका विविध पक्षलाई परिचित गराउनु र
ग) उनका कवितात्मक मूल प्रवृत्तिहरूको चर्चा गर्नु ।
यिनै उद्देश्य पूर्ति गर्ने कार्य नै यस शोधपत्रको मूल ध्येय रहेको छ ।

### १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार हरिप्रसाद पोखरलेका कृतिहरूका बारेमा यसभन्दा अगाडि कसैले पनि व्यवस्थित अध्ययन एवम् विश्लेषण गरेको पाइँदैन । केही व्यक्तिहरूले उनका कृतिहरूको बारेमा र साहित्यिक योगदानका बारेमा आंशिक टिप्पणी गरे पनि ती अनुसन्धान पद्धतिका दृष्टिले गणना गर्न लायक देखिदैनन् । उनका बारेमा गरिएका केही टिप्पणीहरू यस प्रकार रहेका देखिन्छन् :

**(क)** वि.सं. २०४३ सालमा 'केही कवि र कविता' नामक पुस्तकमा हरिप्रसाद पोखरेलका कविताहरू प्रकाशित भएका देखिन्छन् । उक्त पुस्तकमा प्रसिद्ध नेपाली साहित्यकार मोहन कोइरालाले हरिप्रसादलाई कविता भनेपछि निद्रा र खाना बिर्सेर लागिरहने व्यक्तिका रूपमा चिनाउँदै उनीबाट नेपाली सहित्यले धेरै आशा राखेको कुरा अघि सारेका छन् ।

**(ख)** त्यस्तै वि.सं. २०५२ सालमा प्रकाशित 'देवयान' शोकसङ्ग्रहमा शिवभक्त शर्माले हरिप्रसाद पोखरेललाई सफल, सहृदयी र भित्रभित्रै अन्तरआत्माले अनुभव गर्न सकेर लेख्ने कवि भनेर यिनको कवित्वको प्रशंसा गरेको देखिन्छ ।

**(ग)** त्रि.वि.वि. कीर्तिपुर नेपाली विभागका उप-प्राध्यापक कृष्णहरि बरालले पनि 'खोज' कविता सङ्ग्रहको मन्तव्यमा हरिप्रसाद पोखरेललाई नेपाली साहित्यको क्षेत्रमा पनि योगदान दिन समर्थ व्यक्तिका रूपमा उल्लेख गरेको देखिन्छ ।

माथि उल्लेख गरिएका समालोचकहरूबाट हरिप्रसाद पोखरेलको कवित्वको बारेमा छिटफुट चर्चा भएको पाइन्छ । ती कुनै पनि चर्चाले हरिप्रसाद पोखरेलको समग्र व्यक्तित्वलाई समेट्न सक्दैनन् । ती चर्चाहरू मूलतः मन्तव्य दिने वा शुभकामना प्रदान गर्ने हिसाबले प्रकट भएकाले तिनमा कवि पोखरलेको कवित्व शक्तिका साथै मूल्य र

मान्यताका बारेमा खासै कुरा आएका छैनन् । यसर्थ प्रस्तुत शोधपत्रमा उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई आधार बनाएर व्यवस्थित अध्ययन गरिएको छ ।

## १.५ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता

नेपाली साहित्यको क्षेत्रमा उल्लेख्य योगदान दिएका हरिप्रसाद पोखरेलका बारेमा विभिन्न लेखकहरूले प्रकाश पारे तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा हालसम्म पनि व्यवस्थित र विस्तृत अध्ययन/विश्लेषण नभएकाले पनि प्रस्तुत शोधपत्र औचित्यपूर्ण देखिन्छ । अहिलेसम्मको कार्यमा पोखरेलका बारेमा विस्तृत एवम् व्यवस्थित अध्ययन यही शोधपत्रमा भएकाले, समस्या कथनमा उल्लेख गरिएका समस्या समाधान गरिएको हुनाले, उद्देश्य कथनमा प्रस्तुत उद्देश्य पूरा गरिएको हुनाले तथा प्राज्ञिक क्रियाकलापमा विशिष्ट योगदान दिने हुनाले पनि यस शोधकार्यको औचित्य छ ।

## १.६ शोधविधि

### क.सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्दा शोधनायकसँग प्रत्यक्ष भेटी लिखित र मौखिक अन्तर्वार्ताका माध्यमद्वारा सामग्री सङ्कलन गरिएको छ । यस बाहेक पुस्तकालय पनि सामग्री सङ्कलनको महत्त्वपूर्ण आधार बनेको छ ।

### ख.सामग्री विश्लेषण विधि

शोधपत्रसँग सम्बधित प्राप्त सामग्रीहरूलाई मूलतः विश्लेषणात्मक र अंशतः तुलनात्मक रूपमा विश्लेषण गरिएको छ ।

## १.७ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा हरिप्रसाद पोखरलेका जीवनी र व्यक्तित्वका विविध पक्षहरूको विवरणात्मक एवं विश्लेषणात्मक अध्ययन गरिएको छ । यसका साथै नेपाली कविता परम्परामा उनका कवितात्मक प्रवृत्तिको चर्चा गर्दै उनका तीन कृति ‘मान्छेको खोजी’, ‘देवयान’ र ‘खोज’ मा मात्र केन्द्रित रहेर तिनको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

१. अध्याय एकः शोधपत्रको परिचय

२. अध्याय दुईः हरिप्रसाद पोखरलेको जीवनी र व्यक्तित्व

३. अध्याय तीनः हरिप्रसाद पोखरेलको कवितायात्रा र प्रवृत्ति

४. अध्याय चारः हरिप्रसाद पोखरेलका कृतिहरूको विश्लेषण

५. अध्याय पाँचः उपसंहार

सन्दर्भग्रन्थसूची

परिशिष्ट

★★★★

# अध्याय-दुई

## हरिप्रसाद पोखरलेको जीवनी र व्यक्तित्व

### २.१ हरिप्रसाद पोखरेलको जीवनी

#### २.१.१ जन्म र जन्मस्थान

नेपालको पश्चिमाञ्चल क्षेत्रमा पर्ने तानसेन नगरपालिकाको सुन्दरगाउँ नामक स्थानमा वि.सं. २०२० चैत २२ गते हरिप्रसाद पोखरेलको जन्म भएको हो । पिता यज्ञप्रसाद पोखरेल र माता यानकुमारी पोखरेलका कान्छा सन्तान हरिप्रसाद पोखरेल हुन् । पाल्पा जिल्लाकै ताङ्गसिगल भन्ने ठाउँबाट उनका पुर्खा सात पुस्ता पहिले यस ठाउँमा आएका हुन् ।[१] तानसेन लुम्बिनी अञ्चलमा पर्ने पाल्पा जिल्लाको सदरमुकाम हो ।

#### २.१.२ बाल्यकाल

कान्छो सन्तानका रूपमा जन्मिएका हरिप्रसाद पोखरेलको बाल्यकाल सुखद् रूपमा बित्यो । उनले विशेष गरी हजुरआमा देवकुमारी पोखरेल, आमा यानकुमारी पोखरेल र बुबा यज्ञप्रसाद पोखरेलको सामीप्यमा बाल्यकाल बिताएका हुन् ।

सानैदेखि एकान्तप्रेमी हरिप्रसाद प्राकृतिक सौन्दर्यमा रमाउँथे । उनका साथी भनेकै चराचुरुङ्गी, रूखबिरुवा, खोलानाला, हिमालपहाड, आकाश आदि थिए । उनी यिनकै साथमा घन्टौं बिताउँथे । फुर्सदको समयमा एकान्त सेवन र प्रकृतिसंरक्षण नै उनको दिनचर्या हुन्थ्यो । उनी बाल्यावस्थादेखि नै मानिसले आफू र आफ्ना सन्तानलाई जस्तै चराचुरुङ्गी, जीवजन्तु र वनस्पतिलाई माया गर्नुपर्दछ भनेर सिकाउँदै हिँड्थे । सानैदेखि जीव, जगत् र जीवनसँग सम्बन्धित भएर उठेका जिज्ञासाले उनलाई योग र प्राकृतिक साधनातर्फ धकेलेको हो । समवयी केटाकेटीभन्दा भिन्न सोचाइ भएका हरिप्रसाद पोखरेलको सङ्गत त्यतिबेला पाका उमेर भएकासँग बढी हुन्थ्यो ।[२]

---

१.हरिप्रसाद पोखरेलबाट प्राप्त लिखित जानकारी ।
२.ऐजन

### २.१.३ शिक्षादीक्षा

हरिप्रसाद पोखरलेको अनौपचारिक शिक्षा आफ्नै घरबाट सुरु भएको हो । हजुरआमा देवकुमारी पोखरेल, आमा यानकुमारी पोखरेल र बुवा यज्ञप्रसाद पोखरेललाई उनी आफ्ना प्रारम्भिक शिक्षादाता बताउँछन् ।

उनको औपचारिक शिक्षा भने घरनजिकै रहेको श्री सरस्वती प्राथमिक विद्यालयबाट सुरु भयो जहाँ उनले चार कक्षासम्मको अध्ययन गरे । त्यसपछि सात कक्षासम्म पाल्पाकै श्री शारदा माध्यमिक विद्यालयमा अध्ययन गरेका उनले दश कक्षासम्मको अध्ययन चाहिँ तानसेनस्थित जनता माध्यमिक विद्यालयमा गरेका हुन् ।[३]

त्यसपछि अध्ययनका क्रममा बनारस पुगेका उनले एस्.एल्.सी. समकक्षको पूर्वमध्यमा परीक्षा सन् १९८९ मा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट उत्तीर्ण गरे । त्यसपछि सन् १९९१ मा प्रवीणता प्रमाणपत्र स्तरको इन्टरमिडिएट कोर्स माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेश भारतबाट पूरा गरे । सन् १९९४ मा भारतकै दिल्लीमा अवस्थित गान्धी स्मारक प्राकृतिक चिकित्सा समितिबाट योग एवम् प्राकृतिक चिकित्सामा स्नातक गरेका उनले आफ्नो विद्यावारिधि भने श्रीलङ्कामा गरेका हुन् । सन् १९९६ मा श्रीलङ्काको द ओपन इन्टरनेसनल युनिभर्सिटी फर कम्प्लिमेन्टरी मेडिसिनबाट उनले विद्यावारिधिको उपाधि हासिल गरेका हुन् ।[४] यसबाट पोखरेलले उच्च तहसम्मको शैक्षिक योग्यता हासिल गरेको देखिन्छ ।

### २.१.४ पारिवारिक स्थिति

यज्ञप्रसाद पोखरेल र यानकुमारी पोखरेलका कान्छो सन्तान हरिप्रसाद पोखरेल हुन् । उनका दुई दिदी र एक दाजु छन् । उनका दुई दिदीको नाम रुक्मिणी पोखरेल र मिठू पोखरेल हो भने दाजुको नाम रामप्रसाद पोखरेल हो ।[५]

हरिप्रसाद पोखरेल हालसम्म अविवाहित नै छन् । उनको विवाह गर्ने कुनै सोच पनि देखिँदैन । आजीवन ब्रह्मचारी रहने उनको विचार छ । अविवाहित र विवाहित दुवै जीवनलाई उचित ठहऱ्याउने उनी दुवै जीवन बिताउने कला चाहिँ आवश्यक मान्दछन्

---

३.ऐजन
४.ऐजन
५.ऐजन

। ब्रह्मचिन्तन, ब्रह्मसाधना र ब्रह्मसाक्षात्कारको साधनाको निम्ति उनी ब्रह्मचारी जीवनलाई श्रेष्ठ मान्दछन् । उनी अन्तरहृदय र चेतनाको स्वीकृतिमा ब्रह्मचर्यलाई अँगालेको बताउँछन् । उनको विचारमा ब्रह्मचर्य भनेको आफ्नो मूल प्रकृति अथवा अस्तित्वतर्फको यात्रा हो । यौन ऊर्जालाई रूपान्तरण गरी आफ्नो गन्तव्यसम्म पुग्नका लागि त्यस शक्तिलाई उपयोग गरेको हुनाले उनका लागि ब्रह्मचर्य सहज भएको छ । आफू ब्रह्मचारी भएकोमा उनलाई कुनै अहङ्कार र प्रशंसाको भोक नरहेको बुझिन्छ ।[६]

### २.१.५ आर्थिक अवस्था

हरिप्रसाद पोखरेल मध्यमवर्गीय परिवारमा जन्मिएका हुन् । उनको परिवारको पेसा कृषि थियो । बाबु यज्ञप्रसाद पोखरेल र आमा यानकुमारी पोखरेल दुवै श्रमजीवी कृषक थिए । आफ्नो खेतबारीमा श्रम गरेर खान पुग्ने स्थिति उनको परिवारको थियो । परोपकार र निष्काम समाजसेवा उनको समग्र परिवारको जीवनचर्या भएकाले सम्पत्ति जोड्ने अनि बढाउनेतर्फ बाबुआमा दुबैको सोच थिएन । अर्थात् आर्थिक दृष्टिले परिवारको जीवनलाई सम्पन्न एवम् वैभवशाली बनाउनेतर्फ उनीहरूको ध्यान गएन । कृषि व्यवसायबाट जे जति बचत हुन्थ्यो त्यो पनि समाजसेवामा नै खर्च हुन्थ्यो ।[७]

यही पारिवारिक पृष्ठभूमिले उनलाई जीवन र जगत्‌को साधना र सेवामा अगाडि बढ्ने प्रेरणा मिलेको हो । सादा जीवन र उच्च विचार लिई अगाडि बढेको हुनाले उनलाई हालसम्म कत्ति पनि ऋण खोज्नु परेको छैन । चिकित्सा सेवा, शिक्षण सेवा, लेखन आदि क्षेत्रमा उनी निःस्वार्थ भावले लागेका छन् । आर्थिक रूपले सम्पन्न एवम् ऐयासी जीवन बिताउने उनको लक्ष्य देखिँदैन । उनले आफ्नो लक्ष्य जीव, जीवन र जगत्‌को कल्याणलाई बनाएका छन् । त्यसै हुनाले उनले आफ्नो श्रम, सीप र कमाइ पनि यही क्षेत्रमा लगाएका छन् ।

---

६.ऐजन

७.ऐजन

### २.१.६ व्यक्तिगत रुचि र स्वभाव

हरिप्रसाद पोखरेल बाल्यावस्थादेखि नै एकान्तप्रेमी थिए । जीवजन्तु र वनस्पति दुवैको संरक्षणमा उनी जोड दिन्थे । प्रकृतिका सबै कृतिलाई मानिसलाई जस्तै माया गर्नुपर्दछ भन्ने उनको सोच थियो । बाल्यकालदेखि नै उनी भित्र म को हुँ ? जन्मअगि म कहाँ थिएँ ? मृत्युपछि कहाँ जानेछु ? जन्म र मृत्युको बीचमा मैले के गर्नु  पर्छ ? मैले देखेको संसार के हो ? जस्ता जिज्ञासा  उत्पन्न हुन्थे ।[८] यी जिज्ञासाको समाधान गर्न उनी सम्बन्धित व्यक्ति एवम् पुस्तकहरूको अध्ययन पनि गर्दथे । यिनै जिज्ञासाले उनलाई योग र प्राकृतिक साधनातर्फ लाग्न प्रेरित गरेको हो । यसैबाट प्रभावित भएर उनले जीव र जगत्को अस्तित्वको संरक्षणमा जोड दिने निश्चय गरे । जगत् र जीवको महत्त्वको बोधले गर्दा नै उनी सानैदेखि एकान्तप्रेमी, प्रकृतिप्रेमी र शान्त स्वभावका थिए । यसैले गर्दा उनी सिकारी प्रवृत्ति एवम् मांसाहारी प्रवृत्तिका सधैं विरोधी रहे । चराचुरुङ्गी, वनस्पति र जीवजन्तुलाई समानरूपले माया गर्ने हरिप्रसाद तिनको संरक्षणमा पनि उत्तिकै जोड दिन्छन् । उनी मानिस, जीवजन्तु, वनस्पति र पञ्चमहाभूतको पीडालाई नै आफ्नो पीडा ठान्छन् । त्यसैले उनी तिनको संरक्षणमा आफ्नो सीप, श्रम र प्रविधिको उपयोगमा निरन्तर लागिरहेका छन् । प्रकृतिकै समीपमा रमाउने हरिप्रसाद अझै पनि प्रकृतिको नजिक रहेर घन्टौं समय बिताउन चाहन्छन् । बाल्यकालदेखिको रुचि र स्वभावमा हालसम्म तात्त्विक फरक आएको छैन भन्ने उनको धारणा छ ।

### २.१.७ साहित्यिक प्रेरणा र प्रभाव

हरिप्रसाद पोखरेल साहित्य क्षेत्रमा साधनारत व्यक्ति हुन् । उनले कविता, कथा, गीत, निबन्ध आदि विविध क्षेत्रमा कलम चलाएको देखिन्छ । बाल्यकालदेखि नै उनले साहित्यिक क्षेत्रमा कलम चलाउन सुरु गरेका हुन् । साहित्यका विविध विधामध्ये उनको बढी लगाव कवितामा देखिन्छ । कविताकै माध्यमद्वारा उनी नेपाली साहित्यमा विशेष परिचित भएका छन् । उनको कविता लेखनले हालसम्म पनि निरन्तरता पाएको देखिन्छ । अतः नेपाली साहित्यमा उनले प्रदान गरेको विशेष योगदानको क्षेत्र कविता विधा नै हो भन्न सकिन्छ ।

---

८.ऐजन

साहित्यको मात्र नभई आफ्नो सम्पूर्ण क्षेत्रको प्रेरणाको स्रोत उनी जीव, जगत् र जगदीश्वरलाई मान्दछन् ।[९] उनले आफ्ना साहित्यिक सिर्जनाहरूलाई पनि यिनकै सेरोफेरोमा केन्द्रित गरेको देखिन्छ । आफू साहित्यकार वा कवि हुनका लागि सिर्जना नगरेको बताउने उनी व्यक्ति विशेषबाट प्रेरणा लिएर यस क्षेत्रमा लागेका होइनन् तैपनि उनले कविताका क्षेत्रमा राम्रै ख्याति आर्जन गरेका छन् । उनको कवित्वको प्रशंसा नेपाली र भारतीय दुवै थरी विद्वान्हरूले गरेबाट पनि यस कुराको पुष्टि हुन्छ ।

### २.१.८ पोखरेलका साहित्यिक कृतिहरू

विद्यार्थीकालदेखि नै सृजनात्मक लेखनतर्फ लागेका पोखरेलका सिर्जनाहरू विभिन्न पत्रिकामा प्रकाशित देखिन्छन् । उनले कविताबाहेक अन्य विधाका साहित्यिक सिर्जनाहरूलाई पुस्तकाकार कृतिका रूपमा प्रकाशित गरेको देखिँदैन । कविता विधामा भने उनका चारवटा कृति प्रकाशित छन् । तीन कवितासङ्ग्रह नेपाली भाषामा प्रकाशित छन् भने हिन्दी भाषामा पनि उनको एउटा कविता सङ्ग्रह प्रकाशित छ । उनले एक बालगीतसङ्ग्रह पनि प्रकाशन गरेका छन्, प्रकाशित कृतिहरूको विवरण यसप्रकार छ :

| **क्र. सं.** | **कृति** | **प्रकाशन मिति** |
|---|---|---|
| १ | मान्छेको खोजी | वि.सं. २०५० |
| २. | देवयान | वि.सं. २०५२ |
| ३. | खोज | वि.सं. २०५७ |
| ४. | उठो (हिन्दी भाषामा) | सन् २००३ |
| ५. | गीतमाला | वि.सं. २०६४ |

९.ऐजन

### २.१.९ सम्मान तथा पुरस्कार

हरिप्रसाद पोखरेल आफूले गरेको सेवा र योगदानका कारण राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मानित एवम् पुरस्कृत पनि भएका छन् । उनको सेवा तथा योग्यताको कदर गर्दै विभिन्न संघसंस्थाहरूले विविध उपाधिद्वारा उनलाई गरेको सम्मान आदिको विवरण यसप्रकार छ :

| **क्र. सं.** | **संघ/संस्था** | **सम्मान/पुरस्कार** |
|---|---|---|
| १. | देवयोग अन्तर्राष्ट्रिय योग केन्द्र, कानपुर, भारत | प्रकृतिश्रीपुत्र (२०४७/०९/२०) |
| २. | हेल्थ केयर स्कुल, पटना, भारत | डिप्लोमा फर वडी केयर मानार्थ, (२०४९/०९/०१) |
| ३. | इन्डियन बोर्ड अफ अल्टरनेटिभ मेडिसिन, कलकत्ता, भारत | डिप्लोमा इन मेडिसिनल हर्वल साइन्स (मानार्थ) (२०४९/१२/२५) |
| ४. | इन्डियन बोर्ड अफ अल्टरनेटिभ मेडिसिन, कलकत्ता, भारत | स्वर्णपदक (२०५०/०८/१६) |
| ५. | प्राकृतिक स्वास्थ्य एवम् पर्यावरण संस्थान पटना, भारत | प्रकृति शिरोमणि (२०५१/१०/०१) |
| ६. | इन्डियन फाउन्डेसन अफ अल्टरनेटिभ मेडिसिन, भारत | डिप्लोमा इन मेडिसिनल सिस्टम अफ मेडिसिन (मानार्थ) (२०५२/०१/२६) |
| ७. | वैदिक धर्म परिषद् (नेपाल) | धर्मसेवा शिरोमणि (२०५२/११/२३) |
| ८. | पञ्चमहाभूत सेवा प्रतिष्ठान, मद्रास, भारत | पञ्च महाभूत सेवा श्री (२०५३/१०/०१) |
| ९. | कञ्चन सहाय मेमोरियल महिला प्रशिक्षण केन्द्र, पटना, भारत | विद्यारत्न (२०५३/०६/१३) |
| १०. | इन्डियन एकेडेमी अफ एक्युप्रेसर | डिप्लोमा फर एक्युप्रेसर मानार्थ |

| | | |
|---|---|---|
| | साइन्स, इन्दौर, भारत | (२०५४/०९/१७) |
| ११. | मेडिसिना अल्टरनेटिभ इन्स्टिच्युट, श्रीलङ्का | डक्टर अफ साइन्स मानार्थ (२०५४/०९/१७) |
| १२. | इन्डियन फाउन्डेसन अफ अल्टरनेटिभ मेडिसिन | स्वर्णपदक (२०५५/०१/२७) |
| १३. | भूतपूर्व सैनिक प्रतिष्ठान नेपाल | प्रकृति तीर्थ सम्मान (२०५६/०६/१५) |
| १४. | राष्ट्रिय गौरव युवा सम्मान समिति, अन्तराष्ट्रिय मञ्च, काठमाडौँ, नेपाल | राष्ट्रिय गौरव युवा सम्मान (२०५६/०८/२०) |
| १५. | इन्टरनेसनल एसोसियएन अफ एजुकेटर्स फर वर्ल्ड पिस, एन् एफिलिएटेड अफ युनाइटेड नेसन | वर्ल्ड २००० मिलेनियम अवार्ड (२०५६/११/०१) |
| १६. | विश्व सनातन धर्म एकता महासंघ, नेपाल | सन्त सम्मान (२०५६/१२/३०) |
| १७. | गान्धी स्मारक प्राकृतिक चिकित्सा समिति, नयाँ दिल्ली, भारत | स्वर्ण पदक (२०५६) |
| १८. | राष्ट्रिय विकास तथा सम्मान केन्द्र, नेपाल | वरिष्ठ राष्ट्रिय व्यक्तित्व सम्मान (२०५७/०९/१५) |
| १९. | नूरगङ्गा प्रतिभा पुरस्कार गुठी, नेपाल | नूरगङ्गा संस्कृति प्रतिभा पुरस्कार (२०५७) |
| २०. | रोटरी क्लब, काठमाडौँ, नेपाल | वरिष्ठ राष्ट्रिय व्यक्तित्व सम्मान (२०५८/०१/१२) |
| २१. | महेन्द्र संस्कृत विश्वविद्यालय, नेपाल | वासुदेव ढकाल गोरखनाथ पुरस्कार २०५८ (२०६०/०२/०२) |
| २२. | नागरिक सम्मान समिति, लमजुङ, नेपाल | योग शिरोमणि सम्मान (२०६०/०९/३०) |
| २३. | सर्वोदय सेवाश्रम, लमजुङ, नेपाल | भू दानवीर सम्मान |

| | | |
|---|---|---|
| | | (२०६०/१०/०१) |
| २४. | युनिभर्सल पिस फाउन्डेसन, इन्टररिलिजियस एन्ड इन्टरनेसनल फेडरेसन फर वर्ल्ड पिस, नेपाल | एम्बेसडर अफ पिस (२०६३/०३/२८) |
| २५. | ज्यो. कीर्तिब्रह्मानन्द जोशी स्मृति सम्मान समिति, अन्तर्राष्ट्रिय ज्यौतिष सम्मेलन | ज्यो. कीर्ति ब्रह्मानन्द जोशी स्मृति सम्मान (२०६३/१२/२१) |
| २६. | श्री मातृभूमि सेवा संघ नेपाल | डा. विहारीलाल श्रेष्ठ राष्ट्र सेवा पुरस्कार (२०६४/०१/१२) |
| २७. | नेपाल आयुर्वेदिक संस्थान, नेपाल | वैद्यराज उपाधि/ सम्मान (२०६५/०७/२५) |
| २८. | जे.पी. प्रतिष्ठान, काठमाडौँ, नेपाल | सम्मान/ अभिनन्दन २०६५ |

## २.२. हरिप्रसाद पोखरेलको व्यक्तित्व

### २.२.१ व्यक्तित्वका पाटाहरू

कुनै पनि व्यक्तिको व्यक्तित्व उसको जीवनको आरोह-अवरोह, क्रिया-प्रतिक्रिया, जीवन भोगाइ, कार्यप्रतिको लगनशीलता, रुचि-अरुचि आदि विविध कुरामा निर्भर हुन्छ । त्यस्तै उसको व्यक्तित्व निर्माणमा पारिवारिक, सामाजिक, बौद्धिक, आर्थिक पृष्ठभूमि एवम् जीवन-जगत्प्रतिको सोचाइले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षादीक्षा, पेसा, उद्देश्य, लगाव आदि पनि व्यक्तित्व निर्माणका कारक बन्न सक्छन् । यी कुराहरूलाई आधार मान्दा हरिप्रसाद पोखरेलको व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### २.२.२ बाह्य व्यक्तित्व

झलक्क हेर्दा हरिप्रसाद पोखरेल आकर्षक व्यक्तित्वका धनी देखिन्छन् । शान्त एवम् सरल स्वभाव, बालकको जस्तो तोते मिठो बोली एवम् गम्भीर मुद्रालाई पनि उनको शारीरिक

व्यक्तित्वअन्तर्गत समेट्न सकिन्छ । पाँच फिट चार इन्च उचाइ र चौसट्ठी के.जी. ( हाल) वजन भएका हरिप्रसाद न होचो न अग्लो र न मोटो न दुब्लो आकृति भएका देखिन्छन् । गहुँगोरो वर्ण, मिलेको निधार, पुष्ट छाती, लाम्चो नाक कालो कपाल र दाह्री पालेका हरिप्रसाद युवा योगी जस्ता देखिन्छन् । शिरदेखि पैतालासम्म सेतो परिहरमा देखिने हरिप्रसाद पोरखेलको बाह्य व्यक्तित्व आकर्षक देखिन्छ ।

### २.२.३ आन्तरिक व्यक्तित्व

हरिप्रसाद पोखरेलको आन्तरिक व्यक्तित्वलाई निम्नानुसार विभाजन गरी अध्ययन गरिएको छः

#### २.२.३.१ साहित्यकार व्यक्तित्व

**क) कवि व्यक्तित्व**

वि.सं. २०३६ सालदेखि कविता प्रकाशन गर्न थालेका हरिप्रसाद पोखरेलको कवितायात्रा हालसम्म पनि चलायमान छ । कविताद्वारा नै नेपाली साहित्यमा विशेष परिचित भएका उनको सफल साहित्यिक विधा पनि कविता नै देखिन्छ । नेपाली र हिन्दी दुवै भाषामा कविता लेखेर उनले बहुभाषिक कवित्वको पनि परिचय दिएका छन् । विशेषतः उनले लघु आयाम भएका कवितामा बढी कलम चलाएको देखिन्छ । उनका कविताहरू विभिन्न पत्रपत्रिकामा प्रशस्त मात्रामा प्रकाशित भइसकेका पनि छन् । **वास्तविक हाँसो**, **लाहुरे**, **यात्रा घण्टाघरदेखि पीपलबोटसम्म, आजको मान्छे** जस्ता उनका उल्लेख्य फुटकर कविता हुन् । उनले फुटकर रूपमा मात्र नभई पुस्तकाकार रूपमा समेत आफ्ना कविताहरू प्रकाशन गरिसकेका छन् । तीनवटा नेपाली भाषामा र एउटा हिन्दी भाषामा गरी उनका चारवटा कवितासङ्ग्रह प्रकाशित छन् । प्रकृतिप्रेम, प्रकृतिचित्रण, राष्ट्रवाद, अध्यात्मवाद, मानवतावाद, जातीय विभेद आदि विषयलाई आधार बनाएर उनका कविताहरू सृजित भएका देखिन्छन् । **मान्छेको खोजी** (वि.सं. २०५०), **देवयान** ( वि.सं. २०५२), **खोज** (वि.सं. २०५७) उनका नेपाली भाषामा लेखिएका कवितासङ्ग्रह हुन् । **उठो** (सन् २००३) उनको हिन्दी भाषामा लेखिएको कवितासङ्ग्रह हो । यी आधारबाट हेर्दा हरिप्रसाद पोखरेललाई कवि प्रतिभा भएका व्यक्तिका रूपमा लिन सकिन्छ ।

**ख) गीतकार व्यक्तित्व**

हरिप्रसाद पोखरेल गीतकार पनि हुन् । गीतकारका रूपमा पनि उनी नेपाली साहित्यमा परिचित छन् ।[१०] उनको गीतलेखनयात्रा पनि चलायमान नै देखिन्छ । हालसालै उनको गीतमाला नामक बालगीतहरूको सङ्ग्रह प्रकाशित छ । एकचालीसवटा गीतहरू सङ्कलित प्रस्तुत सङ्ग्रहमा बालबालिकाहरूलाई प्रकृति, योग एवं जीवनको महत्त्वबारे सरल भाषाद्वारा बुझाउन खोजिएको छ । उनको **खान्न बाबा खान्न आमा** नामक गीति क्यासेट पनि बजारमा उपलब्ध देखिन्छ । उनका कतिपय गीतहरू सङ्गीतबद्ध भइसकेका छन् । यी आधारबाट उनलाई गीतकारका रूपमा पनि हेर्न सकिन्छ ।

**ग) निबन्धकार व्यक्तित्व**

निबन्ध लेखनमा पनि हरिप्रसाद पोखरेलको अभिरुचि देखिन्छ । उनको निबन्धकारिताको प्रशंसा पनि गरिएको देखिन्छ ।[११] विद्यार्थीकालदेखि नै निबन्धलेखन सुरु गरेका हरिप्रसाद पोखरेलको यो कार्यले अझैसम्म पनि निरन्तरता पाइरहेको छ । पुस्तकाकार रूपमा उनको निबन्धसङ्ग्रह प्रकाशित नभए तापनि पत्रपत्रिकामा भने उनका पर्याप्त निबन्धहरू प्रकाशित छन् । 'भानुभक्त' देखि निबन्ध लेख्न सुरु गरेका उनका पछिल्ला निबन्धहरू भने प्रकृति, योग, स्वास्थ्य, जीवनशैली, संस्कृति एवम् धर्मसम्बन्धी विषयमा बढी केन्द्रित देखिन्छन् । उनको साधनाको क्षेत्र जीवन र जगत्को सेरोफेरोमा नै आफ्नो निबन्ध लेखनलाई उनले केन्द्रित गरेको बुझिन्छ ।

**घ) कथाकार व्यक्तित्व**

हरिप्रसाद पोखरेललाई कथाकारका रूपमा पनि परिचित गराउन सकिन्छ यद्यपि उनको कथाकारिता कविताजस्तो नियमित एवम् विस्तृत छैन । कथालेखनमा थोरै मात्र कलम चलाए पनि उनलाई कथाकारका रूपमा भने लिइएको देखिन्छ ।[१२] उनका कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् तापनि सङ्ग्रहका रूपमा आएका देखिँदैनन् । **दिव्यसुन्दरता, सभ्यता, पेट र हृदय** उनका उल्लेख्य कथाहरू हुन् । यसर्थ उनको व्यक्तित्वका विविध पाटाहरूमध्ये कथाकार व्यक्तित्व पनि एक हो ।

---

१०.ठाकुर विरही, 'डा. पोखरेल गीतकारका रूपमा', **तरूण**,( २०५४ भदौ २ ) पृ.१
११.चेतनाथ धमला, 'सिर्जनाको कुनै मूल्याङ्कन हुँदैन', **नेपाल जागरण**, (२०५८ फागुन) पृ.२
१२.ऐजन

**ङ) सम्पादक व्यक्तित्व**

हरिप्रसाद पोखरेल एक सफल सम्पादक पनि हुन् ।[१३] उनले विभिन्न पत्रिका र पुस्तकको सम्पादन गरेको देखिन्छ । '**जीवन**', '**आदिवासी दनुवार**' र '**वेदको सोमरस तथा जाँडरक्सीको इतिहास**' उनीद्वारा सम्पादित कृतिहरू हुन् । कवि व्यक्तित्वलाई जस्तै उनले सम्पादक व्यक्तित्वलाई पनि निरन्तरता दिइरहेको बुझिन्छ । हाल उनी "अन्तर्राष्ट्रिय मञ्च" नामक पत्रिकाको स्वास्थ्य सन्देशमा सम्पादकका रूपमा कार्यरत छन् । उनले अर्द्धवार्षिक पत्रिका 'धर्मोदय' मा पनि प्रधान सम्पादक भई काम गरिसकेका छन् । यसबाट पनि उनलाई सम्पादक व्यक्तित्वका रूपमा परिचित गराउन सकिन्छ ।

## २.२.२ साहित्येतर व्यक्तित्व

**क) सामाजिक व्यक्तित्व**

हरिप्रसाद पोखरेलको सामाजिक व्यक्तित्वको सुरुवात बाल्यावस्थादेखि नै भएको हो । मानव मात्रको सेवा गर्नु उनको विचारमा सामाजिक धारणा होइन । मान्छे, पशुपक्षी, वनस्पति, जलवायु, पञ्चमहाभूत आदिको समुदायलाई उनी एक पूर्ण समाज मान्दछन् । वास्तविक समाजसेवीले यिनकै अस्तित्वमा जोड दिनु पर्ने उनी बताउँछन् । जात-जाति, रूपरङ्ग, धर्म-सम्प्रदाय, रीति-रिवाज, राज-काज आदिले जन्माएको वर्ग विभाजनबाट समाजसेवीको व्यक्तित्व माथि उठेको हुनुपर्दछ अनि मात्र कुनै पनि समाजसेवीले निष्पक्ष रहेर समाजसेवा गर्न सक्ने मान्यता उनी राख्छन् ।[१४] जीव र जगत्को कल्याणलाई समाजसेवाको क्षेत्र बनाएका हरिप्रसादले योग, चिकित्सा, शिक्षण, लेखन, व्याख्यान आदि क्रियाकलापलाई निःस्वार्थ भावले तिनकै कल्याणका निम्ति प्रयोग गरेका छन् । यिनै कारणका आधारमा हरिप्रसाद पोखरेललाई निःस्वार्थी समाजसेवीको संज्ञा दिन सकिन्छ ।

**ख) पत्रकार व्यक्तित्व**

हरिप्रसाद पोखरेलले विभिन्न पत्रिकामा विभिन्न पदमा बसी काम गरेका छन् । भित्ते पत्रिकादेखि राष्ट्रिय स्तरका पत्रिका समेतमा उनले काम गरेको देखिन्छ । उनले

१३.हरिप्रसाद पोखरेलबाट प्राप्त लिखित जानकारी ।
१४.ऐजन

रेडियो, एफ.एम., टेलिभिजन आदि विद्युतीय सञ्चार माध्यममा पनि काम गरेका छन् ।[१५] उनले तरूण राष्ट्रिय साप्ताहिक पत्रिकामा स्वास्थ्यस्तम्भकार र विज्ञानपत्रकारका रूपमा त्यस्तै कर्मयोग, प्राकृतिक स्वास्थ्य विज्ञान आदि पत्रिकामा सल्लाहकारका रूपमा, स्वास्थ्य सन्देश पत्रिकामा सम्पादक आदिका रूपमा रहेर काम गरिसकेको बुझिन्छ । उनी साहित्यिक पत्रकार संघ काठमाडौँका आजीवन सदस्य पनि हुन् । सूचना विभाग अन्तर्गत उनी मिति २०६०/१२/१६ देखि स्वतन्त्र पत्रकारका रूपमा पनि कार्यरत छन् । यसर्थ पत्रकारिता क्षेत्रमा पनि उनको उल्लेख्य सहभागिता रहेको देखिन्छ ।

### ग) शिक्षक व्यक्तित्व

हरिप्रसाद पोखरेलको उल्लेख्य व्यक्तित्वमध्ये शिक्षक व्यक्तित्व पनि एक हो । योग तथा प्राकृतिक चिकित्सा सम्बन्धी विषयमा विद्यावारिधिसम्म अध्ययन गरेका पोखरेल यिनै विषयसँग सम्बन्धित रहेर शिक्षण सेवामा कार्यरत छन् । उनले यस क्षेत्रमा कार्य गरेको दस वर्षभन्दा बढी समय व्यतीत भइसकेको देखिन्छ । प्राकृतिक चिकित्सा विषयका उनी प्रथम शिक्षक पनि हुन् । हाल उनी त्रिभुवन विश्वविद्यालयमा २०५६ देखि र नेपाल संस्कृत विश्वविद्यालयमा २०५९ देखि प्राकृतिक चिकित्सा विषयका शिक्षकका रूपमा कार्यरत छन् ।[१६]

### घ) बहुभाषी व्यक्तित्व

हरिप्रसाद पोखरेलको मातृभाषा नेपाली हो । उनको नेपाली भाषामा योग तथा प्राकृतिक चिकित्सा विषयसँग सम्बन्धित अनेक लेख तथा ग्रन्थ प्रकाशित छन् । त्यस्तै साहित्यिक विधा अन्तर्गत कथा, निबन्ध, कविता आदि पनि प्रकाशित छन् । उनको नेपाली भाषामा राम्रो दख्खल देखिन्छ । यसका अतिरिक्त हिन्दी र अङ्ग्रेजी भाषाका पनि उनी कुशल ज्ञाता हुन् । उनले आफ्नो अध्ययनका क्रममा हिन्दी र अङ्ग्रेजी भाषामा पनि दक्षता हासिल गरेको देखिन्छ । हिन्दी भाषामा त उनका विविध लेख एवम् कविताहरू पनि प्रकाशित छन् । उनले आफ्ना कवितामा संस्कृत भाषाको पूरै वाक्यको समेत प्रयोग गरेको देखिन्छ तापनि उनी आफूलाई संस्कृत भाषाको ज्ञाता भने नभएको बताउँछन् ।

---

१५.ऐजन
१६.ऐजन

### २.२.२ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तःसम्बन्ध

हरिप्रसाद पोखरेल कृषक परिवारमा जन्मिएका व्यक्ति हुन् । उनमा गहिरो प्रकृतिप्रेम छ । प्रकृतिप्रेमी हुनाले उनी सानैदेखि प्राकृतिक रहस्यको खोजीमा उत्सुक हुन्थे । जीव, जगत् र जीवनसँग सम्बन्धित जिज्ञासाले बिस्तार बिस्तार उनलाई योग तथा प्राकृतिक चिकित्सातिर उन्मुख गराएको बुझिन्छ । मान्छे, पशुपक्षी, वनस्पति, जलवायु र पञ्चमहाभूतको संरक्षण नै जीवनको महत्त्वपूर्ण पक्ष भएको महसुस गरी यिनकै कल्याणका निम्ति उनले आफ्नो जीवनको श्रम, सीप र साधनालाई उपयोग गर्दै आएका छन् । यसै कारणले गर्दा उनले आफ्नो कार्यक्षेत्रको परिधि पनि यिनकै सेरोफेरोमा केन्द्रित गरे । योग, चिकित्सा, शिक्षण, लेखन, व्याख्यान, समाजसेवा एवम् साहित्यिक सिर्जनासँग सम्बन्धित उनको व्यक्तित्व पनि जीव, जगत् र जीवनको कल्याण हेतु नै अग्रसर देखिन्छ । केवल जीवनी, व्यक्तित्व र साहित्यिक लेखन मात्र नभई उनका हरेक क्रियाकलाप यिनैसँग प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा सम्बन्धित देख्न सकिन्छ । जीव, जगत् र जगदीश्वर नै उनका कविता लेखनका विशेष स्रोत हुन् ।[१७] उनी आफ्नो जीवनी, व्यक्तित्व र साहित्यिक सिर्जनाबीच कुनै तात्त्विक भिन्नता देख्दैनन् । एउटा पूर्ण समाज निर्माण हुनका लागि केवल मानिसको हुल जम्मा भएर हुँदैन, यसमा पशुपक्षी, वनस्पति, जलवायु र पञ्चमहाभूतको पनि मेल हुनु पर्दछ भन्ने मान्यता राख्ने हुनाले उनको साहित्यिक लेखन पनि तिनैसँग अन्तःसम्बन्धित देखिन्छन् । मानवतावाद, अध्यात्मवाद, प्रकृतिप्रेम, प्रकृतिचित्रण, प्रेम जस्ता कुराहरू उनका साहित्यिक सिर्जनाका उल्लेख्य पक्ष हुन् । यी कुराहरूलाई उनले जीव र जगत्को परिपूरकका रूपमा उल्लेख गरेको देखिन्छ । यी आधारबाट हेर्दा हरिप्रसाद पोखरेलको जीवनी, व्यक्तित्व र साहित्यिक लेखन एक-अर्कासँग अन्योन्याश्रित भएर आएका छन् भन्न सकिन्छ ।

★★★★

१७ ऐजन

## अध्याय-तीन

## हरिप्रसाद पोखरेलको कवितायात्रा र प्रवृत्ति

### ३.१ नेपाली कविताको पृष्ठभूमि

प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल नेपाली कविता परम्पराका प्रमुख काल विभाजनका रूपमा रहेका छन् । आधुनिक कालको आगमन नेपाली कवितामा वीरधारा र शृङ्गारिक धारापछि भएको हो । माध्यमिक कालीन कविताबाट भाव, भाषा र शैलीगत परिष्कार हुँदै आधुनिक नेपाली कविताको सुरुवात भएको मानिन्छ ।[१८] परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रयोगवादी धारा र समसामयिक धारा आधुनिक नेपाली कवितामा देखिएका प्रमुख धारा हुन् । नेपाली कवितामा प्रयोगवादी धारापछि देखिएको धारालाई समसामयिक धारा मानिएको छ । वि.सं. २०३६ सालदेखि सुरु भएको यो धारा हालसम्म पनि चलायमान छ । कसैले यसलाई नवलेखन, युवालेखन वा नवप्रगतिवादी धारा पनि भनेका छन् ।

वास्तवमा प्रयोगवादी धाराको परिष्कार स्वरूप समसामयिक धाराको आगमन भएको लेखकहरू बताउँछन् । क्लिष्टता, दुरुहता, असंप्रेषणीयता एवम् नबुझिने र नआर्थिने कविताबाट पाठकलाई राहत दिँदै समसामयिक धाराको आविर्भाव भएको हो । यस धारा अन्तर्गतका कविहरूले विशेष गरी कविताको भाषाशैली, भावविचार, लय, बिम्बप्रतीक, कथन र संरचनाप्रति सचेत हुँदै कवितालाई बोधगम्य बनाउने प्रयास गरेका छन् । प्रयोगवादी धाराको परिष्कार स्वरूप समसामयिक धाराको सुरुवात भएको मानिए तापनि यस धाराअन्तर्गत परिष्कारवादी, स्वच्छन्दतावादी, प्रयोगवादी एवम् शृङ्गारिक सबै खाले प्रवृत्ति पनि देखा परेका छन् । अर्थात् शृङ्गारिक, परिष्कारवादी, स्वच्छन्दतावादी एवम् प्रयोगवादी सबै खाले प्रवृत्ति समसामयिक धाराले बोकेको छ ।

वि.सं. २०३६ सालदेखि सुरु भएको समसामयिक धारासँगै नेपाली कविता साहित्यमा हरिप्रसाद पोखरेलको आगमन भएको देखिन्छ । लघु आयाम भएका कविताद्वारा आफ्नो कविता-यात्रा सुरु गरेका हरिप्रसाद पोखरेलका हालसम्म सयौं फुटकर कविताहरू प्रकाशित भइसकेका छन् । यसबाहेक  उनका तीन कवितासङ्ग्रह पनि प्रकाशित देखिन्छ । हिन्दी भाषामा पनि उनको एक कविता-सङ्ग्रह प्रकाशित छ ।

---

१८. त्रिपाठी, वासुदेव र अरु, नेपाली कविता ( भाग ४ ) ( पुलचोक : साझा प्रकाशन, २०४८ ) पृ.११३

साहित्यका अन्य विधामा पनि कलम चलाएका पोखरेलको कवितायात्रा चाहिँ बढी सफल देखिन्छ ।

## ३.२ पोखरेलको कवितायात्रा

साहित्ययात्राको प्रसङ्गमा कुनै पनि सर्जकको प्रथम प्रकाशित रचनादेखि उसको आधिकारिक साहित्यिक यात्राको सुरुवात भएको मानिन्छ । यात्राको सुरुको अवस्था र त्यसपछिका अवस्थामा क्रमशः परिवर्तनका लक्षणहरू देखापर्नु पनि स्वाभाविक हो । प्रारम्भिक अवस्थाबाट अगाडि बढ्दा सर्जकको भाषा, शैली, प्रवृत्ति, चिन्तन, दर्शन आदिमा परिवर्तन वा परिष्कार पनि हुने गर्दछ । कविताका सन्दर्भमा खास गरेर प्रवृत्तिगत परिवर्तन, कवितात्मक परिणाम, गुणस्तर, भाषाशैली, आयामगत परिवर्तन, जीवनलाई हेर्ने दृष्टिकोण आदिलाई लिएर कवितायात्राको चरण विभाजन गरिएको पाइन्छ । कविता साधनामा हालसम्म तीस वर्ष जति समय बिताइसकेका हरिप्रसाद पोखरेलका विषय एवम् प्रवृत्तिगत विविधता, रचनागत परिणामका साथै गुणस्तर र जीवनदृष्टिलाई आधार मानेर यस शोधपत्रमा उनको कविताका बारे अध्ययन गरिएको छ । अध्ययन गर्ने क्रममा उनका उपलब्ध प्रकाशित कविताका आधारमा उनको कवितायात्रालाई दुई चरणमा विभाजन गरिएको छ । उक्त दुई चरणको अध्ययन निम्नानुसार गरिएको छ :

### ३.२.१ प्रथम चरण (सुरुदेखि वि.सं. २०४९ सम्म)

प्रस्तुत चरण हरिप्रसाद पोखरेलको कवितायात्राको प्रारम्भिक चरण हो । यहीँबाट उनको औपचारिक रूपमा कवितायात्राको सुरुवात हुन्छ । वि.स. २०३६ सालमा उनको पहिलो कविता प्रकाशित भयो । 'लुम्बिनी दूत' नामक पत्रिकामा प्रकाशित उनको पहिलो कविता **भाइटीका** थियो । हिन्दू समाजमा दिदी भाइको सम्बन्धलाई पवित्र मानिन्छ । तिहार दिदीबहिनी र दाजुभाइको एक महान् पर्व हो । यही तिहारको भाइटीकाको प्रसङ्गलाई कविले आफ्नो सुरुको कविताद्वारा अभिव्यक्त गरेको देखिन्छ । भाइको प्रतीक्षामा रहेकी दिदीका मनका बहलाई कविले सरल शैलीमा उक्त कवितामा अभिव्यक्त गरेको देखिन्छ । भाषा र भावको सहज समन्वय उक्त कवितामा देखिन्छ, जस्तै :

*भाइ तिमी आऊ छिट्टै आऊ*
*आजको दिन केवल दिन होइन*
*भाइ र दिदी बीचको एउटा*
*ज्वाज्वल्यमान संसार हो ।*
*के बुझेनौ भाइ यति पनि ?*
*र तिम्रा खुट्टा लम्केनन् यता,*
*के सम्झन सकेनौं ?*
*दिदी कसरी तडपी तडपी*
*तिम्रै प्रतीक्षा गरिरहेकी छ भनेर ।*

सरल गद्यात्मक शैलीमा लेखिएको उनको यस कवितापछि वि.सं. २०४० सालसम्म उनका कविता विभिन्न पत्रिकामा प्रकाशित भए तापनि हाल उपलब्ध छैनन् । कविता लेखन र प्रकाशनमा चाहिँ निरन्तरता भएको हरिप्रसाद बताउँछन् ।

वि.सं. २०४१ सालमा 'पर्व' नामक साहित्यिक पत्रिकामा उनका लघु र लघुतम आयाम भएका कविता प्रकाशित देखिन्छन् । **त्यो मृतक प्रति**, **वास्तविक हाँसो**, **निर्णय उसैको**, **आदि अन्त्य** र **नियति** उनका लघुतम कविता हुन् । यी कविता २०४१ साल पौष २५ गतेको साप्ताहिक पत्रिका पर्वमा एक साथ प्रकाशित भएका हुन् । उनले आफ्ना मनमा उठेका क्षणिक भावलाई सरल भाषामा यी लघुतम कवितामा व्यक्त गरेका छन् । भावलाई शब्दले सहज एवम् स्वाभाविक रूपमा व्यक्त गरेको देखिन्छ, जस्तै:

*दाँत हाँसेर आत्मा हाँस्ने भए*
*म पनि मजासँग हँसाइदिने थिएँ*
*यी हड्डीका टुक्राहरूलाई ।*

('वास्तविक हाँसो' कविताबाट)

लघुतम कविता भए पनि उनका कविता गम्भीर भाव व्यक्त गर्न सक्षम देखिन्छन् । **आवश्यकता मालीको** र **दुई टुक्रा** चाहिँ लघु आयाम भएका कविता हुन् र यी दुवै कविता साप्ताहिक पत्रिका पर्वमा क्रमशः २०४१ माघ १८ र २०४१ चैत २० गते प्रकाशित भएका हुन् ।

**आवश्यकता मालीको** यस कवितामा कविले एकसाथ प्रकृतिप्रेम र राष्ट्रप्रेमलाई अभिव्यक्त गरेका छन् । **दुई टुक्रा**मा चाहिँ मानवतावादी भाव प्रकट भएको छ ।

त्यस्तै वि.स. २०४२ सालको चेतना साप्ताहिक पत्रिकामा उनको **लाहुरे** नामक कविता प्रकाशित भएको देखिन्छ । सरल गद्यात्मक शैलीमा लेखिएको यस कवितामा लाहुरे हुनाको बाध्यतालाई देखाउन खोजिएको छ । उक्त कवितामा राष्ट्रभक्ति र करुणभाव एक साथ प्रकट भएको देखिन्छ :

*हे भन्ज्याङ चौतारी र बेंसीहरू !*
*नचिने जस्तो गरी टाउको नबटार,*
*म पनि तिम्रै छाती टेकेर हुर्किएको हुँ ।*

('लाहुरे' कविताबाट)

वि.सं. २०४३ हरिप्रसाद पोखरेलको कविता यात्राको उल्लेख्य समय रह्यो । 'केही कवि र कविता' नामक कवितासङ्ग्रहमा उनका अन्य कविहरूसँगै केही कविता संयुक्त रूपमा प्रकाशित भए । नेपाली कविता क्षेत्रका प्रसिद्ध कवि मोहन कोइरालाद्वारा भूमिका लेखिएको उक्त कवितासङ्ग्रहमा कोइरालाले हरिप्रसाद पोखरेललाई सफल कविका रूपमा पनि चिनाएको देखिन्छ । पोखरेललाई नेपाली साहित्यमा कविका रूपमा चिनाउन पनि यस कवितासङ्ग्रहले सकारात्मक भूमिका खेल्यो । वि.सं. २०४३ साल वैशाख महिनामा प्रकाशित उक्त कविता सङ्ग्रहमा दश कविका अठचालीस कविता प्रकाशित भएको देखिन्छ । उक्त कविता सङ्ग्रहमा पोखरेलका ६ वटा लघुतम र चारवटा लघु आयाम भएका कविता प्रकाशित छन् । **अभिशाप**, **मेरो देश**, **नियति**, **यहाँ**, **नाता**, र **मौरी** उनका लघुतम कविता हुन् भने **मानिस आफ्नै घेरामा**, **विधवाको अन्तरद्वन्द्व, स्रष्टा ! तिमी सुन्दर बत्ती बोकेर उभिनू, तिमी कहाँ कहाँ थिएनौ तर के पायौ धनवीर !** चाहिँ उनका लघु कविता हुन् । उक्त कवितामा उनले सामाजिक विषयवस्तुलाई सूक्ष्म रूपमा प्रकट गरेको देखिन्छ । राष्ट्रवादी भावना, मानवता र कारुणिकता पनि सूक्ष्म रूपमा सलबलाएको देखिन्छ । प्रकृतिवादी चिन्तन उनको अभिन्न विशेषताका रूपमा आएकै देखिन्छ । समग्रमा उनको कविता यात्राको मुख्य आधारस्तम्भका रूपमा यस कवितासङ्ग्रहअन्तर्गतका कवितालाई लिन सकिन्छ ।

वि.सं. २०४३ सालमै उनको **सचेत ! चोर पसिसकेका छन्** नामक कविता प्रकाशित भएको छ । उक्त कविता असार महिनाको १४ गते चेतना साप्ताहिकमा

प्रकाशित भएको हो । आफ्नो राष्ट्रलाई सुरक्षित एवम् संरक्षण गर्न उक्त कविताले सम्पूर्ण राष्ट्रवासीलाई आह्वान गरेको देखिन्छ ।

त्यसैगरी वि.सं. २०४७ मंसिर २५ गतेको चौतारी नामक दैनिक पत्रिकामा उनको **सचेत ! बुटवल नगरी** नामक कविता प्रकाशित देखिन्छ । उनको यस चरणमा उपलब्ध अन्तिम कविता चाहिँ **यात्रा : घण्टाघरदेखि पीपलबोटसम्म** हो । विं.सं. २०४९ माघ १९ गतेको साप्ताहिक विमर्शमा प्रकाशित भएको उक्त कवितासँगै उनको कविता यात्राको प्रथम चरण समाप्त हुन्छ ।

यसरी वि.सं २०३६ सालदेखि २०४९ सालसम्ममा उनका कविताहरू विभिन्न पत्रिकामा प्रकाशित भएको हामी पाउँछौं । भाइटीकादेखि सुरु भएको उनको यो चरण **'यात्रा : घण्टाघरदेखि पीपलबोटसम्म** आएर टुङ्गिएको छ । यस चरणमा उनका लगभग दुई दर्जन जति कविता प्रकाशित भएको देखिन्छ । यिनै कविताहरूलाई आधार मानी यस चरणको उनको वैशिष्ट्यलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

जीव, जगत् र जीवनलाई सम्पूर्ण सम्भावनाको स्रोत बताए तापनि पोखरेलका प्रारम्भिक कवितामा यिनको अभिव्यक्ति न्यून रूपमा देखिएको छ । सानैदेखि प्रकृतिप्रेमी एवम् प्रकृतिमा रमाउने उनका यस चरणका कवितामा प्रकृतिको उपस्थिति पनि न्यून नै छ । जीव, जगत् र जीवनको प्रत्यक्ष अप्रत्यक्ष अभिव्यक्ति नै उनको कविताको मूल उद्देश्य भए पनि यस चरणका कवितामा उनी त्यस प्राप्तितिर संघर्षशील देखिन्छन् । कविताको प्रवृत्तिगत आधारमा हेर्दा उनका यस चरणका कवितामा मानवता, देशभक्ति, प्रकृतिप्रेम जस्ता प्रवृत्ति अगाडि बढ्दै गरेको देखिन्छ । अधिक कविताको विषयवस्तु सामाजिक नै देखिन्छ । उनका उपलब्ध सम्पूर्ण कविताको लय गद्यात्मक देखिन्छ । शैली सरल एवम् बोध्य छ । बिम्ब, प्रतीक एवम् अचेतन लेखाइ प्रायः देखिदैन । आयामगत आधारमा हेर्दा लघुतम र लघु कविता प्रकाशित देखिन्छन् । यस चरणअन्तर्गत प्रकाशित कविता फुटकर रचना अन्तर्गत समेट्न सकिने देखिन्छ । यिनै विशेषता उनको यस चरणअन्तर्गतका कवितामा देख्न सकिन्छ ।

### ३.२.२ दोस्रो चरण (वि.सं. २०५० देखि हालसम्म)

हरिप्रसाद पोखरेलको कवितायात्राको दोस्रो चरणको आरम्भ बिन्दु वि.सं. २०५० लाई मानिएको छ । यस चरणमा उनका फुटकर कवितासहित तीनवटा नेपाली

भाषामा र एकवटा हिन्दी भाषामा कविता सङ्ग्रह प्रकाशित भइसकेका छन् । उनको यस चरणको उल्लेख्य उपलब्धि भनेको कवितासङ्ग्रहको प्रकाशन हुनु पनि हो । उनका तीनवटा कवितासङ्ग्रह नै यस चरणका मुख्य उपलब्धि हुन् । पुस्तकाकार रूपमा कवितासङ्ग्रहको प्रकाशन गरी उनले आफ्नो कवितायात्रालाई एउटा ठोस रूप दिएका छन् । ती कविता सङ्ग्रहहरूले नै उनको कवि व्यक्तित्वलाई विशेष रूपमा सफल तुल्याएका छन् भन्न सकिन्छ । आफ्नो फुटकर कवितायात्रालाई कृतिमा रूपान्तरण गर्नु पनि उनको कवित्व शक्तिको विशेषता हो ।

उनको पहिलो प्रकाशित कवितासङ्ग्रह **मान्छेको खोजी** हो । यो वि.सं. २०५० सालमा प्रकाशित भएको हो । चरणविभाजनको एउटा मुख्य कारणका रूपमा पनि यस कृतिको विशेष भूमिका रहेको छ किनभने यसको प्रकाशन वर्षसँगै पोखरेलको कवितायात्राको दोस्रो चरण सुरु हुन्छ । यस कवितासङ्ग्रहमा विभिन्न शीर्षकमा रचिएका एक्काइसवटा कविताको सङ्ग्रह गरिएको छ । यसमा सङ्कलन गरिएका सम्पूर्ण कविता लघु आयाम भएका गद्यात्मक कविता हुन् । विभिन्न शीर्षकका कवितालाई मान्छेको खोजीले एकत्रित गर्न खोजेको छ । अर्थात् सङ्कलित सम्पूर्ण कविताको प्रतिनिधित्व मान्छेको खोजीले गरेको छ । यसबाट पनि संकलित सम्पूर्ण कविता समान उद्देश्यतिर अभिमुख भएको मान्न सकिन्छ । **चेतनाको स्खलन**, **मानस-युद्ध**, **के भनौं मैले मध्यमा उभिएर**, **खण्डहर पिंडी र लास**, **तिमी अज्ञ छौ मेरो कथासँग**, **सहयात्रा अस्तित्वको लागि** जस्ता यस सङ्ग्रहका उल्लेख्य कविता हुन् । विषयवस्तु फरक भए पनि भाव र उद्देश्य अधिकांश कविताको समानताको नजिक हुनु यस कवितासङ्ग्रहको विशेषता हो ।

यस चरणमा उनका फुटकर कविता पनि छुट्टै प्रकाशित भएको देखिन्छ । लघु कविता तर तुलनात्मक रूपमा पोखरेलका अन्य फुटकर कवितामध्ये लामो **सहिद** २०५१ वैशाख महिनामा प्रकाशित देखिन्छ । नयाँ युगका कविता नामक कविता सङ्ग्रहमा उनको उक्त कविता प्रकाशित भएको हो । त्यस्तै **मान्छे र रोबट**, **आजको मान्छे** र **महल र फूलहरू** पनि नयाँ युगको कविताको सामूहिक प्रकाशन माला-११ मा प्रकाशित देखिन्छन् ।

कवितासङ्ग्रहकै प्रकाशनमा मिति २०५२ सालमा उनको अर्को कविता सङ्ग्रह **देवयान** प्रकाशित भयो । देवयान कवितासङ्ग्रह कविले आफ्नो हजुरआमा र आमाको

मृत्युको शोकमा रचना गरेका हुन् । यसमा हजुर आमा र आमासँग सम्बन्धित छब्बीसवटा फरक फरक कविताको सङ्ग्रह गरिएको छ । सङ्गृहीत कुनै पनि कविताको शीर्षक भने दिइएको छैन । यसरी हेर्दा यसलाई एक शीर्षक केन्द्रित कविताहरूको सङ्ग्रह भन्न सकिन्छ । यसलाई उनको कवितायात्रामा एक प्रमुख मोडका रूपमा पनि लिन सकिन्छ ।

त्यस्तै उनको नेपाली भाषामा रचिएको अन्तिम कवितासङ्ग्रह चाहिँ **खोज** हो । यो वि.सं. २०५७ फागुन १० गते प्रकाशित भएको देखिन्छ । यसमा जम्मा पच्चीस कविता सङ्कलित छन् । दुईवटा कविता चाहिँ पहिल्यै प्रकाशित भइसकेका पनि सङ्कलित गरिएका छन् । सङ्कलित कविताको मिति पनि उल्लेख गरिएको देखिन्छ र सम्पूर्ण कविता सङ्ग्रहका रूपमा प्रकाशित हुनभन्दा अगाडि नै रचना गरिएको भन्ने प्रष्ट देखिन्छ ।

उनले हिन्दी भाषामा पनि कविता लेखेको देखिन्छ । हिन्दी भाषामा उनले एउटा कवितासङ्ग्रह नै प्रकाशन गरेका छन् । वि.सं. २०५९ साल (सन् २००३) मा उक्त कवितासङ्ग्रह **उठो** को नामबाट प्रकाशित छ । यसमा उनका हिन्दी भाषाका छत्तीसवटा कविता सङ्कलन गरिएका छन् । **मृतमृत्यु, मानस युद्ध** जस्ता केही कविता भने नेपालीका रूपान्तरणका रूपमा रहेका देखिन्छन् । अन्य अधिकांश कविता चाहिँ मूल रूपमै रहेका छन् ।

वि.सं. २०६४ सालमा उनले गीतसङ्ग्रहको पनि प्रकाशन गरेको देखिन्छ । गीतमाला नाम दिइएको उक्त सङ्ग्रहमा बालगीतहरूको सङ्ग्रह गरिएको देखिन्छ । यसरी उनको दोस्रो चरणको कवितायात्रा हालसम्म गतिशील रहेको देखिन्छ ।

### ३.३ पोखरेलका कविताका चरणगत वैशिष्ट्य

फुटकर कविताद्वारा आफ्नो कवितायात्रा आरम्भ गरेका हरिप्रसाद पोखरेलको दोस्रो चरणमा पुस्तकाकार कवितासङ्ग्रह प्रकाशित भएका छन् । यो उनको दोस्रो चरणमा देखिएको एक प्रमुख पक्ष हो । कवितासङ्ग्रहभित्र सङ्कलन गरिएका अधिकांश कवितालाई पनि एक शीर्षकअन्तर्गत समेट्न खोजिएको देखिन्छ । पृथक् रूपमा विभिन्न विषयमा प्रकाशित प्रथम चरणका उनका कविता दोस्रो चरणमा आएर विषयगत र भावगत रूपमा पनि एउटै कृति अन्तर्गत समेटिएको देखिन्छ । दोस्रो चरणमा उनले प्रथम चरणमै छरिएर प्रकाशित भएका कवितालाई कृतिअन्तर्गत समेटेको देखिँदैन ।

कृतिअन्तर्गत समेटिएका अधिकांश कविता नयाँ रहेका छन् । यस चरणमा उनले एक शीर्षक केन्द्रित धेरै कविताको पनि रचना गरेको देखिन्छ । सङ्ख्यात्मक रूपमा पनि उनको दोस्रो चरणमा धेरै कविता रचना भएको देखिन्छ । दोस्रो चरणअन्तर्गत नेपाली र हिन्दीमा गरी उनका एकसयभन्दा बढी कविता प्रकाशित छन् । दोस्रो चरणमा उनको फुटकर र कवितासङ्ग्रह दुवै प्रकाशित छन् । उनले यस चरणमा हिन्दी भाषामा पनि कविता लेखनलाई कायम राखेको देखिन्छ ।

परिमाणात्मक रूपले मात्र नभई गुणात्मक रूपले पनि उनको यो चरण महत्त्वपूर्ण रहेको छ । उनका यस चरणका कवितामा विषय, भाव र शैलीमा उल्लेख्य परिष्कार आएको देख्न सकिन्छ । जीव, जगत् र जीवनको महत्त्व एवम् कल्याणकारितालाई यस चरणका कविताले सहज एवम् स्वाभाविक रूपमा व्यक्त गरेका छन् । अर्को शब्दमा भन्दा यस चरणका रचनामा उनको जीव, जगत् र जीवनप्रतिको चिन्तनमा थप परिष्कार देखिएको छ । आध्यात्मिक चिन्तन एवम् त्यसको सरल र स्वाभाविक अभिव्यक्ति पनि यस चरणको उल्लेख्य पक्ष हो । प्रथम चरणमा देखिएको सूक्ष्म करुणवर्णन यस चरणमा आएर चरमोत्कर्षमा पुगेको देखिन्छ । यसको प्रत्यक्ष उदाहरणका रूपमा **देवयान** शोक सङ्ग्रहलाई लिन सकिन्छ । प्रथम चरणमा सुबोध्य रहेको उनको भाषिक शैलीले यस चरणमा आएर प्रतीकात्मक मार्गसमेत अवलम्बन गर्न पुगेको दखिन्छ, यति भएर पनि उनका अधिकांश कविताको भाषाशैली सरल एवम् सुबोध्य नै छ । यस चरणमा उनको देखिएको उल्लेख्य शैली भनेको व्यङ्ग्यात्मकता पनि हो ।

यस चरणका रचनागत प्रवृत्तिलाई केलाउँदा प्रायः प्रथम चरणकै प्रवृत्तिहरू सुदृढ रूपमा अभिव्यक्त भएको देखिन्छ । समाजमा रहेको सामाजिक, धार्मिक, आर्थिक, राजनैतिक र जातीय विकृति एवम् विसङ्गतिलाई यस चरणका कविताले मार्मिक किसिमले उद्घाटित गरेको पाइन्छ । यस्ता कविताले उक्त विकृति एवम् विसंगतिको सुधारको अपेक्षा पनि राखेको देखिन्छ ।

सङ्क्षेपमा भन्दा मानवता, राष्ट्रियता, प्रकृतिप्रेम र आध्यात्मिकता यस चरणका उल्लेख्य प्रवृत्ति रहेको देखिन्छ । कविले यी सबै प्रवृत्तिलाई जीव, जगत् र जीवनको अभिन्न पक्षका रूपमा व्यक्त गरेको देखिन्छ ।

### ३.४ पोखरेलका मुख्य कवितात्मक प्रवृत्तिहरू

हरिप्रसाद पोखरेल प्रकृतिका सबै कृतिलाई महत्त्व दिन्छन् । प्राकृतिक वस्तुको संरक्षण एवम् सम्बर्धनमा उनको ठूलो चासो देखिन्छ । उनी प्राकृतिक जीवनशैलीमा नै सबैको कल्याण हुने ठान्दछन् । जीव, जगत् र जीवनमा नै प्रकृतिले पूर्णता प्राप्त गर्ने उनको विचार देखिन्छ । उनले आफ्ना सम्पूर्ण क्रियाकलाप नै यिनको संरक्षण र सम्बर्द्धनमा लगाएको बुझिन्छ । उनका साहित्यिक सृजनाहरू पनि यिनकै सेरोफेरोमा घुमेका देखिन्छन् । वि.सं. २०३६ सालदेखि सुरु भएको उनको कवितायात्रामा मूल रूपमा निम्न प्रवृत्तिहरू देख्न सकिन्छ :

#### ३.४.१ मानवतावाद

हरिप्रसाद पोखरेलका कवितामा देखिएका प्रवृत्तिहरू मध्ये प्रमुख प्रवृत्तिका रूपमा मानवतावाद रहेको छ । मानवतावादी प्रवृत्ति उनका प्रायः उपलब्ध सम्पूर्ण कवितामा देख्न सकिन्छ । प्रारम्भिक चरणदेखि नै उनका कविता मानवीय मूल्य र मान्यताको अस्तित्वका निम्ति  सशक्त बनेर आएका देखिन्छन् । हरेक विषयको वर्णनमा स्वाभाविक रूपमा उनका कवितामा मानवतावादी विचार वा भाव अन्तर्निहित भएको देखिन्छ । सामाजिक विषयवस्तु होस् या प्राकृतिक विषय मानवतावाद त्यहाँ झल्किएको देखिन्छ । मानवता समाजबाट हराएकोमा कवि चिन्तित एवम् दुःखी छन् । धर्मका नाममा, जातीयताका नाममा, राजनीतिका नाममा, राष्ट्रियताका नाममा भएका सूक्ष्म मानवताविरोधी क्रियाकलापको कविले सरल तर मार्मिक किसिमले विरोध गरेको देखिन्छ । यस्ता कविताहरूमा मानवता पुनःस्थापनाका निमित्त आह्वान गरिएको पनि देख्न सकिन्छ ।

धर्मका नाममा भएका मानवता विरोधी क्रियाकलापलाई कविले आफ्ना कविताद्वारा सटीक चित्रण गरेका छन् । एउटा धर्म अर्को धर्मका विरुद्धमा उत्रँदा मानवताको क्षति भएको नदेख्नेलाई कविले ठूलो शिक्षा दिएका छन् । मानवताका रक्षाका निम्ति उनले आफ्नो मानवतावादी विचारलाई यसरी व्यक्त गरेको देखिन्छ :

*सबै मन्दिरमा मस्जिद ढलिरहेको छ*<br>
*सबै मस्जिदमा मन्दिर ढलिरहेको छ*<br>
*गीताको आगोमा कुरआन जलिरहेको छ*<br>
*कुरआनको आगोमा गीता जलिरहेको छ ....*

*मूढ मान्छे नाम*
*आफ्नै आगोमा आफै जलिरहेको छ ।*
*आफ्नै अवचेतनामा आफै ढलिरहेको छ ।*

(‘चेतनाको स्खलन’ कविताबाट)

कविले भौतिक विकासका नाममा मानवता टाढिएको बताएका छन् । मानव र मानव बीचको सम्बन्ध टाढिएकोमा कविलाई दुःख लागेको छ । विशेष गरेर सहरी परिवेशमा मानवता साँगुरिएको कविको अनुभव छ । जसलाई कविले यसप्रकार उपस्थापित गरेको देखिन्छ :

*पल्लो कोठा अनभिज्ञ ओल्लो कोठासँग*
*ओल्लो कोठा अनभिज्ञ पल्लो कोठासँग*
*लाग्दथ्यो दुई ग्रहका जीव*
*एकदमै लामो दुरी*
*उल्टो यात्रा र यात्री ...*

(‘के भनौ मैले मध्यमा उभिएर’ कविताबाट)

धनी र गरिब बीचको सम्बन्ध, जातपातको थिचोमिचो, स्वार्थी प्रवृत्ति, आत्मज्ञानको अभाव, चेतनाको अभाव जस्ता विभिन्न कारणले गर्दा पनि मानवता हनन् भएको कविको ठहर छ । कविको आध्यात्मिक चिन्तनमा पनि मानवतावाद स्पष्टसँग अभिव्यक्त भएको देखिन्छ, जस्तैः

*प्रशिक्षु-मन*
*त्यो बिन्दु*
*अबोध, शिष्य-भाव सिक्दछ*
*मानवताको स्वर-पाठ*
*ज्योतित गर्दछ*
*मानवीय जीवन मूल्यहरूको दीप*
*लेख्दछ*
*मानवीय संवेदनाहरूको मञ्च*
*धारण गर्दछ*
*मानव-आदर्शहरूको अस्तित्व*

*गुन्गुनाउँछ ,*

(`बिन्दुः मनस-शिशु' कविताबाट)

यसरी समग्रमा के भन्न सकिन्छ भने हरेक विषयमा कविको मानवतावादी प्रवृत्ति विभिन्न माध्यमबाट अभिव्यक्त भएको छ । उनका पछिल्ला दुई कवितासङ्ग्रह मान्छेको खोजी र खोज मानवतावादी चिन्तनका धरोहरका रूपमा रहेका देखिन्छन् । सङ्कलित सम्पूर्ण कविता नै मानवतावादी चिन्तनका उपज हुन् भन्न सकिन्छ ।

### ३.४.२ देशभक्ति

पोखरेल राष्ट्रप्रेमी कवि हुन् । यो उनका कविताद्वारा व्यक्त भएका भावद्वारा सहज रूपमा प्रकट भएको देखिन्छ । यद्यपि उनका कवितामा विषय एवम् परिवेश सार्वदेशिक र सार्वकालिक देखिन्छन् तथापि तिनमा आफ्नो राष्ट्रप्रतिको प्रेम एवम् लगाव अभिन्न रूपमा अभिव्यक्त भएको देखिन्छ । आफ्नो राष्ट्रको संरक्षण एवम् सम्बर्द्धनमा उनका कविता अग्रसर देखिन्छन् । राष्ट्रियता जोगाउनको निमित्त उनले सम्पूर्ण देशप्रेमी जनताप्रति कविताद्वारा आह्वान पनि गरेका छन् । राष्ट्रको संरक्षणमा नै देशवासीको सुरक्षा एवम् अस्तित्व रहने उनको कविताको आशय देखिन्छ । प्रारम्भिक चरणका कवितादेखि नै देशभक्ति उनका प्रवृत्तिका रूपमा अगाडि बढेको देखिन्छ । राष्ट्रियता प्रति सजग रहेका उनका कविता राष्ट्रियताका नाममा हत्या एवम् हिंसाका भने विरोधी देखिन्छन् । मानवीय मूल्य र मान्यता कायम भएको राष्ट्र नै वास्तवमा सही राष्ट्र भएको उनको अभिव्यक्ति देखिन्छ । **लाहुरे, तिमी अज्ञ छौ मेरो कथासँग, मेरो देश, तीन फुटको देश पाँच फुटको मान्छे, सचेत ! चोर पसिसकेका छन्** आदि उनका देशभक्तिपूर्ण कविता हुन् । यी कवितामा उनले सूक्ष्म तर वास्तविक देशप्रेमको सन्देश दिएको देखिन्छ । आफ्नो पुर्खाले रगत बगाएर निर्माण गरेको राष्ट्रको महत्त्वलाई बुझ्न उनले सम्पूर्ण राष्ट्रवासीलाई यसप्रकार आह्वान गरेको देखिन्छ :

*फूलबारी*
*जहाँ पूर्वजहरूले पसिना बगाएर*
*फूल फुलाएका थिए*
*रगत बगाएर*
*जीवन भुलेर संरक्षण गरेका थिए !*
*त्यो फूल चोरेर कसैले*

*फूलबारी बाहिर लैजान लैजान लागिरहेछ*

*सचेत ! मालीहरू ...*

('सचेत ! चोर पसिसकेका छन्' कविताबाट )

यसरी संक्षेपमा के भन्न सकिन्छ भने हरिप्रसाद पोखरेलका कवितामा देशभक्ति सहज रूपमा अभिव्यक्त भएको छ ।

**३.४.३ प्रकृतिचित्रण**

प्राकृतिक सौन्दर्यमा रमाउने कवि हरिप्रसाद पोखरेलको एक अर्को प्रमुख प्रवृत्ति प्रकृतिचित्रण पनि हो । उनका कवितामा प्रकृतिचित्रण स्वाभाविक रूपमा आएको छ । उनले प्रकृतिलाई आफ्ना कवितामा कतै सूक्ष्म त कतै विस्तृत चित्रण गरेको पाइन्छ । प्रकृतिवादी कवि भएकाले प्रकृतिको संरक्षण प्रति उनका कविता सचेत देखिन्छन् । प्रकृतिलाई पनि मानवले मानवलाई गरे जस्तै माया गर्नु पर्दछ भनी कविले बुझाउन खोजेका छन् । प्राकृतिक सौन्दर्य एवम् सङ्गीतलाई पनि कविले आफ्ना कवितामा बुझाउन खोजेको देखिन्छ । विलासिताका लागि प्रकृतिलाई कोठामा कैद गर्न नहुने कविको अभिव्यक्ति छ । मानव पनि प्रकृतिकै उपज भएकाले प्राकृतिक वस्तु र मानवको समान महत्त्व भएको कविले महसुस गरेका छन् । कविले प्रकृतिलाई भगवान्, गुरु एवम् प्रियतमाका रूपमा पनि चित्रण गरेको देखिन्छ । आफू र प्रकृतिका बीचमा पनि कवि अभेद अनुभव गर्दछन् । यसरी प्रकृति कविको अभिन्न सहयात्री भएर कवितामा चित्रण भएको देख्न सकिन्छ । प्राकृतिक सौन्दर्यको चित्रण कविले यसप्रकार गरेको देखिन्छ :

*ए कान्छी !*

*हेर ! हेर ! बाहिर हेर त*

*मेहालेको जङ्गल सेताम्य फुलेको*

*रूखहरूमा नयाँ पात पलाएछन्*

*वसन्त आएछ क्यारे*

*त्यसैले उल्लसित छन् रूखहरू !*

('वसन्त प्रतीक्षा' कविताबाट)

**प्रकृति मलाई प्रश्न गर्छे, मेरी प्रिया प्रकृति, वसन्त प्रतीक्षा** कविता उनका प्रकृति चित्रणका दृष्टिले महत्त्वपूर्ण छन् । यसरी प्रकृतिचित्रणलाई कविको एक प्रमुख प्रवृत्तिका रूपमा लिन सकिन्छ ।

### ३.४.४ दार्शनिकता ⁄ आध्यात्मिकता

हरिप्रसाद पोखरेल एक दार्शनिक कवि पनि हुन् । उनका कवितामा हिन्दू धर्म वा पूर्वीय अध्यात्मदर्शनको प्रभाव परेको पाइन्छ । उनका कवितामा सांसारिक स्वार्थबाट उत्पन्न विकृति एवम् विसङ्गतिलाई हटाउन अध्यात्मदर्शनको बोध हुनुपर्ने कुरा बताइएको छ । मानव निर्मित भेदलाई आध्यात्मिक चेतनाबाट हटाउन सकिने उनका कविताले बताएका छन् । उनका केही कवितामा यस्ता पूर्वीय अध्यात्मदर्शन सम्बन्धी बिम्ब एवम् प्रतीकको प्रयोग पनि गरिएको पाइन्छ । यस्तो अध्यात्मदर्शनबाट उनले आत्मतत्त्वको नित्यतालाई बुझाउन खोजेको देखिन्छ । हरेक व्यक्तिमा एउटै आत्मतत्त्वको उपस्थिति रहेकाले मानव मानवका बीच कुनै पनि किसिमको भेदभाव अबुझपनको द्योतक भएको उनको विचार देखिन्छ । मानसिक शान्ति उनको आध्यात्मिक दर्शनको अर्को पाटो देखिन्छ र यसैबाट देश र समाजमा वास्तविक शान्ति आउने उनी बताउँछन् । आध्यात्मिक दर्शनको बोधले नै मानसिक शान्ति हुने कुरा पनि उनले कविताद्वारा बुझाउन खोजेका छन् । **मृत्यु-मृत्यु, बिन्दु : मनस-शिशु, नद-चैतन्य, धराशायी भेद र भित्ताहरू** उनका उल्लेख्य दार्शनिक कविताहरू हुन् । मूलरूपले उनले समाजमा मानवता कायम गर्नको लागि दार्शनिक विचारलाई उपस्थापित गरेको देखिन्छ । उनका दार्शनिक कविता बिम्ब एवम् प्रतीकले गर्दा सहज बोध्य भने छैनन् ; जस्तै :

*संयम नै अबाध-गतिको*
*मूल हो ।*
*आऊ- आफ्ना समस्त सम्भावनाहरू*
*र सामर्थ्य*
*सत्य बनाऊ*
*“समुद्र समाओस् बुँदमा”*
*नद-चैतन्यमा जस्तै ।*

(“नद-चैतन्य” कविताबाट)

यस आधारबाट हेर्दा दार्शनिकता पनि उनको एक प्रमुख प्रवृत्ति हो भन्न सकिन्छ ।

## ३.५ निष्कर्ष

वि.सं. २०३६ सालदेखि सुरु भएको समसामयिक धारासँगै नेपाली कविता साहित्यमा हरिप्रसाद पोखरेलको आगमन भएको देखिन्छ । लघु आयाम भएका कविताबाट आफ्नो कविता यात्रा प्रारम्भ गरेका हरिप्रसाद पोखरेलका सयौं फुटकर कविता र तीनवटा कवितासङ्ग्रह समेत प्रकाशित भइसकेका छन् । जीव, जगत् र जीवनप्रति बढी झुकाव राख्ने पोखरेलले आफ्ना पछिल्ला रचनालाई यिनकै सेरोफेरोमा केन्द्रित गर्ने प्रयास गरेको बुझिन्छ । सरल गद्यात्मक शैलीमा आबद्ध उनका कवितामा बढी मात्रामा मानवतावाद, प्रकृतिचित्रण, आध्यात्मिक चिन्तन, देशप्रेमजस्ता कुराहरू प्रतिबिम्बित भएको देखिन्छ । यसरी नेपाली कविता क्षेत्रमा विगत तीस वर्षदेखि साधनारत कवि पोखरेलले आफ्नो कविता यात्रालाई निरन्तरता दिइरहेको बुझिन्छ ।

★★★★

# अध्याय चार

## हरिप्रसाद पोखरेलका कृतिहरूको विश्लेषण

### ४.१ कृति विश्लेषणका आधारहरू

कृति विश्लेषणअन्तर्गत पोखरेलका तीन कवितासङ्ग्रह '**मान्छेको खोजी**', '**देवयान**', र '**खोज**' को अध्ययन गरिएको छ । उपर्युक्त कृतिहरूको विश्लेषण निम्न शीर्षकअन्तर्गत रही गरिएको छ :

### ४.१.१ शीर्षक र संरचना

शीर्षक कुनै पनि कृतिको आदि भागको रूपमा रहेको हुन्छ । शीर्षकले कृतिको मूल वस्तु वा भावलाई यथाशक्य समेटेको हुन्छ । कुनै पनि कृतिको शीर्षक अभिधेयार्थमा वा प्रतीकात्मक रूपमा रहेको हुन सक्छ । शीर्षकलाई कविताको आधारभूत तत्त्वका रूपमा पनि लिइएको देखिन्छ । यसर्थ उपर्युक्त आधारमा पोखरेलका कवितासङ्ग्रहका शीर्षकको समष्टिगत अध्ययन यस शीर्षकअन्तर्गत गरिएको छ ।

संरचनाअन्तर्गत कवितासङ्ग्रहमा सङ्गृहीत सम्पूर्ण कवितालाई पङ्क्तिपुञ्ज र पङ्क्तिहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ४.१.२ विषयवस्तु

जीवन र जगत्सम्बन्धी कुनै पनि विषय कविताको कथ्यका रूपमा रहन सक्ने देखिन्छ । यसबाट कविताको विषयवस्तुको क्षेत्र व्यापक भएको सहजै अनुमान लगाउन सकिन्छ । लघु आयाम भएका कवितामा वस्तुको विस्तार भने भएको पाइँदैन । यस्ता कवितामा विषयको प्रस्तुति सूक्ष्म रूपमा गरिएको हुन्छ । अतः पोखरेलका कवितासङ्ग्रहमा आएका विषयवस्तुलाई यहाँ समष्टिगत रूपमा केलाई अध्ययन गरिएको छ । अधिकांश कवितामा प्रमुख रूपमा आएका विषयवस्तुलाई मात्र यहाँ प्राथमिकताका आधारमा विश्लेषण गरिएको छ । विषयवस्तु कविताको आधारभूत तत्त्व पनि हो ।

### ४.१.३ भावविधान

मानव चेतनाको यावत् अनुभवपुञ्ज कवितामा अटाउन सक्दछ । अर्थात् जीवन र जगत्सम्बन्धी कुनै पनि अनुभूति कविताको भावपक्षका रूपमा रहेको हुन सक्छ । यस्ता भावको उपस्थिति लघु आयामका कवितामा एक खास मनोदशाका रूपमा हुनसक्ने देखिन्छ । अतः पोखरेलका कवितामा आएका प्रमुख भावहरूको विश्लेषण यस शीर्षकअन्तर्गत गरिएको छ ।

### ४.१.४ भाषाशैली

पोखरेलका उपर्युक्त कवितासङ्गहका लयात्मक प्रस्तुति, भाषिक प्रयोग एवम् प्रस्तुतीकरणको समष्टिगत विश्लेषण यस शीर्षकअन्तर्गत गरिएको छ । कविताको एक प्रमुख तत्त्वका रूपमा भाषाशैली रहेको छ ।

## ४.२ "मान्छेको खोजी" कविता-सङ्ग्रहको विश्लेषण

### ४.२.१ शीर्षक र संरचना

हरिप्रसाद पोखरेलको पहिलो प्रकाशित पुस्तकाकार कविता सङ्ग्रह **मान्छेको खोजी** हो । यो वि.सं. २०५० साल भाद्र महिनामा डा.टी.एन. पथिकद्वारा सम्पादित भई प्रकाशित भएको देखिन्छ । प्रकृति प्रकाशन काठमाडौँद्वारा प्रकाशित यो सङ्ग्रह लेखक मानसाग्निका नामबाट प्रकाशित छ । प्रस्तुत कविता सङ्ग्रहमा लघु आयाम भएका एक्काइसवटा कविता सङ्गृहीत छन् । सङ्गृहीत सम्पूर्ण कविता भिन्न भिन्न शीर्षक अन्तर्गत रचना गरिएका हुन् । सङ्गृहीत सम्पूर्ण कविता **मान्छेको खोजी** शीर्षक अन्तर्गत समेटिएका छन् । यस कविता सङ्ग्रहका अधिकांश कविता मानवतातिर उन्मुख देखिन्छन् । मानवीय मूल्य, मान्यता र सर्वोपरितालाई कविले विभिन्न कविताद्वारा व्यक्त गरेका छन् । कविताभित्र आएका धार्मिक विकृति, साम्प्रदायिक अराजकता, जातीय विभेद, मानसिक शान्ति, देशभक्ति, आध्यात्मिक चेतना जस्ता विषय पनि मानवताकै परिपोषकका रूपमा आएका देखिन्छन् । अधिकांश कविताको शीर्षक अभिधेयार्थमा नै राखिएको छ । **चेतनाको स्खलन**, **मानस-युद्ध**, **खण्डहर पिंडी र लास**, **राजनीति**, **तिमी अज्ञ छौ मेरो कथासँग**, **प्रेम**, **मैले मान्छे खोजिरहेछु** जस्ता कविताको शीर्षक अभिधेयार्थमा राखिएको छ । केही कविताको शीर्षक बिम्बात्मक एवम्

प्रतीकात्मक पनि देखिन्छन् । **आकाश र ढुङ्गाहरू, म जन्मिरहेछु मरिरहेछु, बिन्दुः मनस-शिशु** जस्ता कविता बिम्बात्मक एवम् प्रतीकात्मक देखिन्छन् । **राष्ट्रियता, राजनीति, शेष, भेद, अभेद** र **प्रेम** एक शब्दात्मक शीर्षक भएका कविता हुन् । **एउटा नयाँ मन्त्रको सिद्धि खोजिरहेछु, तिमी अज्ञ छौ मेरो कथासँग, मैले मान्छे खोजिरहेछु** वाक्यात्मक शीर्षक भएका कविता हुन् ।

मानवतातिर बढी केन्द्रित भएको यस कवितासङ्ग्रहको शीर्षकले वास्तविक मान्छेको खोजी गरेको देखिन्छ । चेतनशील मानवको अन्वेषणमा प्रस्फुरित उनको भाव बढी व्यावहारिक देखिन्छ । यसै अनुरूप **मैले मान्छे खोजिरहेछु** भन्ने सङ्गृहीत एक कविताको शीर्षकसँग बढी नजिकिँदै यस कविता सङ्ग्रहको नाम 'मान्छेको खोजी' राखिएको बुझिन्छ ।

यस कवितासङ्ग्रहमा सङ्कलित सबै कविता लघु आयामका कविता देखिन्छन् । गद्यमा लेखिएका उपर्युक्त सम्पूर्ण कविता पङ्क्ति र पङति पुञ्जको योगमा संरचित देखिन्छ । यति भएर पनि कुनै पनि कवितामा स्पष्ट रूपमा पङ्क्ति र पङ्क्ति पुञ्जको विभाजन गरिएको देखिँदैन । त्यस्तै कवितामा अक्षर, शब्द वा पङ्क्तिको निश्चितता पनि देखिँदैन किनभने सङ्कलित सबै कविताहरू मुक्त लयमा आबद्ध छन् । यहाँ पूर्णविरामलाई आधार मानी समग्र कवितालाई पङ्क्ति र पङ्क्तिपुञ्जहरूमा विभाजन गरिएको छ । प्रस्तुत सङ्ग्रहका कविताहरूमा आएका पङ्क्ति र पङक्ति पुञ्जहरू निम्नानुसार छन् :

| **क.सं.** | **कविताको शीर्षक** | **पङ्क्ति -पुञ्ज** | **पङ्क्तिसङ्ख्या** |
|---|---|---|---|
| १. | चेतनाको स्खलन | ७ | ३+३+४+५+६+१९+१=४१ |
| २. | एउटा नयाँ मन्त्रको सिद्धि खोजिरहेछु | ३ | ४+४+१३ = २१ |
| ३. | बुद्धको स्वागत या उपहास | ६ | ३+३+१०+४+६+१०=३६ |
| ४. | मानस युद्ध | ५ | ५+४+३+८+७=२७ |
| ५. | के भनौ मैले मध्यमा उभिएर | १ | ७० |
| ६. | आकाश र ढुङ्गाहरू | २ | ४+२४ =२८ |
| ७. | खण्डहर पिडीं र लास | ३ | ५+६+३ = १४ |
| ८. | राष्ट्रियता | १ | ६ |

| | | | |
|---|---|---|---|
| ९. | राजनीति | १ | ९ |
| १०. | शेष | १ | ९ |
| ११. | भेद | १ | ७ |
| १२. | अभेद | २ | ६+५=११ |
| १३. | नाता | १ | ५ |
| १४. | तिमी अज्ञ छौ मेरो कथासँग | ८ | ३+३+१२+३+३+३+२+६=३५ |
| १५. | म जन्मिरहेछु ! मरिरहेछु | ७ | ५+५+३+४+५+३+१०=३५ |
| १६. | सहयात्रा अस्तित्वको लागि | ५ | १८+४+५+७ =३४ |
| १७. | प्रेम | ४ | ८+६+२+१०=२६ |
| १८. | पन्छी तँ गुरुता मेरो सम्भावनाको | ८ | ४+७+६+५+४+८+५+२= ४१ |
| १९. | बिन्दुः मनस-शिशु | ११ | ३+५+३+४+६+३+७+३+१+४+१७ =४७ |
| २०. | अन्तर उडान घेरा मुक्तिको | ७ | ५+१६+२+२+६+४+१४=४९ |
| २१. | मैले मान्छे खोजिरहेछु | ९ | ३+३+६+६+२+५+९+७+७= ४८ |

### ४.२.२ विषयवस्तु

मान्छेको खोजी कवितासङ्ग्रहभित्रका अधिकांश कविता सामाजिक विषयवस्तुलाई मूल आधार बनाई रचना गरिएका देखिन्छन् । समाजमा विद्यमान अमानवीय प्रवृत्तिलाई कविले आफ्नो कविताको कथ्य बनाएका छन् । अधिकांश कविताले धर्मका नाममा, विकासका नाममा, जातीयताका नाममा, अज्ञानताका नाममा, राजनीतिका नाममा समाजमा भए गरेका विकृति एवम् विसङ्गतिलाई प्रस्तुत गरेको देखिन्छ । यस्ता विकृति एवम् विसङ्गतिलाई समाजबाट हटाउन कविले मानवताको सहारा लिएका छन् र उनी समाजमा मानवता फलेको एवम् फुलेको देख्न चाहन्छन् । समाजमा दिन प्रतिदिन बढ्दै गएको धार्मिक असहिष्णुतालाई कविले आफ्नो कविताको विषय बनाएको देखिन्छ । एक धर्म अर्को धर्मका विरुद्धमा उत्रिएको कविले सजीव चित्रण गरेका छन् । यसरी धार्मिक कलहले उत्पन्न भएको हत्या, हिंसा, अराजकता, मानवीय क्षति आदिले समाज आकान्त भएको कविले यसप्रकार उल्लेख गरेको देखिन्छ :

*मस्जिदमा गीता जल्दछन्*

*मन्दिरमा कुरान जल्दछन्*

*कतै बाइबल जलिरहेको छ*

*कतै त्रिपिटक जलिरहेको छ*

*कतै उत्सव*

*कतै घृणाको डढेलो लागिरहेको छ ।*

('चेतनाको स्खलन' कविताबाट)

यसरी दिनानुदिन धर्मका नाममा मानव मानवबीच नै कटुता उत्पन्न भएको सामाजिक यथार्थलाई कविले कवितामा उतारेको देखिन्छ ।

दिनानुदिन समाजमा स्वार्थी प्रवृत्ति हावी हुँदै गएको कविको अनुभव छ । धन, शक्ति, अज्ञान र मदले उन्मत्त भएको समाजको कविले सूक्ष्म चित्रण गरेका छन् । समाजमा हत्या एवम् हिंसाले प्रश्रय पाएको छ । समाज यसरी विकृत हुँदै गएको कविले बताएका छन् । यसरी विकृत हुँदै गएको समाजलाई सुधार्न मन्दिर र मस्जिदमा गएर मात्र नपुग्ने कविले बताएका छन् । यसको लागि आत्मज्ञानको ज्योति बाल्नुपर्ने कुरा कविले यस प्रकार बताएका छन् :

*मन्दिर, मस्जिद र गिर्जाघरहरूमा*

*दीप नजलाऊ*

*आत्मज्ञानको ज्योतिले*

*चेतनाको मैदानमा*

*सह अस्तित्वको धर्म-प्रतिष्ठाको लागि*

*'मानस युद्ध' गर्नुपर्नेछ ।*

('मानस युद्ध' कविताबाट)

यसबाट आध्यात्मिक चिन्तन अथवा आत्मज्ञानद्वारा समाजलाई व्यवस्थित गर्न सकिने कविको आशय देखिन्छ । सामाजिक सुव्यवस्था कायम गर्न उनले आध्यात्मिक चिन्तनलाई पनि सहारा लिएको देखिन्छ ।

भौतिक विकाससँगै सारा विश्व एउटा सानो गाउँमा परिणत भएको छ । विश्वको धरातलीय दूरी घटेको छ । अनेकौं यातायातको साधनले मानवको यात्रा छोटिएको छ । मानिस भौतिकवादी भएको छ र विकासवादी भएको छ । यसो भए तापनि समाजमा एक मानव अर्को मानवसँग भावनात्मक रूपमा टाढिएको कविले

बताएका छन् । मानव मानव बीचको भौतिक दूरी घटे पनि समाजबाट मानवताको दूरी चाहिँ बढेको कविको अनुभव छ । जसलाई कविले यसप्रकार उल्लेख गरेको देखिन्छ :

*ओल्लो कोठामा जन्मदिन*
*पश्चिमी सङ्गीतमा*
*पूर्वीय नसा पिएर*
*निर्जज्ज टोलै थर्किएको थियो*
*पल्लो कोठामा कोलाहल*
*क्यान्सरले पीडित कृष्णको बाबु*
*मलामीको प्रतीक्षामा लमतन्न सुतेको थियो ।*

('के भनौ मेलै मध्यमा उभिएर' कविताबाट)

यसै गरेर समाजमा रहेको जातपातको भेदभावलाई पनि यस सङ्ग्रहको कविताले उल्लेख गरेको देखिन्छ । छुवाछूतरूपी समाजको एउटा ठूलो रोगलाई कविले सरल तर मार्मिक ढङ्गले प्रस्तुत गरेको देखिन्छ ; जस्तै :

*पीपलबोटे सार्की कान्छो*
*आमा के भो ? प्रश्न गर्दछ*
*प्रेमले द्रवित भएर*
*गिलासको पानी उठाउँछ*
*ठोक्किएर जातको पार्खालमा*
*गिलास आँगनमा छट्पटाउँछ ।*

('खण्डहर पिंडी र लास' कविताबाट)

यसरी समाजमा विभिन्न किसिमले रहेको विकृति एवम् विसङ्गतिलाई यस मान्छेको खोजी कवितासङ्ग्रहले विषयवस्तुका रूपमा प्रस्तुत गरेको देखिन्छ । यस्ता समाजमा विद्यमान अमानवीय व्यवहार एवम् क्रियाकलापलाई यस सङ्ग्रहका कविताले हटाई एउटा पूर्ण तर मानवताले युक्त समाजको निर्माणमा जोड दिएको देखिन्छ । प्रायः कवितामा विषय सामाजिक नै देखिन्छन् । धार्मिक एवं राष्ट्रिय विषय पनि कवितामा देख्न सकिन्छ तर ती सामाजिकतासँगै अभिन्न भएर आएका छन् । **अभेद**, **म जन्मिरहेछु ! मरिरहेछु,** **बिन्दुः मनस-शिशु**, **अन्तर उडान घेरा मुक्तिको** चाहिँ

आध्यात्मिक विषयसँग सम्बन्धित देखिन्छन् । पूर्वीय दर्शनको प्रभाव यस्ता कवितामा परेको देखिन्छ । यस्ता आध्यात्मिक विषयको सहारा कविले सामाजिक सुव्यवस्था कायम गर्न, शान्ति स्थापना गर्न, मानवताको महत्त्व देखाउन र स्वार्थी प्रवृत्तिलाई हटाउन उपयोग गरेको देखिन्छ । आत्मतत्त्वको नित्यता एवम् अमरतालाई नबुझेर नै मानिसलाई क्षणिक सुख वा दुःख हुने कुरालाई कविले सरल रूपमा यसप्रकार व्यक्त गरेको देखिन्छ :

*म जन्मिरहेछु*
*अनेकन् आमाहरूको*
*प्रसव पीडा भित्रबाट ।*
*हाँसिरहेछन् परिजनहरु*
*चारैतर्फ मेरो स्वागतमा...*
*म मरिरहेछु*
*पार्थिव शरीर यात्राबाट ।*
*अनेकन् सिउँदाहरू पुछिएका छन्*
*रोइरहेका छन् परिजनहरू ...*
*त्यस्तै दृश्यलाई हेरेर*
*मुस्कुराइरहेको छु*
*शान्त मनोभाव*
*अनन्त शून्यको मौन यात्रामा*

('म जन्मिरहेको छु ! मरिरहेको छु' कविताबाट)

यस प्रकार के भन्न सकिन्छ भने यस कवितासङ्ग्रका कविताहरूको मूल विषय सामाजिकता नै हो । यस सामाजिकतालाई पुष्टि गर्नका निम्ति कविले धार्मिक, राष्ट्रिय, आध्यात्मिक विषयलाई उपयोग गरेको देखिन्छ जुन कुरा माथिका उदाहरणहरूद्वारा पनि प्रष्ट भएको छ ।

### ४.२.३ भावविधान

भाव विधानका दृष्टिले हेर्दा यो कवितासङ्ग्रह मूलरूपमा मानवतामा केन्द्रित देखिन्छ । यस कुराको पुष्टि स्वयम् यस सङ्ग्रहको शीर्षक मान्छेको खोजीले पनि गरेको छ । चेतनशील मानवको अन्वेषणमा अग्रसर यस सङ्ग्रहका कविताले मानवीय मूल्य र

मान्यतालाई अग्रणी मानेको देखिन्छ । कवि स्वयम् मानवतावादी कवि भएका नाताले पनि उनका कविता बढी मानवतामा केन्द्रित हुनु स्वाभाविक हो । यस बाहेक आध्यात्मिक चिन्तन, राष्ट्रियता, सामाजिक सुधारवादी चिन्तन, प्रेम आदि पनि उल्लेख्य भावका रूपमा आएका देखिन्छन् ।

मानवताले नै मानव ठूलो हुने अधिकांश कविताको भाव पाइन्छ । विभिन्न नाममा भएका मानवता विरुद्ध कार्यलाई मानवले स्वयम् आँकलन गर्न नसकेको कुरालाई कविले प्रायः कवितामा व्यक्त गरेको देखिन्छ ।

धर्मजस्तो पवित्र क्षेत्रमा पनि मानवता साँगुरिएको कविले दर्साएका छन् । एक धर्मले अर्को धर्मविरुद्ध गरेका अमानवीय क्रियाकलापले कविको मानवतावादी भावलाई ठेस पुऱ्याएको देखिन्छ । मानवले धर्मका नाममा मानवलाई नै यसरी हिंसक बनाएकोमा कविले ठूलो आपत्ति प्रकट गरेका छन् । यसरी फैलिएको हत्या, हिंसा, विकृति एवम् विसङ्गतिले मानव नै पीडित हुने भाव कविले यसरी व्यक्त गरेको देखिन्छ :

*यथार्थमा सम्यक् नियाल्दा*
*सबैमा उही ढलिरहेको छ*
*सबैमा उही जलिरहेको छ*
*मूढ मान्छे नाम*
*आफ्नो आगोमा आफै जलिरहेको छ ।*
*आफ्नै अवचेतनामा आफै ढलिरहेको छ ।*

('चेतनाको स्खलन' कविताबाट)

वास्तवमा जन्मले मात्र मानव मानव नहुने कविको भाव देखिन्छ । असल गुणले मात्र मानिसले मानिसको पदवी पाउने कुरा कविको विचार छ । कुकर्म एवम् राक्षसी गुणले युक्त मानव राक्षसको श्रेणीमा पुग्ने कविले बताएका छन् । यस्ता मानवीय संवेदना नभएका मानिसहरूको हुलमा कविले आफूले खोजे जस्तो पूर्ण मानवलाई फेला नपार्दा आफ्नो भाव यसप्रकार व्यक्त गरेको देखिन्छ:

*पशु र मान्छे*
*सिङ् र पुच्छरले छुट्टिंदो रहेनछ*
*चेतना समग्र मापदण्ड*

*उठ्यो त देवत्व जाग्दछ*

*सुत्यो त राक्षसी परिणाम आउँछ ।*

('मैले मान्छे खोजिरहेछु' कविताबाट)

भौतिक समृद्धिले मानिसलाई एक्लो बनाएको कविको भाव देखिन्छ । भौतिक विकाससँगै संसारको दूरी छोटिएको छ तर यसले मानव मानवका बीचको दूरीलाई चाहिँ अझ टाढा गराएको छ भन्ने कविको धारणा छ । मानिस मानिसकै भीडमा एक्लो भएर बाँचेको कविले अनुभव गरेका छन् । मानिस मानवीय संवेदनाले हीन भएर यान्त्रिक भएकोमा कविको मन विचलित भएको छ । यस्तो मानवको विषम परिस्थितिलाई कविले यसरी प्रकट गरेका छन् :

*लाग्दछ दूरी बढ्दै गइरहेको छ*

*ओल्लो घर र पल्लो घर*

*असमान ग्रह पिण्ड भइरहेको छ*

*दर्शक सबै दृश्यहरूको*

*हडबडिन्छु म ।*

('के भनौ मैले मध्यमा उभिएर' कविताबाट)

त्यस्तै विभिन्न धर्मका नाममा, छुवाछूतको नाममा, राजनीतिको नाममा, भौतिक विकासका नाममा भएका समाजिक विकृति एवम् विसङ्गतिलाई यस सङ्ग्रहका कविताले अभिव्यक्त गरेको देखिन्छ । यस्ता कवितामा कविले सामाजिक समुन्नयनका लागि विकृति एवम् विसङ्गतिलाई अन्त्य गर्नुपर्ने भाव व्यक्त गरेको बुझिन्छ ।

त्यस्तै आध्यात्मिक चिन्तन पनि उल्लेख्य रूपमा अभिव्यक्त भएको देखिन्छ । यस्ता आध्यात्मिक कवितामा पूर्वीय अध्यात्म दर्शनको प्रभाव परेको बुझिन्छ । कविले सामाजिक, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय भाइचारा कायम गर्नका लागि आध्यात्मिक चिन्तनको सहारा लिएका छन् । उनले आध्यात्मिक चेतनाको अभावले नै मानव मानवबीच भेदभावको स्थिति उत्पन्न हुने कुरालाई पनि कवितामा चित्रण गरेको देखिन्छ । आत्मतत्त्वको एकता, अमरता र अविनाशिता त्यस्तै मानसिक शान्ति, भेदभावरहित समाजको कल्पना जस्ता उनका आध्यत्मिक चिन्तनका विशेषता देखिन्छन् । आत्मतत्त्वको नित्यता एवम् अमरतालाई नबुझेर नै वास्तवमा मानिसलाई क्षणिक

सुखदुःखको अनुभव हुने कविले बताएका छन् । यस्तो आत्मतत्त्वको यथार्थलाई कविले यसरी बुझाउन खोजेको बुझिन्छ :

*क्षण क्षण जन्मिरहेको छु*
*क्षण क्षण मरिरहेको छु*
*र पनि सम्यक् साक्षी*
*त्यसै दृश्यलाई हेरेर*
*मुस्कुराइरहेको छु*
*शान्त मनोभाव*
*अनन्त शून्यको मौन यात्रामा ।*

( "म जन्मिरहेको छु मरिरहेको छु" कविताबाट)

यसरी आध्यात्मिक चिन्तनलाई पनि कविले यस सङ्ग्रहका कवितामा अभिव्यक्त गरेको देखिन्छ । **मानस युद्ध**, **आकाश र ढुङ्गाहरू**, **भेद**, **अभेद, म जन्मिरहेको छु मरिरहेको छु, बिन्दु मनस-शिशु** आदि कवितालाई उनका आध्यात्मिक चिन्तन प्रधान कविताका रूपमा लिन सकिन्छ । यस्ता कविता मूल रूपमा आध्यात्मिक चेतना जागृत गराउन प्रवृत्त देखिन्छन् ।

यसरी नै राष्ट्रियता, विश्वबन्धुत्ववादी भावना, समाज सुधारवादी चिन्तन पनि कवितामा प्रकट भएको पाइन्छ । **राष्ट्रियता**, **तिमी अज्ञ छौ मेरो कथासँग** जस्ता कविता देशभक्तिपूर्ण छन् । प्रेम, मानवता जस्ता कुरा नै आफ्नो राष्ट्रको पहिचान भएको कुरालाई कविले यसरी व्यक्त गरेको देखिन्छ :

*तिमीले मेरो पूजाको*
*प्रसाद चाखेका छैनौ*
*नत्र*
*जाने हिम्मत गर्ने थिएनौ*
*यस महामन्दिरबाट*
*मेरो मन्दिरको ढोका*
*मानव आतिथ्यमा खुल्दछ ।*

('तिमी अज्ञ छौ मेरो कथासँग' कविताबाट )

**चेतनाको स्खलन**, **खण्डहर पिडीं र लास**, **राजनीति** जस्ता कवितामा चाहिँ सामाजिक सुधारवादी चिन्तन अभिव्यक्त भएको देखिन्छ । यस्ता कविताले सामाजिक, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई हटाउनमा जोड दिएको पाइन्छ । अर्थात् यस्ता कवितामा कविको विश्वबन्धुत्ववादी भावना प्रकट भएको बुझिन्छ ; जस्तै :

*धर्ती जड रेखाहरूले भरिएका छन्*
*मानिस आफैलाई बाँधिरहेको छ*
*स्वनिर्मित जन्जिरहरूद्वारा*
*देश धर्म र राष्ट्रियताका.....*

('पन्छी तँ गुरुता मेरो सम्भावनाको' कविताबाट)

अतः समष्टिमा के भन्न सकिन्छ भने मान्छेको खोजी कविता सङ्ग्रहमा मानवताका अतिरिक्त आध्यात्मिकता, राष्ट्रियता, विश्वबन्धुत्ववादी भावना, सामाजिक सुधारवादी चिन्तनजस्ता भावहरू उल्लेख्य रूपमा आएका देखिन्छन् । यस कुराको पुष्टि माथिका उदाहरणहरूद्वारा पनि गर्न सकिन्छ ।

### ४.२.४ भाषाशैली

मान्छेको खोजी कवितासङ्ग्रहभित्र सङ्गृहीत सम्पूर्ण कविता मुक्तलयमा संरचित छन् । मुक्तलयका कवितामा अक्षर अनि पङ्क्तिहरू समान रूपमा वितरण भएका पाइँदैनन् । एउटै कविताभित्र पनि असमान पङ्क्तिहरूद्वारा पङ्क्तिपुञ्जको निर्माण भएको देखिन्छ । कतै ३ पङ्क्तिको १ पङ्क्तिपुञ्ज देखिन्छ भने कतै सोही कवितामा, ५ पङ्क्तिको १ पङ्क्तिपुञ्ज भएको देखिन्छ ; जस्तै :

*कतै मस्जिद भत्किन्छ कि*
*हिन्दूका गल र खन्तीहरूले*
*अल्लाहरूलाई बचाउन पहरेदार उभिएका छन् ।*

(३ पङ्क्तिको १ पङ्क्तिपुञ्ज)

*महावीरको प्रतिमा मौन छ*
*श्वेताम्बर आँखा खोल्न लगाइरहेका छन्*
*दिगम्बर आँखा बन्द गर्न लगाइरहेका छन्*

*अहिंसाका पुजारी*

*लठ्ठी बोकेर लडाइँ गरिरहेका छन् ।*

(५ पङ्क्तिको १ पङ्क्तिपुञ्ज)

(एउटै कविता 'चेतनाको स्खलनबाट' )

अधिकांश कविता सहज एवं सुबोध्य नै छन् । सरल अभिधेयार्थमा नै अधिकांश कविता रचिएका देखिन्छन् ; जस्तै :

*म एक महापूजाको*

*ध्वनिघोष गर्दैछु*

*लुकेर पूजाकोठाबाट होइन*

*अनन्त मनुष्य हृदयबाट ।*

('एउटा नयाँ मन्त्रको सिद्धि खोजिरहेछु' कविताबाट)

कुनै कुनै कविता भने अलि रहस्यात्मक देखिन्छन् । कविको भाव वा विचारलाई शब्द वा वाक्यको अर्थले मात्र बोध्य बनाउन सकेको छैन । यस्ता कवितामा अचेतन लेखनको झझल्को मिल्दछ । बिम्ब एवं प्रतीकले गर्दा पनि यस्ता कविता दुरुह बनेका छन् ; जस्तै :

*जड हातहरूले*

*ढुङ्गा फ्याँके*

*आकाश हाँस्यो*

*हातहरू रोए*

*र ढुङ्गाहरूले धर्ती भत्काए ।*

('आकाश र ढुङ्गाहरू' कविताबाट )

विभिन्न भाषिक चिन्हहरूको पनि प्रयोग भएको देखिन्छ ; जस्तैः

क. अल्पविरामको प्रयोगः

*एकात्मबोधको आनन्दमा*

*सयौं गाई, गोरु, भेडा, बाख्रा*

*झुण्डको नाइके म ।*

('तिमी अज्ञ छौ मेरो कथासँग' कविताबाट )

ख. पूर्णविरामको प्रयोगः

*आफ्नो आगोमा आफै जलिरहेछ ।*

*आफ्नै अवचेतनामा आफै ढलिरहेछ ।*

('चेतनाको स्खलन' कावताबाट )

ग. विस्मयादिबोधक चिन्हको प्रयोगः

*बाइबल बोकेर इशा पनि पसे*

*फ्याँकेर तँ ! तँ !*

*म ! म ! का झण्डाहरू*

('अन्तर उडान घेरा मुक्तिको' कविताबाट )

घ. प्रश्नवाचक चिन्हको प्रयोगः

*नजिक भनेको के हो ?*

*टाढा भनेको के हो ?*

*मान्छे भनेको के हो ?*

*पशु भनेको के हो ?*

('के भनौं मैले मध्यमा उभिएर' कविताबाट)

ङ. विसर्ग चिन्हको प्रयोगः

*दुःखद् दृश्यहरूले*

*ओल्लो कोठामा जन्मदिन*

('के भनौं मैले मध्यमा उभिएर' कविताबाट )

च. योजकको प्रयोगः

*सहिष्णुता-क्षमा-करुणा-प्रेमको गीत*

*विराट् विश्वको सुर-मण्डल लिएर*

('विन्दु : मनस-शिशु' कविताबाट )

छ. उद्धरण चिन्हको प्रयोगः

*आफैभित्र समेटिएर*

*एकातर्फ फर्केर उसले भनेको छ*

*"धेरै लामो समय बितिसकेछ ।"*

भाषिक चिन्हबाहेक कवितामा तत्सम र आगन्तुक शब्दहरूको प्रयोग पनि गरिएको छ । प्रयोग गरिएका विभिन्न भाषिक स्रोतका शब्दहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

क) तत्सम शब्दहरू- *प्रतीक्षा, सूर्य, उदय, प्रेम, विडम्बना, सुन्दर, हृदय, वसन्त, सहयात्रा, अस्तित्व, भ्रम, सम्यक्, बीज, जल, अभाव, प्रकाश, जन्म, मृत्यु, चक्रव्यूह, धर्म, राष्ट्रियता, बलात्कार, शिशु, विखण्डन, वटवृक्ष, गुरुता, धर्ती, प्रमुदित, कान्ति, विराट्, अबोध, निष्पक्ष, भाव, क्षमता, करुणा, शिष्य, मृत, जीवन, नदी, वर्षा, कोष, गीता, अधिकार, केवल, सीता, अनन्त, देवत्व, पशु, यात्रा, सन्देश, पूर्ण, नवीन आदि ।*

ख) आगन्तुक शब्दहरू- *जिना, सहर, आवादी, सडक, डोरी, ताली, मिरा खडा, रोटी, जन्जिर, बेनाम, दुकान, जबरजस्ती, मनसुन, जमिन आदि ।*

संस्कृतका शब्दहरूको प्रयोग पनि पर्याप्त मात्रामा देख्न सकिन्छ । कतै पूरै संस्कृतकै वाक्यको पनि प्रयोग छ, जस्तै :

*“अन्नं वा प्राणम्*
*प्राणं वा ब्रह्म” ।*

छोटा छोटा पङ्क्ति एवम् सरल गद्यात्मक शैली नै यस कविता सङ्ग्रहको विशेषता हो । संस्कृतका शब्दको अधिक प्रयोग पनि कवितामा देखिन्छ । आगन्तुक शब्दको प्रयोग तत्सम शब्दको तुलनामा निकै कम देखिन्छ । विभिन्न भाषिक चिन्हहरूको प्रयोग पनि कवितामा स्वाभाविक रूपमा गरिएको छ । कविताको लय मुक्त भएकाले पनि अधिकांश कविता पद्यात्मक भन्दा बढी गद्यात्मक देखिन्छन् । मूल रूपमा यिनै भाषाशैलीय विशेषता प्रस्तुत कविता सङ्ग्रहमा रहेको देखिन्छ ।

## ४.३ 'देवयान' कवितासङ्ग्रहको विश्लेषण

### ४.३.१ शीर्षक र संरचना

हरिप्रसाद पोखरेलको दोस्रो प्रकाशित कवितात्मक कृति **देवयान** हो । प्रस्तुत कृति पनि मानसाग्निका नामबाट प्रकाशित छ । कविता सम्पादक एवम् व्याकरण सम्पादक दुवैले यस कृतिलाई शोक सङ्ग्रहको संज्ञा दिएका छन् ।

हरिप्रसाद पोखरेलकी हजुरआमाको नाम देवकुमारी पोखरेल र आमाको नाम यानकुमारी पोखरेल हो । दुवैको नामको सुरुका शब्दहरूको संयोजन गरी यस कृतिको नामकरण गरिएको देखिन्छ । यसमा विभिन्न समय र प्रसङ्गमा कविकी आमा र हजुर आमाका स्मरणमा रचित कविताहरू समाविष्ट छन् । सङ्कलित कविताहरू एकअर्कातर्फ स्वतन्त्र भए तापनि तिनको शीर्षक भने दिइएको छेन । फरक फरक समयमा फरक घटनाको प्रसङ्गमा लेखिएका यस सङग्रहका कविता एक अर्कासँग सम्बन्धित देखिँदैनन् । अतः यस **देवयान** लाई कवितासङ्ग्रह भन्नु उचित देखिन्छ । आफ्नी आमा र हजुरआमाको वियोगबाट सृजित शोक कविताद्वारा व्यक्त भएकाले यो शोक सङ्ग्रह पनि हो । सङ्कलित सम्पूर्ण कविता **देवयान** शीर्षकमा केन्द्रित छन् । कवितामा स्मृत मुख्य पात्रका आधारमा समग्र कवितासङ्ग्रहको नामकरण गरिएको छ । यस कृतिमा जम्मा २७ कविता सङ्कलित छन् । प्रत्येक कविताको माथि रचनाकालको पनि उल्लेख गरिएको छ । एकै मितिमा पनि एकभन्दा बढी कविता रचित देखिन्छन् ।

सङ्कलित सबै कविता लघु आयाम भएका कविता हुन् । रचनाकारले सम्पूर्ण कवितालाई केवल मितिबाट छुट्याएका छन् । यहाँ प्रत्येक कवितालाई १ कविता मानी २६ वटा कविताहरू प्रस्तुत गरिएका छन् । कुनै पनि कवितामा स्पष्ट रूपमा पङ्क्तिपुञ्जको विभाजन देखिँदैन । कुनै पनि पङ्क्तिमा अक्षर वा शब्दको समान वितरण पनि देखिँदैन । पङ्क्तिपुञ्जको निर्माण असमान पङ्क्तिद्वारा भएको देखिन्छ । पूर्ण विरामलाई आधार मानी प्रत्येक कविताको संरचनालाई पङ्क्ति र पङ्क्तिपुञ्जमा विभाजन गरी अध्ययन गर्नु पर्ने देखिन्छ । यसमा समग्र कविताको संरचनालाई निम्नानुसार देखाउन सकिन्छ :

| क.सं. | कविता | पङ्क्तिपुञ्ज | पङ्क्तिसङ्ख्या |
|---|---|---|---|
| १. | कविता-१ | ४ | १०+८+५+११=३४ |
| २. | कविता-२ | ५ | १०+११+१०+५+१८=५४ |
| ३. | कविता-३ | ४ | १५+१८+१३+२१=६७ |
| ४. | कविता-४ | ४ | २१+११+२४+६=६२ |
| ५. | कविता-५ | ३ | ३+१६+२०=३९ |
| ६. | कविता-६ | २ | १०+१५=२५ |
| ७. | कविता-७ | ४ | २७+१०+११+५=५३ |
| ८. | कविता-८ | ५ | ३+२४+१४+१५+८=६४ |
| ९. | कविता-९ | ५ | २०+२९+१९+१४+१२=९४ |
| १०. | कविता-१० | ४ | १५+२१+१२+५=५३ |
| ११. | कविता-११ | ४ | ४+२+२१+१६=४२ |
| १२. | कविता-१२ | ४ | ३+१७+१५+११=४६ |
| १३. | कविता-१३ | २ | ३९+२०=५९ |
| १४. | कविता-१४ | ७ | ७+६+२९+५+१८+१३+१५=९३ |
| १५. | कविता-१५ | ३ | १५+३२+८=५५ |
| १६. | कविता-१६ | २ | ३९+१५=५४ |
| १७. | कविता-१७ | ६ | ५+२४+२५+१६+१५+६=९१ |
| १८. | कविता-१८ | ४ | ५+१६+११+१४=४६ |
| १९. | कविता-१९ | ५ | १८+१६+१५+२६+७=८२ |
| २०. | कविता-२० | ३ | १५+७+१५=३७ |
| २१ | कविता -२१ | ५ | ११+१४+११+११+१०=५७ |
| २२ | कविता-२२ | ४ | ९+२५+१०+३६+७=८७ |
| २३ | कविता -२३ | ४ | ८+२३+१५+३=४९ |
| २४ | कविता -२४ | ३ | ३+१३+७=२३ |
| २५ | कविता-२५ | ३ | ४+२०+९=३३ |
| २६ | कविता-२६ | ५ | २+३+७+४+१४=३० |

पङ्क्तिपुञ्जका आधारमा सबभन्दा धेरै पङ्क्तिपुञ्ज भएको कविता १४ हो भने सबभन्दा कम पङ्क्तिपुञ्ज भएका कविता-६, १३ र १६ हुन् ।

### ४.३.२ विषयवस्तु

**देवयान** कवितासङ्ग्रह कवि हरिप्रसाद पोखरेलले आफ्नी हजुरआमा र आमाको सम्झनामा लेखेका हुन् । देवकुमारी पोखरेल उनकी हजुरआमाको नाम हो भने यानकुमारी पोखरेल कविकी आमा हुन् । हजुरआमा र आमाको नामको सुरुका दुई अक्षर संयोजन गरी समग्र कविता सङ्ग्रहको नामकरण गरिएको छ ।

प्रस्तुत कवितासङ्ग्रहभित्र सङ्गृहीत सम्पूर्ण कविता देवयान शीर्षकसँग सम्बन्धित भएर रचिएका छन् । विभिन्न प्रसङ्गमा विभिन्न मितिमा लेखिएका यस कवितासङ्ग्रहका समग्र कविताको विषयवस्तु पनि शीर्षक केन्द्रित नै छन् । कवितासङ्ग्रहभित्र आएका मुख्य पात्रका नामबाट समग्र कविता सङ्ग्रहको नामकरणबाट पनि यस कुराको पुष्टि हुन्छ । सङ्कलित समग्र कविताको रचनाकालको पनि उल्लेख गरिएको छ जसअनुसार मिति २०५० असोज १७ गतेदेखि २०५१ असोज २८ गतेसम्ममा सबै कविता रचना गरिएका देखिन्छन् । मिति २०५० असोज ५ गते कविकी आमा यानकुमारी पोखरेलको निधन भएको हो । यसको करिब चार महिनापश्चात् उनकी हजुरआमा देवकुमारी पोखरेलको निधन भयो । विशेष गरेर आमा र हजुरआमासँग नजिक रहेर हुर्किएका कविले तिनको मृत्युपछि शोकसन्तप्त भएर तिनैसँग सम्बन्धित विगतका घटनालाई प्रायः समग्र कविताको कथ्य बनाएका छन् । विभिन्न प्रसङ्ग वा घटनाले आमा वा हजुरआमाको स्मरण भएको कारण प्रत्येक कविता ती प्रसङ्ग वा घटनासँग मात्र सीमित भएको देखिन्छ । कविले विगतमा विभिन्न समय एवम् स्थानमा आमा र हजुरआमासँग बिताएका क्षण नै समग्र कवितासङ्ग्रहको मूल विषयवस्तुका रूपमा रहेको देखिन्छ । विशेष गरी कविलाई एक वर्षभित्र आउने प्रमुख चाडपर्वले आमा र हजुरआमाको सम्झना गराएका छन् । एक किसिमले भन्दा कविले सम्पूर्ण कविताको विषयवस्तुलाई गौण र आमा र हजुरआमाको सम्झनालाई प्रमुखताका साथ व्यक्त गरेका छन् । सङ्गृहीत समग्र कविता कारुणिक शैलीमा रचिएको हुनाले यसलाई आमा र हजुरआमाको सम्झनामा रचिएको शोक सङ्ग्रह पनि भनिएको छ ।

### ४.३.३ भावविधान

देवयान कविता सङ्ग्रहका कविताहरूबाट अभिव्यक्त हुने मूल भाव भनेको कारुणिकता हो । यो भाव कविकी आमा र हजुरआमाको शोकलाई लिएर प्रस्तुत गरिएका कविताहरूद्वारा प्रकट भएको देखिन्छ । आफ्नी आमा र हजुरआमाको मृत्युले गर्दा शोकाकुल बन्न पुगेका कविले आफ्ना विभिन्न समयमा उठेका कारुणिक भावलाई 'देवयान' कवितासङ्ग्रहभित्र समेटेका छन् । आमा र हजुरआमाको शोकमा रचित भएकोले यस कवितासङ्ग्रहलाई शोकसङ्ग्रह पनि भनिएको देखिन्छ ।[१९] एकै बर्षभित्र आमा र हजुरआमालाई गुमाउन पुगेका कविले आफ्ना करुणमय भावहरू दुवैका सम्झनामा समान रूपले व्यक्त गरेको देखिन्छ । विशेष गरेर आमा र हजुरआमाको स्नेहमय वातावरणमा हुर्केका कविलाई तिनको वियोगले गर्दा शोकमय बनाएको हो । विभिन्न चाडपर्वका प्रसङ्गमा कविले आमा र हजुरआमालाई सम्झेका छन् र तिनीहरूसँग बिताएका विगतका क्षणलाई कविले आफ्ना कवितामा समेटेका छन् । तिनै स्मृतिपरक करुणवर्णन नै यस कवितासङ्ग्रहको मूल भावपक्षका रूपमा रहेको देखिन्छ ।

कविकी आमा यानकुमारी पोखरेलको निधन वि.सं. २०५० असोज ५ गते भएको हो । वि.सं. २०५० असोज १७ गते **देवयान** कवितासङ्ग्रहमा सङ्गृहीत पहिलो कविताको रचना भएको देखिन्छ । आफ्नी आमाको मृत्युले गर्दा शोकाकुल भएका कविले आफ्ना करुणमय भावलाई पहिलो कवितादेखि नै व्यक्त गरेको देखिन्छ । यसबाट पनि आमाको शोकले गर्दा उत्पन्न भएका आफ्ना भावलाई कविले आफ्नो कवितामा समेटेको कुरा स्पष्ट हुन्छ ।

आफ्नी आमालाई गुमाउनु पर्दा कविले आफ्ना मनमा उठेका करुणमय भावलाई आफू जन्मेदेखिका कुरामा लगेर गाँसेका छन् । प्रसव वेदनाको अवस्थामा मृत्यु र जीवनको दोसाँधमा रहेकी आफ्नी आमा कविको जन्मसँगै सारा व्यथालाई बिर्सेर पुत्रप्राप्तिको खुसीले आफूलाई काखमा लिएको क्षणलाई कविले कल्पना गरेका छन् । सन्तानको माया आमाको निम्ति कति ठूलो हुन्छ जसले प्रसव वेदनाजस्तो पीडालाई पनि एकै छिनमा भुलाइदिन सक्छ भन्दै कविले आफ्नो भावलाई यसरी व्यक्त गरेका छन् :

---

१९.पोखरेल, हरिप्रसाद, **देवयान** ( काठमाडौं : यज्ञप्रसाद पोखरेल, २०५७ ) पृ.२

*मातृभूमिबाट जगत् भूमिका प्रवेशको मेरो बेला*
*असह्य प्रसव-वेदनाले*
*चाउरी परेको आमाको निधार*
*क्षणभरमै मुस्कुराएका ओठहरू*
*सम्झने प्रयत्न गरिरहेको छु ...*

(देवयान, पृ. २, कविता-१)

आफूलाई जन्मदिने, आफ्नो जन्ममा सारा पीडालाई बिर्सिएर रमाउने, आफूलाई जिउन सिकाउने, आफ्नो हरेकपल्टको आगमनमा रमाउने आफ्नी आमाको मृत्युले कवि आफ्नो जीवनलाई वसन्तविहीन ऋतु जस्तो अनुभव गर्दछन् । आफूले खाइनखाई आफूलाई खुवाउने आमालाई दागबत्ती दिनुपर्ने अवस्थाले कविलाई असह्य वेदना भएको देखिन्छ जसलाई कविले निम्न कविताद्वारा व्यक्त गरेका छन् :

*आफूले पानी पिएर*
*मलाई दूध पियाएको मुखमा*
*हृदयलाई ढुङ्गो बगाई*
*अग्नि प्रज्वलित गर्नुपर्नेछ ।*

(देवयान, पृ. ११, कविता-४)

प्रत्येक चाडपर्वको आगमनले कविलाई आफ्नी आमाको सम्झना हुन्छ र कविले विगतका चाडपर्वमा आमासँग बिताएका क्षणहरूको वर्णन पनि करुणशैलीमा गरेको देखिन्छ । सबभन्दा बढी शोकमग्न त कवि त्यतिखेर देखिएका छन् जतिबेला उनलाई एकबर्ष अगाडिको विजयादशमीको स्मरण हुन्छ । कविले उक्त घटनाको स्मरण यति करुणमय किसिमले गरेका छन् कि जसलाई कविकै शब्दमा व्यक्त गर्दा बढी अर्थपूर्ण देखिएला :

*गत बर्ष आमा र हजुरआमाको*
*न जाऊ न जाऊ भन्ने प्रेम शब्दलाई कुल्चेर*
*म चुपचाप निस्किएको थिएँ*
*धेरै पर पुगेर पछाडि फर्किंदा*
*टोलाएर हेरिरहेकी आमालाई देखेको थिएँ*
*घटस्थापनाको त्यो दिन ...*

*'यो बर्ष बसेनौ*
*अर्को बर्ष मर्छु कि बाँच्छु...'*
*आखिर म हारें*
*विजय आमाको नै भयो*
*म मात्र होइन*
*विजया दशमीको*
*अन्तिम आशीष पनि टुहुरो भयो ।*

(देवयान, पृ. १६-१७, कविता-७)

यसरी आमाको मृत्युले मर्माहत भएका कविलाई एकबर्ष पनि नपुग्दै अर्को पीडाले स्तब्ध बनाएको छ । अर्थात् आफ्नी आमा यानकुमारी पोखरेलको निधन भएको चार महिना पश्चात् उनकी हजुरआमा देवकुमारी पोखरेलको निधन भयो । एउटा पीडामाथि अर्को पीडा सहन गर्नुपर्दा कवि झन् शोकमग्न हुन पुगेका छन् जसलाई निम्न कविताद्वारा कविले व्यक्त गरेको देखिन्छ :

*प्रकृतिले पुनः एक जोरदार*
*वियोगको बाण हान्यो*
*म ढल्न खोज्दा खोज्दै*
*सम्हालिएर खडा भएँ*
*घरको श्मशान-शान्ति*
*र पिताजीको शरीरमा लपेटिएको धवल वस्त्रले*
*मलाई चोटमा चोट पुऱ्यायो*
*मातृस्पर्शका दुई पहाडहरू*
*केही महिना मै अनायास गर्भस्थ भए ।*

(देवयान, पृ. २६, कविता-१०)

हजुरआमाको निधनसँगै कविलाई हजुरआमासँग बिताएका विगतका घटनाहरूको स्मरण भएको छ । बाल्यकालदेखि मृत्यु हुनुभन्दा अगाडिसम्मका प्रसङ्गहरूलाई उनले विभिन्न कवितामा समेटेको देखिन्छ । हजुरआमासँग सम्बन्धित विभिन्न घटनाहरूको स्मरण पनि कविले बडो कारुणिक किसिमले गरेका छन् ; जस्तै :

*स्मृतिको आँखा खोल्दा*
*म हजुर आमाको काखमा थिएँ*
*बीसौं पुष-माघको कठ्यांग्रिने जाडो*
*एउटै सिरक मुनि हामीहरूले*
*गुटमुटिएर बिताएका थियौं*
*जवान भएर बाहिरिन थालेपछि पनि*
*गृह आगमनमा उहाँको सान्निध्यमा*
*म सारा दुःखहरू बिर्सेर समाधिस्थ हुन्थे ...*

(देवयान, पृ. २८, कविता-११)

हजुरआमाको मृत्यु हुनुभन्दा अगाडि उनका कविता मूल रूपमा आमाको स्मृतिमा केन्द्रित थियो तर मृत्युपछिका कवितामा भने दुवैको सम्झना समान रूपमा अधिकांश कवितामा व्यक्त भएको देखिन्छ । यद्यपि देवयान कविता सङ्ग्रह आमा र हजुरआमाको देहान्तले गर्दा तिनकै स्मृतिमा रचित भए तापनि ठाउँ ठाउँमा बुबा र आफ्नी दिदी मिठूको पनि उपस्थिति देखिन्छ जसलाई कविले सरल तर कारुणिक रूपमा व्यक्त गरेको देखिन्छ ; जस्तै :

*आज स्कुलमा सरस्वती-पूजा पनि हुने दिन*
*बुबा र दिदीसँग पूजा थाली बोकेर*
*म अघि बढें*
*पछाडिबाट हजुर आमा र आमाका शुभ संकल्प आशीर्वचनहरू धाराप्रवाह आइरहेका थिए*
*सरस्वतीको सधैं कृपा रहोस् ।*

(देवयान, पृ. ३७, कविता-१४)

यसरी के देखिन्छ भने देवयान कविता सङ्ग्रह आमा र हजुरआमाको मृत्युले गर्दा शोकाकुल हुन पुगेका कविले आफ्ना मनमा उठेका करुणमय भावलाई कवितामा व्यक्त गरेका छन् । यसरी उनले व्यक्त गरेका भावहरू अत्यन्त कारुणिक देखिन्छन् र यस कविता सङ्ग्रहको मूल तथा सफल भाव पक्ष भनेको कारुणिकता नै हो भन्न सकिन्छ । सङगृहीत सम्पूर्ण कविता एक शीर्षक केन्द्रित भएकाले पनि सबै कविता मूल रूपमा करुण वर्णनमा केन्दित भएका छन् भन्न सकिन्छ ।

### ४.३.४ भाषाशैली

मुक्त लयमा सरल शैलीमा रचिएका २६ कविताको सङ्ग्रह नै **देवयान** हो । सरल अभिधेयार्थमा नै प्रायः कविताहरू रचिएका छन् ; जस्तै :

*ए, आज त लक्ष्मीपूजा रहेछ*
*बिहानदेखि हिँडेको*
*मलाई त थाहै भएन ।*

(देवयान, कविता-८)

केही अपवादका रूपमा बिम्ब एवम् प्रतीकको प्रयोग पनि कवितामा देखिन्छ ; जस्तै :

*जीवनको कमाइ*
*मनको उतार-चढावको रेचन*
*सधैँ पिउने गरेको नसा*
*कलम र कागजको जड मिश्रणमा*
*चेतनाको घोल मिसाई भरेको कम्पन*
*भरिएका यी सोमरसका दराजहरू*
*पिउँदा पिउँदा यी नसाहरू*
*बेहोसबाट होसमा पुग्दथेँ म*
*कति नसा गलत पिएर*
*होसबाट बेहोस हुन्थें ।*

(देवयान, कविता-२)

प्रसङ्गात् कविले कतै सूक्ष्म व्यङ्ग्यात्मक शैलीलाई पनि अपनाएको देखिन्छ ; जस्तै :

*संस्कृतिको सम्मान स्वरूप*
*गाईको पुच्छर समातेर*
*पण्डितजीको मन्त्रोच्चारण*
*गोदान गर्‍यौं हामीले*
*एउटा गाई हजारौं पटक पाँच रुपैयाँमा बेचेर*
*धर्म बचाउन*

*सलाइन चढाइरहेका थिए पण्डित जी*

(देवयान, कविता-१३)

प्रायः कविता सरल एवम् सहज रूपमा बगेको देखिन्छ । पूर्वीय दर्शनको प्रभाव कतिपय कवितामा परेको देखिन्छ ; जस्तै :

*पार्थिव शरीर छोडेर*
*परा-शरीर अनन्त यात्रामा*
*चुपचाप साङ्ख्य दर्शनको द्रष्टाजस्तै*
*मौन मुस्कुराहटमा*
*खुम्चिएका निधारका रेखाहरूलाई*
*फैलाउँदै फैलाउँदै ...*

(देवयान, कविता-२४)

मुक्तलयका कवितामा अक्षर अनि पङ्क्तिहरू समान रूपमा वितरण भएको पाइँदैन जुन यस कवितामा पनि देख्न सकिन्छ । अल्पविराम, पूर्णविराम, विस्मयादिबोधक चिन्ह, प्रश्नवाचक चिन्ह, विसर्गको प्रयोग, उद्धरण चिन्हको प्रयोग, योजकको प्रयोग कवितामा स्वाभाविक रूपमा गरिएको देखिन्छ ; जस्तै :

क. अल्पविरामको प्रयोगः

*शाश्वत, अध्यात्म, सहज सन्यासको*
*यथार्थ चित्रण गर्दै ...*

(देवयान, कविता-२४)

ख. पूर्णविरामको प्रयोगः

*भन्दछन् सबै आज मलाई यहाँ*
*तँ भइस् टुहुरो*
*तर मलाई त्यस्तो लाग्दैन ।*

(देवयान,कविता-१२)

ग. प्रश्नवाचकको प्रयोग :

*मैले झटपट सोध्न पुगेँ*
*किन ? के ? कहाँ ?*

*दाजुले भन्नुभयो 'घर जानुपऱ्यो'*

(देवयान, कविता-३)

घ. विसर्गको प्रयोगः

*ॐ ह्री सरस्वत्यै नमः*

(देवयान, कविता-१४)

ङ. योजकको प्रयोगः

*अँध्यारा-उज्याला*

*यात्रा-सहयात्रा*

*मानव-घाउमा मलमपट्टी*

(देवयान, कविता-९)

संस्कृत शब्द एवम् मन्त्रको प्रयोग त कतिपय कवितामा अनिवार्य नै भएको देखिन्छ ; जस्तै :

*माघ शुक्ल पञ्चमी*

*ॐ ह्रीं सरस्वत्यै नमः*

(देवयान, कविता-१४)

*चरैवेति... चरैवेतिको मन्त्रदीक्षा ।*

(देवयान, कविता-६)

तत्सम एवम् आगन्तुक शब्दको प्रयोग पनि कवितामा स्वाभाविक रूपमा गरिएको देखिन्छ । प्रयोग गरिएका कतिपय तत्सम एवम् आगन्तुक शब्दहरू निम्न छन् :

तत्सम- *उल्लास, शून्य, भूकम्प, विजय, विगत, सरस्वती, शारीरिक, बालविनोद, द्रवित, संस्मरण, सङ्कट, शब्दसंयोजन, भाषा, स्मृतिपटल, अमृत, रस, तृप्ति, समुद्र, पाप, स्पष्ट, हृदय, प्रतीक्षा, विसर्जन, मन्त्र, सन्यास, महर्षि, प्रकृति, चेतना, ज्ञान, परिजन, शोक, श्राद्ध, गेरु, कृष्ण, अखण्ड, जगत्, विशाल, अनन्त, भक्ति, आदर्श, सहस्र, प्रतीक, गर्भधारण, रजस्वला, अहोभाव, धर्म, बृद्ध, अवचेतना आदि ।*

आगन्तुक- *पलङ, खडा, सिकन्दर, हिटलर, सायद, स्कुल, गाडी, बस, मोटर, टिकट, सन्जु, फोन, कपडा, जमिन, आज, होस, बेहोस, सिपाही, मैदान, खण्डहर, फकिर, हजुर, सहर, बारुद, मेसिन, अचानक, लडाइँ, बिदा, पुकार, जवान, दर्द, पाइजामा, असल, खुसी, आँगन, भोले, डोरी, साथी आदि ।*

तत्सम शब्दको तुलनामा आगन्तुक शब्दको प्रयोग ज्यादै कम छ । समग्रमा भन्दा सरल, सुबोध्य, करुण एवम् संस्मरणात्मक शैली नै यस कविताको मुख्य भाषाशैलीय विशेषता हो ।

## ४.४ खोज कवितासङ्ग्रहको विश्लेषण

### ४.४.१ शीर्षक र संरचना

यस कविता सङ्ग्रहमा पच्चीस विभिन्न शीर्षकमा रचित कविताको सङ्कलन गरिएको छ । प्रस्तुत कवितासङ्ग्रह डा. हरिप्रसाद पोखरेलको नामबाट प्रकाशित छ । उनको अर्को नाम मानसाग्निको उल्लेख प्रस्तुत कवितासङ्ग्रहमा देखिँदैन । मानवता नै हरिप्रसाद पोखरेलको उल्लेख्य प्रवृत्ति देखिन्छ । उनका अन्य प्रवृत्ति देखिए पनि मानवताको उद्भावना गर्नु प्रस्तुत कवितासङ्ग्रहको मूल प्रयोजन देखिन्छ । यस सङ्ग्रहका अधिकांश कविता मानवताको उच्च आदर्शलाई जगाउन प्रवृत्त देखिन्छन् । **खोज**, **एकता** जस्ता कविता एक शब्दात्मक शीर्षक भएका कविता हुन् भने **प्रेमको मनसुन आमन्त्रण गरौं**, **प्रकृति मलाई प्रश्न गर्छे** वाक्यात्मक शीर्षक भएका कविता हुन् । **खोज** यस कविता सङ्ग्रहको पहिलो कविता हो भने **मृत-मृत्यु** अन्तिम कविता हो । अधिकांश कविताको शीर्षक अभिधेयार्थमा नै राखिएको छ । शीर्षकले कविताको मूल भाव वा कथ्यलाई प्रतिनिधित्व गरेको देखिन्छ । बिम्बात्मक र प्रतीकात्मक शीर्षक भने प्रायः न्यून छन् । मानवता, प्रेम, जगत्, जीव र जीवनको अस्तित्व, प्रकृतिचित्रण, प्रकृतिप्रेम, आध्यात्मिकता जस्ता कुरालाई अधिकांश कवितामा समावेश गरिएको छ । सङ्क्षेपमा भन्दा यस कविता सङ्ग्रहले जीव, जगत् र जीवनको महत्त्वलाई बोध गराउन खोजेको छ । त्यस्तो महत्त्व बुझेको एक पूर्ण मानवको खोज यस कविता सङ्ग्रहले गरेको छ । त्यही मानवको खोज नै प्रस्तुत कविता सङ्ग्रहको शीर्षकको प्रतिनिधि बनेको छ । शीर्षकले समग्र कविता सङ्ग्रहको भावलाई समेट्ने प्रयास गरेको

छ । शीर्षक प्रतिनिधिमूलक देखिन्छ । सङ्कलित **खोज** कविता नै समग्र कवितासङ्ग्रहको शीर्षक भएर आएको छ ।

यस कविता सङ्ग्रहमा २५ वटा कविता सङ्कलित छन् । सम्पूर्ण कविता लघु आयाम भएका कविता हुन् । यहाँ पनि पङ्क्तिपुञ्जको स्पष्ट रूपमा विभाजन गरिएको छैन । सम्पूर्ण कविताको संरचनालाई पूर्ण विरामलाई आधार मानी पङ्क्ति एवम् पङ्क्तिपुञ्जमा विभाजन गरिएको छ । कुनै पनि पङ्क्तिमा अक्षर वा शब्द सङ्ख्याको नियोजित समानता देखिँदैन । एउटा कविताभित्र पनि असमान पङ्क्तिद्वारा एक पङ्क्तिपुञ्जको निर्माण भएको देखिन्छ । प्रत्येक कविताको संरचनालाई निम्नानुसार पङ्क्तिपुञ्ज एवम् पङ्क्तिमा विभाजन गरिएको छ :

| **क्र.सं.** | **कविताको शीर्षक** | **पङ्क्ति -पुञ्ज** | **पङ्क्तिसङ्ख्या** |
|---|---|---|---|
| १ | खोज | ७ | २+२+४+९+४+६+११=३८ |
| २ | प्रेमको मनसुन आमन्त्रण गरौं | ५ | ४+५+२०+१५+३=४७ |
| ३ | तीन फुटको देश पाँच फुटको मान्छे | ४ | ४+२+६+१५=२७ |
| ४ | फुटेको गमला र फूल | ५ | ४+६+७+१४+४=३२ |
| ५ | प्रकृति मलाई प्रश्न गर्छे | ५ | २+९+२+६+१०=२९ |
| ६ | आकाश र ढुङ्गाहरू | ३ | ४+५+१३=२२ |
| ७ | वसन्त प्रतीक्षा | ५ | ६+५+४+१५+७=३७ |
| ८ | सचेत ! चोर पसिसकेका छन् | ६ | ६+९+३+४+५+४=३१ |
| ९ | हार/जित | १३ | २+८+९+११+२+७+८+६+३+४+२+१+५=६८ |

| | | | |
|---|---|---|---|
| १० | कृत्रिममाली | ३ | १५+४+७=२६ |
| ११ | धराशायी भेद र भित्ताहरू | २ | ४+२५=२९ |
| १२ | लाग्छ इतिहास जलाइदिऊँ | ५ | ११+४+१२+८+५=४० |
| १३ | सत्याग्रहको अग्नि | ३ | ९+६+५=२० |
| १४ | एकता | ५ | २+९+३+३+१६=३३ |
| १५ | सुस्केरा काढेको आकाश | ४ | १४+४+५+४=२८ |
| १६ | अनवरत एक्लै | ६ | १६+६+५+५+३+४=३९ |
| १७ | आफैभित्र हास्ने मन्त्र हो | ८ | ३+३+३+३+४+४+४+९=३३ |
| १८ | थकित अनुहार दृष्टि | २ | २+१४=१६ |
| १९ | आँसु र हाँसो | ७ | २+१+७+५+३+८+९=३५ |
| २० | नद चैतन्य | १३ | २+२+२+३+२+१+३+१०+५+२+३+२+५=४२ |
| २१ | बिन्दु: मनस-शिशु | १५ | १+२+५+४+२+७+५+३+१+६+३+२+२+२+२= ४७ |
| २२ | सुतेर हराएको सहर | ६ | ९+५+८+४+३+३=३२ |
| २३ | पेट र कवि | ७ | ५+४+४+४+२६+४+४=५१ |
| २४ | मेरी प्रिया प्रकृति | १९ | १२+५+४+६+२+१७+८+६+३+२+९+८+९+४ +६+२+३+१+८=११५ |
| २५ | मृत-मृत्यु | ६ | ८+५+७+२+४+७=३२ |

### ४.४.२ विषयवस्तु

खोज कवितासङ्ग्रहमा सङ्कलित सम्पूर्ण कविता लघु आयाम भएका छन् । लघु आयाम भएका कवितामा विषयवस्तुको विस्तार भएको पाइँदैन । यस्ता कवितामा

विषयवस्तुलाई सूक्ष्म रूपमा प्रस्तुत गरिएको पाइन्छ । कवि हरिप्रसाद पोखरेलले आफ्नो जगत् र जीवको महत्त्व एवम् कल्याणकारिता सम्बन्धी विचार, भाव एवम् दृष्टिकोणलाई व्यक्त गर्न यी कवितामा विभिन्न विषयवस्तुलाई आधार बनाएको देखिन्छ । यस्ता विषयवस्तुद्वारा उनले मानवता, देशभक्ति, प्रकृतिप्रेम, आध्यात्मिकता जस्ता कुरालाई प्रतिबिम्बित गर्न खोजेको बुझिन्छ । मूलरूपमा यस्ता कविताहरूमा सामाजिक विषय बढी आएको देखिन्छ । यसका अतिरिक्त धार्मिक, आध्यात्मिक एवम् प्रकृति जस्ता विषय पनि कवितामा प्रतिबिम्बित भएका छन् ।

विभिन्न कुराका नाममा भएका सामाजिक विकृति एवम् विसङ्गति मूल कथ्यका रूपमा कवितामा आएको देखिन्छ । यस्ता सामाजिक विकृति एवम् विसङ्गतिलाई मानवताका आधारमा, आध्यात्मिक चिन्तनका आधारमा हटाउन सकिने कविको आशय देखिन्छ । प्राकृतिक समाजको सुरक्षामा नै सबैको कल्याण हुने कुरा पनि कतिपय कवितामा देखाइएको छ । धर्मका नाममा, जातीयताको नाममा, भौतिक विकासको नाममा, विलासिताको नाममा, स्वार्थी प्रवृत्तिका नाममा, राष्ट्रियताका नाममा, आध्यात्मिक ज्ञानको अभावमा समाजमा विद्यमान विकृति एवम् विसङ्गतिको सूक्ष्म चित्रण नै कविताका विषयवस्तुका रूपमा आएका देखिन्छन् । यस्ता विषयवस्तुको प्रस्तुतिद्वारा कविले समाज सुधारको अपेक्षा पनि गरेको देखिन्छ । मानवसमाजमा कविले शान्ति एवं मेलमिलापको अभाव अनुभव गरेका छन् । सर्वत्र झैझगडा र दुर्व्यवहारले गर्दा समाज विकृत भएको छ । मानवजीवन र समाजमा वसन्तको आगमन नभएको प्रकृतिको शिक्षालाई नबुझ्नु हो भन्ने कविताको आशय देखिन्छ । सुख र दुःख जीवनको अभिन्न अङ्ग भए पनि सुखको क्षणको अनुभव कविले समाजमा गर्न नसकेको देखिन्छ । प्रकृतिमा प्रत्येक वर्ष वसन्तको आगमन हुने तर मानव समाजमा कहिल्यै वसन्त न आएको कविले यसप्रकार बताएका छन् :

*वृक्षहरूमा त प्रतिबर्ष वसन्त आउँछ*
*मानिसमा वसन्त कहिले आउने होला ?*

('वसन्त प्रतीक्षा' कविताबाट)

कवि आफू स्वयम् कवि भएका नाताले पनि कविको वास्तविक अवस्था र सामाजिक अवस्थालाई कवितामा उतारेको देखिन्छ । सभा र समारोहमा कविको

स्वागत एवम् सम्मान गरिए तापनि कवि भएर बाँच्न गाह्रो भएको यथार्थलाई कविले यसप्रकार दर्साएको देखिन्छ :

*महँगा रङ्ग-पुष्पमालाहरू*
*र प्रशस्ति-गान-सम्मान*
*आयोजित श्रोताहरूको*
*वाह ! वाह !! ताली !*
*र परोक्ष*
*करुण रोदन, सलज्जदृश्य*
*भोकले आत्तिएका सन्तानको रुवाई*
*झुत्रोमा बेरिएको स्त्री-वदन ..*

('पेट र कवि' कविताबाट)

प्रकृतिप्रेमी कवि हरिप्रसाद पोखरेल प्रकृतिको संरक्षणमा पनि जोड दिन्छन् । यस कुराको पुष्टि उनका कवितामा प्रस्तुत प्रकृतिको वास्तविक चित्रणद्वारा पनि हुन्छ । समाजमा प्राकृतिक वस्तुको ठाउँ कृत्रिमताले ओगटेकोमा कवि दुखित भएका छन् । वास्तविक सौन्दर्य प्रकृतिमा रहने कविको अनुभव देखिन्छ र आफू वास्तविक सौन्दर्यको दर्शनबाट वञ्चित भएको बताएका छन् । कृत्रिम प्लाष्टिकका फूलले घर सजाउनेलाई उनले कृत्रिम मालीको संज्ञा दिएका छन् ; जस्तै :

*कस्तो समय आइरहेछ ?*
*प्राकृतिक यथार्थको हत्या भइरहेछ*
*वञ्चित गरिरहेछन् मलाई*
*प्रकृति र वास्तविक सौन्दर्य दर्शनको अनुभूतिबाट*
*यी कथित*
*कृत्रिम मालीहरूको भीड ।*

('कृत्रिम माली' कविताबाट)

आध्यात्मिक चिन्तनमा पनि कविको रुचि देखिन्छ । अर्थात् आध्यात्मिक विषयलाई पनि उनले कवितामा समेटेको देखिन्छ । **हार/जित**, **धराशायी भेद र भित्ताहरू**, **सत्याग्रहको अग्नि**, **अनवरत एक्लै**, **मृत-मुत्यु** जस्ता आध्यात्मिक विषय केन्द्रित कविता हुन् । यी कवितामा आत्मतत्त्वको स्थिरता, निष्कपटता, नित्यता,

अमरता जस्ता कुरालाई दर्साउन खोजिएको छ । कविले यस्ता विषयलाई मानव समाजमा देखिएका विभिन्न विकृतिलाई हटाउनको निम्ति प्रयोग गरेको देखिन्छ ; जस्तै :

*फूलभित्र म फुलें जस्तो लाग्दछ*
*चराभित्र म उडेंजस्तो लाग्दछ*
*म जो देख्छु*
*उसभित्र मलाई नै भेट्टाउँछु*
*त्यसैले त धराशायी हुन्छन्*
*म भित्र*
*मानव निर्मित भेद र भित्ताहरू ।*

(`धराशायी भेद र भित्ताहरू' कविताबाट)

यसरी समग्रमा हेर्दा यस कवितासङ्ग्रहमा मूल रूपमा सामाजिक विषय नै कथ्यका रूपमा आएको देखिन्छ । आध्यात्मिक विषय पनि समाज कल्याणहेतु नै अग्रसर देखिन्छ । प्रकृतिलाई पनि कविले महत्त्वपूर्ण स्थान दिएको देखिन्छ । लघु आयामका कविता भएकाले कुनै पनि कवितामा वस्तुको भने विस्तार भएको पाइँदैन ।

### ४.४.३ भावविधान

कवि हरिप्रसाद पोखरेलका अधिकांश कवितामा मानवतावादी भाव प्रकट भएको देखिन्छ । उनको प्रमुख कवितात्मक प्रवृत्तिमध्ये मानवता पनि एक हो । खोज कवितासङ्ग्रहभित्रका अधिकांश कवितामा पनि कतै प्रत्यक्ष त कतै अप्रत्यक्ष रूपमा उनको मानवतावादी भाव व्यक्त भएको छ । तर उनको मानवतावादी धारणा अली फराकिलो देखिन्छ । उनी केवल मानवमात्रको कल्याण गर्नुलाई मानवता भन्दैनन् । प्रकृतिका सबै कृतिहरू मध्ये मानव चेतनशील भएकाले सम्पूर्ण प्रकृतिको संरक्षण गर्नु नै उनी मानवीय उत्तरदायित्व ठान्दछन् । अर्को शब्दमा भन्दा सम्पूर्ण प्रकृतिको संरक्षण नै कविको मूल मानवतावादी भावना जस्तो देखिन्छ र जसलाई कविले यसप्रकार व्यक्त गरेका छन् :

*जाग ! जीव, जीवन र जगत्को त्रिवेणीबाट*
*फर्क प्रकृति रक्षा खाँतिर*

*यो सृष्टिका सुन्दरतम कोपिलाहरूका खाँतिर*

*ममतापुञ्ज आमा बनेर ।*

(`मेरी प्रिया प्रकृति' कविताबाट)

त्यस्तै कविले हरेक क्षेत्रमा मानवताको उपहास एवम् अवमूल्यन भएकोमा चिन्ता व्यक्त गरेका छन् । कविको मानवतावादी भावना यति व्यापक देखिन्छ कि उनी इतिहास पल्टाउँदा पनि मानवताको हत्या भएको अनुभव गर्दछन् । धर्म जस्तो पवित्र क्षेत्रमा पनि मानवता साँघुरिएको कविको अनुभव छ । राजनीति पनि मानवकै विनाशमा अग्रसर भएको र हरेक क्षेत्रमा विभिन्न कुराका आडमा मानवताको नाश भएकोमा कवि अत्तालिएका छन् । मानव जस्तो सर्वश्रेष्ठ प्राणी भएर पनि उसले आफ्नो चेतनालाई गुमाएर अमानवीय कुरालाई परिणाम दिएकोमा कविलाई खेद छ । यसरी मानवता मानव समाजबाट नै टाढिँदै गएकाले कवि भावुक बनेका छन् र मानवताका निम्ति उनले आफ्ना भावलाई यसरी व्यक्त गरेको देखिन्छ :

*तर यहाँ मानव पो भत्किँदै छ*

*करोडौं बर्षदेखि लिपपोत नपाएका खण्डहरूबाट*

*खस्किँदै छन् मानवताका इँटाहरू*

*चेतनाको टेका नपाएर*

(`लाग्छ इतिहास जलाइदिऊँ' कविताबाट )

त्यस्तै आध्यात्मिक चिन्तन पनि प्रमुख भावका रूपमा अधिकांश कवितामा अभिव्यक्त भएको छ । यस सङ्ग्रहमा पनि मान्छेको खोजी कविता सङ्ग्रहमा जस्तै आत्मतत्त्वको नित्यता, अमरता जस्ता कुरालाई नै आध्यात्मिक चिन्तनको मूल प्रयोजनका रूपमा अभिव्यक्त गर्न खोजिएको देखिन्छ । यसका अतिरिक्त धेरै जसो कवितामा आध्यात्मिकता र मानवता एकअर्काका परिपूरकका रूपमा आएका देखिन्छन् । अर्को शब्दमा भन्दा कविको आध्यात्मिक चिन्तन पनि मानवताकै निम्ति प्रस्फुटित भएको देखिन्छ । यसर्थ के भन्न सकिन्छ भने कविले मानवता र आध्यात्मिकतालाई एकअर्काका परिपूरकका रूपमा प्रस्तुत गरेका छन् । अबोध, निष्कपट एवम् जिज्ञासु मन जसलाई कविले जीवात्माका रूपमा प्रतिबिम्बित गरेका छन् त्यसमा मानवीय भावना सञ्चार गर्नुपर्ने कवि बताउँदछन् । त्यस्तो मनमा अहङ्कार एवम् राक्षसी भावना भर्न नहुने कविको भाव देखिन्छ  जसलाई कविले यसप्रकार व्यक्त गरेका छन् :

*जिज्ञासु मन*
*त्यो बिन्दु*
*अबोध शिष्य-भाव सिक्दछ*
*मानवताको स्वर पाठ*
*प्रज्वलित गर्दछ ।*
*मानवीय जीवन मूल्यहरूको दीप*
*लेख्दछ ।*
*मानवीय संवेदनाहरूको मन्त्र*
*धारण गर्दछ ।*
*मानव-आदर्शहरूको अस्तित्व*
*गुन्गुनाउँछ ।*

('बिन्दु, मनस-शिशु' कविताबाट )

मानवता भन्ने कुरो कवि आत्मा जस्तै नित्य भएको ठान्दछन् । अतः कविको विचारमा मानवता र आत्मा समान जस्तो देखिन्छ । जसरी परमात्मा जीवात्माका रूपमा हरेक मानवमा विद्यमान रहन्छ त्यस्तै मानवता पनि हरेक मानवमा बिन्दुको रूपमा रहेको कविको विश्वास देखिन्छ । यसरी हरेक मानवमा रहेको भावनालाई कुनै सीमामा बाँध्न नहुने कविले बताएका छन् । कविको विचारमा भावना भनेको चेतना हो र चेतनालाई प्रवाहित हुन दिनुपर्ने भाव कविले यसरी व्यक्त गरेका छन् :

*मलाई सीमामा न बाँध*
*निक्कै जरुरी छ ।*
*एक नदी बग्न*
*तिमी भित्र नै म*
*बिन्दु भएर रहेको छु ।*

('नद-चैतन्य' कविताबाट)

यसरी कतिपय कवितामा मानवता र आध्यात्मिकता अन्योन्याश्रित भएर आएका देखिन्छन् । त्यस्तै आध्यात्मिक चिन्तनप्रधान कविताहरू पनि उल्लेख्य देखिन्छन् । **आकाश र ढुङ्गाहरू, धराशायी भेद र भित्ताहरू, नदचैतन्य** जस्ता आध्यात्मिक चिन्तन प्रधान कविताका रूपमा रहेका छन् । आध्यात्मिक चेतनाको उद्‌बोध गराउनु नै यस्ता

कविताको मूल प्रयोजन रहेको बुझिन्छ । अतः आध्यात्मिक चिन्तन पनि खोज कविता सङ्ग्रहमा एक उल्लेख्य भाव पक्षका रूपमा रहेको छ भन्न सकिन्छ ।

हरिप्रसाद पोखरेल राष्ट्रप्रेमी कवि पनि हुन्, उनले आफ्ना कवितामा व्यक्त गरेका राष्ट्रवादी चिन्तनद्वारा पनि यस कुराको पुष्टि गर्न सकिन्छ । अर्थात् खोज कविता सङ्ग्रहका कतिपय कवितामा राष्ट्रवादी भाव सहज रूपमा अभिव्यक्त भएको देख्न सकिन्छ । **सचेत चोरहरू पसिसकेका छन्, तीन फुटको देश पाँच फुटको मान्छे** जस्ता उनका राष्ट्रवादी कविताहरू हुन् ।

प्राकृतिक चिकित्सक हरिप्रसाद पोखरेल प्रकृतिप्रेमी कवि हुन् । प्रकृतिको संरक्षणमा नै सबै सुरक्षित रहने भाव उनका अधिकांश कवितामा देख्न सकिन्छ । खोज कविता सङ्ग्रहमा पनि यस्ता प्रकृतिप्रेमी भावहरू सहज रूपमा अभिव्यक्त भएको देखिन्छ । **प्रकृति मलाई प्रश्न गर्छे, वसन्त प्रतीक्षा, मेरी प्रिया प्रकृति** जस्ता कविता प्रकृतिप्रेमका दृष्टिले महत्त्वपूर्ण देखिन्छन् । यसरी के भन्न सकिन्छ भने खोज कविता सङ्ग्रहमा मानवता, आध्यात्मिकता, राष्ट्रियता, प्रकृतिप्रेम जस्ता भाव उल्लेख्य रूपमा आएका छन् । अतः यिनै भावहरू नै खोज कविता सङ्ग्रहका मूल भाव पक्षका रूपमा रहेका छन् भन्न सकिन्छ ।

### ४.४.४ भाषाशैली

यस कविता सङ्ग्रहमा सङ्कलित सम्पूर्ण कविता मुक्तलयमा रचित छन् । पङ्क्तिपुञ्जभित्र पङ्क्ति र पङ्क्तिमा शब्दहरूको वितरणमा निश्चितता छैन । **मान्छेको खोजी** मा जस्तै यस कविता संग्रहका पनि अधिकांश कविता सरल एवम् सुबोध्य नै छन् । बिम्ब एवम् प्रतीकहरूको प्रयोगले गर्दा कुनै कुनै कविताको भाव स्पष्टसँग बुझ्न सकिँदैन । दार्शनिक बिम्बहरूले गर्दा कतिपय कविता सहजबोध्य भने छैनन्न् ; जस्तैः

*आऊ, आफ्ना समस्त सम्भावनाहरू*
*र सामर्थ्य*
*सत्य बनाऊ*
*समुद्र समाओस् बुँदमा*
*नद-चैतन्यमा नस्तै*

('नद-चैतन्य' कविताबाट)

तर अधिकांश कविताको भाषा सरल एवम् बोध्य नै छ ; जस्तैः

*खोजिरहेछु एक माली*
*जसले फूलहरूमा*

*आयातीत र कृत्रिम सुगन्ध न छरोस्*
*गुलाफ र लाहुरे फूलहरूमा सेरामिक रसायनले रङ्गाएर*
*सुन्दरता न ल्याओस् ।*

(`कृत्रिम माली' कविताबाट )

अर्द्धविराम, पूर्णविराम, विस्मयादिबोधक चिन्ह, प्रश्नवाचक चिन्ह, योजक, उद्धरण चिन्ह जस्ता भाषिक चिन्हको प्रयोग पनि कवितामा स्वाभाविक रूपमा गरिएको देखिन्छ ।

क. अर्द्धविरामको प्रयोगः

*मन्द मन्द हावामा लहरिंदै*
*पुष्पपत्र उडेका छन्,*
*नजिकै आइरहेको वर्षातलाई*
*आफ्ना बीजहरू दिएर*

(`वसन्त प्रतीक्षा' कविताबाट)

ख. पूर्णविरामको प्रयोगः

*म एक महापूजाको*
*ध्वनि घोष गर्दैछु ।*
*लुकेर पूजाकोठीबाट होइन*
*अनन्त मनुष्य हृदयबाट ।*

(`खोज' कविताबाट )

ग. विस्मयादिबोधक चिन्हको प्रयोगः

*आयोजित श्रोताहरूको*
*वाह ! वाह !! ताली !*

(`पेट र कवि' कविताबाट )

घ. प्रश्नवाचक चिन्हको प्रयोगः

*मेरी प्रिया प्रकृति*
*मलाई जाँच्ने हो कि ?*
*मदेखि टाढा बाँच्ने हो कि ?*
*मेरो मौनतामा हाँस्ने हो कि ?*

(`मेरी प्रिया प्रकृति' कविताबाट)

ङ. योजकको प्रयोगः

*जात-जाति, रूप-रंग, धर्म-सम्प्रदाय*

*राष्ट्र-राष्ट्रियता*

('मेरी प्रिया प्रकृति' कविताबाट)

च. उद्धरणको प्रयोगः

*आफैभित्र समेटिएर*

*एकातर्फ फर्केर उसले भनेको छ*

*"धेरै लामो समय बितिसकेछ ।"*

('थकित अनुहार-दृष्टि' कविताबाट)

कवितामा तत्सम एवम् आगन्तुक शब्दहरूको प्रयोग पनि उल्लेख्य रूपमा गरिएको देखिन्छ । प्रयोग गरिएका कतिपय तत्सम एवम् आगन्तुक शब्दहरू निम्नानुसार देखाइएका छन् :

तत्सम शब्दहरूः *प्रतीक्षा, सूर्य, उदय, प्रेम, विडम्बना, सुन्दर, प्रकृति, हृदय, वसन्त, मेघ, मुख, गुरुता, बुद्धत्व, सम्भावना, शान्ति, भ्रमित, सहयात्रा, आमन्त्रण, सुन्दर, कुरूप, पात्र, मौन, बिन्दु, धराशायी, उद्वेलित, जड, धर्ती, सचेत, बन्धु, छवि, मौनता, दया, पाठशाला, उत्तरायणी, वायु, प्रवाह, उद्यान, कुद्ध, परमात्मा आदि ।*

आगन्तुक शब्दहरूः *जिना, सहर, आवादी, सडक, डोरी, ताली, मिरा, बादल, आवाज, गल्ली, बसेरा, मनसुन, फुट, कोसिस, झप्की, गमला, कोपिला, मस्त, धुन, मेला, झगडा, प्लास्टिक, सिकन्दर, नेपोलियन, गुलाफ, पर्खाल, लास, ताल्चा, पागल, बेहोस, कारखाना, बाजी, नजिक आदि ।*

आगन्तुक शब्दहरूको प्रयोग यस कवितासङ्ग्रहमा पनि तत्समका तुलनामा धेरै कम देखिन्छन् । संस्कृत शब्दहरूको प्रयोग अत्यधिक देखिन्छ । कतै पूरै संस्कृतकै वाक्यको पनि प्रयोग छ ।

*अन्नं वा प्राणम्*

*प्राणं वा ब्रह्म ।*

('पेट र कवि' कविताबाट)

छोटा छोटा पङ्क्ति एवम् सरल शैली नै यस कविता सङ्ग्रहको विशेषता हो । संस्कृतका शब्दको अधिक प्रयोग पनि स्वाभाविक देखिन्छ । मुक्तलयमा रचित कविता

पद्यात्मक भन्दा बढी गद्यात्मक देखिन्छन् । केही कवितालाई छोडेर अधिकांश कविता सरल एवम् बोध्य छन् ।

**४.५ निष्कर्ष:**

हरिप्रसाद पोखरेलको पहिलो प्रकाशित कवितासङग्रह मान्छेको खोजी हो । विं.सं. २०५० सालमा प्रकाशित यस कवितासङ्ग्रहमा एक्काइसवटा कविता सङगृहीत छन् । लघु आयाम भएका यस सङग्रहका अधिकांश कविताले मानवीय मूल्य, मान्यता र सर्वोपकारितालाई विशेष रूपमा उद्घाटन गरेको देखिन्छ । यसबाहेक आध्यात्मिक चिन्तन, राष्ट्रियता, प्रकृतिप्रेम जस्ता कुराहरू पनि कविले यथाशक्य उपस्थापित गरेको देखिन्छ । मुक्तलयमा आबद्ध यस सङ्ग्रहका कविता सरल एवम् सुबोध्य रहेका देखिन्छन् ।

त्यस्तै वि.सं. २०५२ सालमा पोखरेलको दोस्रो कवितासङ्ग्रह प्रकाशित भएको देखिन्छ । देवयान नाम गरेको उक्त कवितासङ्ग्रहमा २६ कविता सङ्कलित देखिन्छन् । एक शीर्षक केन्द्रित देखिए पनि प्रत्येक कविता प्रसङ्ग र कथ्यका आधारमा भिन्न भएकाले यसलाई कवितासङ्ग्रह भन्नु उचित देखिन्छ । कविले आफ्नी आमा र हजुर आमाको मृत्युले गर्दा उत्पन्न भएका करुण भावलाई यस सङ्ग्रहमा व्यक्त गरेकाले यस देवयानलाई शोक सङ्ग्रह पनि भनिएको पाइन्छ । कविले आफ्नी आमा र हजुरआमासँग उनीहरूको देहान्त अगि बिताएका घटना नै यस सङ्ग्रहका अधिकांश कविताको विषयवस्तुका रूपमा रहेको देखिन्छ । मुक्त एवम् कारुणिक शैलीमा रचित यस सङ्ग्रहका कविता पनि सरल एवम् सुबोध्य छन् ।

कवि पोखरेलको हालसम्म प्रकाशित कवितासङ्ग्रहमध्ये अन्तिम चाहिँ खोज हो । यो वि. सं. २०५७ सालमा प्रकाशित छ । यसमा पच्चीस कविता सङ्कलित छन् । सम्पूर्ण कविताको प्रतिनिधित्व खोजले गरेको देखिन्छ । मानवता, प्रेम, जीव, जगत् र जीवनको अस्तित्व, प्रकृतिप्रेम, राष्ट्रियता जस्ता विषय नै अधिकांश कविताका कथ्यका रूपमा आएका देखिन्छन् । यसमा सङ्कलित कविता पनि मुक्तलयमा आबद्ध छन् ।

यसरी हालसम्म पोखरेलका तीन कवितासङ्ग्रह प्रकाशित भएका छन् । यी कवितासङ्ग्रहद्वारा उनले आफ्नो कविता यात्रालाई ठोस रूप दिएको बुझिन्छ । अझै पनि उनको कविता यात्रा सुचारु रहेको छ ।

★★★★

## अध्याय-पाँच

## उपसंहार

पाल्पा जिल्लाको वडा नं. १४ स्थित सुन्दरगाउँमा वि.सं. २०२० चैत्र २२ गते जन्मिएका हरिप्रसाद पोखरेलको न्वारानको नाउँ धर्मराज हो । पिता यज्ञप्रसाद पोखरेल र माता यानकुमारी पोखरेलका उनी कान्छा सन्तान हुन् ।

पाल्पा जिल्लाकै ताङ्सिगल भन्ने ठाउँबाट सात पुस्ता जति पहिले हरिप्रसाद पोखरेलका पुर्खा सुन्दरगाउँमा आएका हुन् । यस परिवारको मुख्य पेसा कृषि थियो । मूलतः कृषिद्वारा नै हरिप्रसाद पोखरेलको परिवार चलेको थियो ।

हरिप्रसाद पोखरेलको बाल्यकाल जन्मस्थल सुन्दरगाउँमा नै बितेको हो । विशेषगरी हजुरआमा देवकुमारी पोखरेल, आमा यानकुमारी पोखरेल र बाबु यज्ञप्रसाद पोखरेलको सामीप्यमा हरिप्रसाद पोखरेलको बाल्यकाल बित्यो । चराचुरुङ्गी, रूखबिरुवा खोलानाला, हिमाल-पहाड एवम् एकान्तबासलाई मन पराउने हरिप्रसाद पोखरेल यिनकै साथमा घन्टौं बिताउँदथे । सानैदेखि म को हुँ? जन्मअघि म कहाँ थिएँ ? मृत्युपछि कहाँ जानेछु ? जन्म र मृत्युको बीचमा मैले के गर्नु जरुरी छ ? जस्ता जिज्ञासा उनमा उत्पन्न हुन्थे । यही जिज्ञासाले उनलाई योग, प्रकृति एवम् साधनामा लाग्न प्रेरित गरेको बुझिन्छ । उनी सानैदेखि चराचुरुङ्गी, जीवजन्तु र वनस्पतिलाई मानवलाई जस्तै माया गर्नुपर्दछ भनी अरूलाई सिकाउँदै हिँड्दथे ।

पाल्पा जिल्लाबाटै दस कक्षासम्मको अध्ययन गरेका हरिप्रसाद पोखरेलले एघार कक्षादेखि स्नातक तहसम्मको अध्ययन भारतबाट पूरा गरेका हुन् । उनले योग एवम् प्राकृतिक चिकित्सा विषयमा भारतबाट स्नातक गरेका हुन् । उनले योग सिस्टम अफ मेडिसिनमा श्रीलङ्काबाट विद्यावारिधिसम्मको अध्ययन गरेका छन् ।

औपचारिक शिक्षालाई त्यति मान्यता नदिने हरिप्रसाद पोखरेल प्राकृतिक विश्वबाट बढी प्रभावित छन् । उनले प्रयोगका निम्ति आफ्नै शरीरलाई पनि परीक्षण गरेका छन् । उनको योग्यता, ज्ञान, सीप, श्रम आदिको सम्मान गर्दै विभिन्न संस्थाहरूले उनलाई विभिन्न उपाधि एवम् मानसम्मानद्वारा पुरस्कृत गरेका छन् ।

ब्रह्मचिन्तन, ब्रह्मसाधना र ब्रह्मसाक्षात्कारको निम्ति उनी ब्रह्मचारी जीवनलाई श्रेष्ठ मान्दछन् । जीव, जीवन, जगत् र जगदीश्वरको साधनामा उनले आफ्नो जीवनलाई समर्पित गरेका छन् । हालसम्म उनी अविवाहित नै छन् । उनको विचारमा मूलप्रकृति अथवा अस्तित्वतर्फको यात्रा नै ब्रह्मचर्य हो ।

मध्यमवर्गीय किसान परिवारमा जन्मिएका हरिप्रसाद पोखरेलको परिवारको मुख्य आयस्रोत कृषि थियो । आफ्नो खेतबारीमा परिश्रम गरेर खान पुग्ने स्थिति उनको थियो । बचत गर्ने र धनी हुने सोच उनको परिवारमा नरहेको देखिन्छ । चिकित्सा सेवा, शिक्षण, समाज सेवा, साधना, लेखन आदि क्षेत्रमा दिनको १६ देखि १८ घण्टासम्म खट्ने हरिप्रसाद पोखरेलले आफ्नो श्रम, सीप, प्रविधि एवम् आयलाई समाजसेवामा खर्च गर्दै आएका छन् । मानिस, जीवजन्तु, वनस्पति र पञ्चमहाभूतको संरक्षण नै उनको विचारमा वास्तविक समाजसेवा हो । उनी आफ्नो जीव, जीवन र जगत्को साधनामा नि:स्वार्थ भावले लागि परेको बुझिन्छ ।

मानिस, जीवजन्तु, वनस्पति र पञ्चमहाभूतको संरक्षणमा लाग्नु नै उनको कार्यक्षेत्रको परिधि हो भन्न सकिन्छ । उनको समाजसेवासम्बन्धी धारणा सार्वदेशिक एवम् सार्वकालिक छ । चिकित्सा, शिक्षण र लेखनकार्यमा उनी निरन्तर लागिरेहका छन् । योग, साधना, प्राकृतिक चिकित्सा, हिमवत् खण्डको जीवन्तकला, संस्कृति र विज्ञानको अनुसन्धान, समाजसेवा, प्रकृतिसेवा, मानवकल्याण, मानव अधिकार, विश्वमानवतावाद, पत्रकारिता, लेखन, प्रकाशन, व्याख्यान आदि क्षेत्रमा उनले काम गरेको देखिन्छ । उनले सयभन्दा बढी संघसंस्थासँग आबद्ध भई काम गरिसकेको पनि देखिन्छ ।

शारीरिक रूपमा गृहस्थ र मानसिक रूपमा सन्यासको योग नै उनको जीवनपथ हो । आत्माको दीप नबाली ज्ञानको उदय नहुने उनको मान्यता छ । उनको विचारमा बाह्यजगत् र अन्तरजगत् बीचको साक्षी अभिव्यक्ति नै कविता अथवा साहित्य हो । अन्तर अनुभूतिले आफूलाई साहित्य लेखनमा प्रेरणा दिने उनी बताउँदछन् ।

विद्यार्थीकालदेखि नै लेख्न सुरु गरेका उनका विभिन्न पत्रिकामा सयौं कविता प्रकाशित भैसकेका छन् । तीनवटा पुस्तकाकार कवितात्मक कृति पनि प्रकाशित छन् । समग्रमा तीन दर्जनभन्दा बढी कृति उनका प्रकाशित छन् भने १०० जति प्रकाशोन्मुख भएको बुझिन्छ ।

साहित्यप्रति रुचि भएका र एक सफल साहित्यकारका नाताले उनले कविता, निबन्ध, गीत जस्ता साहित्यिक विधामा पनि कलम चलाएको देखिन्छ । उनको फराकिलो क्षेत्र कविता नै हो र उनको कवित्वको प्रशंसा भारतीय र नेपाली विद्वान्हरूले पनि गरेका छन् । केवल साहित्यको मात्र नभई आफ्नो सम्पूर्ण सम्भावनाको स्रोत उनी जीव, जगत्, जीवन र जगदीश्वरलाई मान्दछन् ।

वि. सं. २०३६ सालदेखि हरिप्रसाद पोखरेलको औपचारिक कविता यात्रा सुरु भएको हो । उनको पहिलो प्रकाशित कविता **भाइटीका** हो । वि. सं. २०४३ उनको कविता यात्राको महत्त्वपूर्ण काल रह्यो किनभने यसै साल अन्य कविसँगै प्रकाशित भएका उनका कविताले उनलाई सफल कविको रूपमा नेपाली साहित्यमा परिचित गराएको बुझिन्छ । वि. सं. २०४९ सालसम्म उनका कविता फुटकर रूपमा मात्र प्रकाशित भएको देखिन्छ । **मेरो देश**, **विधवाको अन्तरद्वन्द्व**, **लाहुरे** जस्ता उनका उल्लेख्य फुटकर कविता हुन् ।

वि. सं. २०५० सालदेखि उनले आफ्नो कविता यात्रालाई ठोस रूप दिँदै कवितासङ्ग्रहको प्रकाशन गरेको देखिन्छ । **मान्छेको खोजी**, **देवयान** र **खोज** नै उनका प्रकाशित तीन पुस्तकाकार कवितासङ्ग्रह हुन् । **मान्छेको खोजी** र **खोज** विभिन्न विषयमा रचित लघु कविताका सङ्ग्रह हुन् भने **देवयान** एक शीर्षक केन्द्रित विभिन्न कविताको सङ्ग्रह हो । धार्मिक विकृति एवम् विसङ्गति, साम्प्रदायिक अराजकता, देशभक्ति, जातीय भेदभाव, मानवतावाद, प्रकृतिप्रेम, राष्ट्रियता जस्ता विषयहरू **मान्छेको खोजी** र **खोज** कवितासङ्ग्रहभित्र आएका छन् । **देवयान** चाँहि उनले आफ्नी हजुरआमा र आमाको सम्झनामा लेखेको स्मृतिपरक शोक सङ्ग्रह हो । सरल, सहज एवम् करुण गद्यात्मक शैली नै हरिप्रसाद पोखरेलको समग्र कवितासङ्ग्रहको वैशिष्ट्य हो ।

वि.सं.२०२० सालमा पाल्पामा जन्मिएका हरिप्रसाद पोखरेल परिवारको कान्छा सदस्य हुन् । आफ्नो जन्मस्थलमा नै बाल्यकाल बिताएका हरिप्रसाद पोखरेल सानैदेखि प्रकृतिप्रमी थिए । सानैदेखि जीव, जगत् र जीवनसँग सम्बन्धित भएर उठेका जिज्ञासाले उनलाई योग तथा प्राकृतिक चिकित्सातिर लाग्न प्रेरित गरेको हो । उनले यिनै विषयसँग सम्बन्धित रहेर विद्यावारिधिसम्मको अध्ययन गरेका छन् । उनले आफ्नो श्रम, सीप र योग्यतालाई पनि जीव, जगत् र जीवनको संरक्षणमा लगाएको बुझिन्छ ।

जीव, जगत्, जीवन र जगदीश्वरको प्रेरणाले साहित्यमा लागेका हरिप्रसाद पोखरेलका हालसम्म सयौं फुटकर कविता र तीनवटा कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् । जीव, जगत् र जीवनको अस्तित्वमा जोड दिने पोखरेलको कविता यात्रा अझै पनि सुचारु भएको बुझिन्छ ।

नेपाली साहित्यको समसामयिक धाराअन्तर्गत देखापरेका पोखरेलका कविता समसामयिक वस्तुस्थितिप्रति सचेत भएर रचना गरिएका देखिन्छन् । मानवता, प्रकृतिप्रेम, राष्ट्रप्रेम, आध्यात्मिकता, अकृत्रिमता आदि उनका कविताका मूल प्रवृत्तिका रूपमा रहेका देखिन्छन् । यस आधारबाट हेर्दा उनको प्रवृत्ति स्वच्छन्दतावादतिर नजिक देखिए तापनि भेदभावरहित प्राकृतिक समाजको चित्रण उनका कविताको विशिष्ट प्रवृत्ति हो । यही प्रवृत्तिद्वारा नै उनी समसामयिक धाराअन्तर्गत देखिएका अन्य कविभन्दा फरक छन् । जीव, जगत् र जीवनप्रति सचेत हुँदै रचना गरिएका उनका कवितामा सार्वदेशिक एवम् सार्वकालिक विषय र भाव प्रतिबिम्बित भएका छन् । यिनै आधारबाट उनले नेपाली कविताको समसामयिक धारामा आफ्नो अलग एवं महत्त्वपूर्ण स्थान बनाएका छन् भन्न सकिन्छ ।

★★★★

## सन्दर्भसामग्रीसूची


पुस्तक सूची

आप्टे, वामन शिवराम ( सन् १९९३ ),**संस्कृत हिन्दी कोश**, दिल्ली : मोतीलाल वनारसी दास पब्लिसर्स प्रा.लि. ।

कोइराला, मोहन (२०४३), **केही कवि र कविता**, काठमाडौं : तुमुल प्रकाशन ।

त्रिपाठी वासुदेव र अरू,(२०४८), **नेपाली कविता** (भाग - २), पुलचोक : साझा प्रकाशन ।

पोखरेल हरिप्रसाद,(२०५०),**मान्छेको खोजी**,काठमाडौं : प्रकृति प्रकाशन ।

________________,(२०५२) **देवयान**, काठमाडौं : यज्ञप्रसाद पोखरेल ।

________________,(२०५७) **खोज**, काठमाडौं : हरिप्रसाद मिसन ।

________________, (सन् २००३), **उठो**, पाल्पा : हरिप्रसाद मिसन ।

________________ **(२०६४), गीतमाला,** काठमाडौं :मिसन मानसाग्नि ।

शर्मा मोहनराज र खगेन्द्र लुइँटेल, (२०५५), **नेपाली गद्य, भाषा र साहित्य**, काठमाडौं : नवीन प्रकाशन ।

________________ ,(२०६२), **शोधविधि**, ललितपुर : साझा प्रकाशन ।

हरि, मन्जुश्री, (२०५१), **नयाँ युगका कविता** (प्रकाशनमाला- ९), काठमाडौं : सामूहिक प्रकाशनमाला ।

पत्रिका सूची

पोखरेल, हरिप्रसाद,'दुई टुका', **पर्व/साप्ताहिक** (काठमाडौं : वर्ष २, अङ्क २४, २०४१ चैत २० ) पृ.१

__________,'लाहुरे',**चेतना/साप्ताहिक**, (काठमाडौं : वर्ष १६, अङ्क ३१, २०४२

चैत ) पृ.२

__________, 'सचेत चोर पसिसकेका छन्', **चेतना/साप्ताहिक**, (काठमाडौँ : वर्ष १६, अङ्क ४२, २०४३ असार १४ ) पृ. २

__________, 'यात्रा घन्टाघरदेखि पीपलबोटसम्म', **साप्ताहिक विमर्श**, ( काठमाडौँः वर्ष २२, अङ्क २५, २०४९ माघ ) पृ. १

धमला, चेतनाथ, 'सिर्जनाको कुनै मूल्याङ्कन हुँदैन', **नेपाल जागरण/साप्ताहिक**, ( काठमाडौँ : वर्ष १०, अङ्क १४, २०५८ फागुन २० ) पृ. १

विरही, ठाकुर, 'समाजसेवी डा. हरिप्रसाद पोखरेल', **तरूण/राष्ट्रिय साप्ताहिक** ( काठमाडौँ : वर्ष ४, अङ्क ९, २०५४ जेठ २१ ) पृ. १

__________, 'डा. पोखरेल गीतकारको रूपमा', **तरूण/राष्ट्रिय साप्ताहिक** ( काठमाडौँ : वर्ष ३, अङ्क ५, २०५४ भदौ ) पृ. ३

__________,प्राकृतिक स्वाथ्य विज्ञानका जनक डा.पोखरेल', **साप्ताहिक जनसत्ता** ( काठमाडौँ : वर्ष १६, अङ्क ३५, २०५५ वैशाख ११ ) पृ. १२

विरही, हरिहर,'यस्ता पनि मानिस छन्', साप्ताहिका विमर्श, ( काठमाडौँ : वर्ष २३, अङ्क ११, २०४८ असोज १८ ) पृ. १

★ ★ ★ ★

## परिशिष्ट

### हरिप्रसाद पोखरेलसँग लिइएको लिखित अन्तर्वार्त्ता

**१. यहाँको जन्म र जन्मस्थानबारे प्रकाश पारिदिनुहोस् न ।**

प्राकृतिक सम्पदा र सुन्दरताले सिँगारिएको साथै ऐतिहासिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा पश्चिम नेपालको चर्चित जिल्ला पाल्पाको तानसेन नगरपालिका वडा नं. १४ सुन्दरगाउँमा मिति २०२० चैत्र २२ गते बाबुआमाको कान्छो सन्तानका रूपमा (मेरो) जन्म भएको हो । ऋषि माण्डव्यको तपस्थली माडी, पवित्र धार्मिक स्थल प्रभासका साथै चारैतिर घना हरियो जङ्गल र ठूलो कमलको तलाउले घेरिएको यो सुन्दरगाउँ नाम जस्तै सुन्दर र मनमोहक छ । ९ किलोमिटर उत्तरतर्फ पहाडमा बसेको नेपालको दार्जिलिङ मानिने तानसेन सहर र ३० किलोमिटर दक्षिणतर्फ प्रसिद्ध व्यापारिक केन्द्र बुटवलको बीचमा रहेको यो सुन्दरगाउँबाट बुद्धको जन्मस्थली लुम्बिनी करिब ७० किलोमिटरमा रहेको छ ।

**२. यहाँको पुर्ख्यौली घर परिवारबारे बताइदिनुहोस् न ।**

पाल्पा जिल्लाको प्रसिद्ध भैरवस्थानको नजिक रहेको ताङ्गसिगल भन्ने स्थानबाट सात पुस्ता पहिले बसाइँ सरेर तानसेन नगरपालिका वडा नम्बर १४ सुन्दरगाउँमा आएको भारद्वाज गोत्रीय यो पोखरेल (दूध पोखरेल) परिवारको मुख्य पेसा कृषि थियो । कर्मयोगी जीवनशैली भएको यो परिवारले स्वास्थ्य, शिक्षा, प्रकृतिसंरक्षण र समाजसेवाका क्षेत्रमा उल्लेखनीय कार्य गरेको पाइन्छ । सादा जीवन, दिव्य विचार र सम्बुद्ध चेतना यो परिवारको परिचयका रूपमा देखिन्छ ।

ठाकुरप्रसाद पोखरेल र देवकुमारी पोखरेलको एक मात्र छोरा यज्ञप्रसाद पोखरेलको विवाह समान विचारको पाल्पा जिल्लाकै वराङ्दी गा.वि.स. वडा नं. ९ ढावरखोला निवासी बस्याल परिवारकी छोरी यानकुमारीसँग भयो । वहाँको पिताको नाम रेस्मीराज बस्याल थियो । रेस्मीराज बस्यालको पुर्ख्यौली पेसा कृषि नै थियो भने समाजसेवा मुख्य रुचि । गुरुकुल शिक्षा पद्धतिद्वारा शिक्षा विस्तारका लागि पनि कार्य गरेको देखिन्छ ।

**३. यहाँको पिताको पेसा के थियो र वहाँका कति सन्तान भए ?**

बाबु यज्ञप्रसाद पोखरेल र आमा यानकुमारीपोखरेलको मुख्य पेसा कृषि हो भने त्यसबाट बचेको समय र कृषि कर्मबाट प्राप्त घरखर्च कटाई बाँकी रहेका सम्पूर्ण कुरा समाजसेवामा निष्काम भावले अर्पित गर्नु यो परिवारको दिनचर्या जस्तै थियो । कृषि प्रदर्शनी र कृषिजन्य कुनै पनि कार्यक्रममा पुरस्कृत र सम्मानित हुने यो परिवारले कृषि क्षेत्रमा उल्लेखनीय कार्य गरेको थियो । यो परिवारमा चार सन्तानहरू भए दुई छोरी ( रुक्मिणी पोखरेल र मिट्ठू पोखरेल) दुई छोराहरू भए (रामप्रसाद पोखरेल र हरिप्रसाद पोखरेल) ।

त्यस समयमा स्थायी परिवार नियोजन गर्नु अशुद्ध र अप्राकृतिक मानिन्थ्यो । यहाँसम्म कि पानी नचल्नेसम्मका अवस्था आउँथे । यज्ञप्रसाद पोखरेलले चार सन्तान भएपछि स्वयम्ले परिवार नियोजन गर्नुभयो र अरूलाई पनि परिवार नियोजन र परिवार व्यवस्थापनमा प्रेरणा दिइरहनु भयो । त्यसमा धेरै अप्ठेराहरू खप्नुपर्थ्यो । यज्ञप्रसाद पोखरेलले बाल्यकालदेखि नै शिक्षामा निकै रुचि राख्नु भयो तर पिता ठाकुरप्रसाद पोखरेलले आफ्नो एकमात्र सन्तानलाई घरदेखि टाढा राखेर शिक्षादीक्षा दिन चाहनु भएन । घरमै गुरु राखेर गुरुकुल पद्धतिमा पढाउनु भयो । त्यसबेला नजिकमा स्कुलहरू थिएनन्, बनारस, हरिद्वार, मथुरा जस्ता ठाउँमा संस्कृत पढ्न जानुपर्दथ्यो । यातायातको पनि असुविधाले गर्दा पिताले वहाँलाई धेरै टाढा पठाउन चाहनु भएन । त्यो पीडाले यज्ञप्रसाद पोखरेलले शिक्षा प्रचारका लागि अथक परिश्रम गर्नुभयो । ठाकुरप्रसाद पोखरेल र यज्ञप्रसाद पोखरेल दुवै समाजसेवामा तन, मन र धनले लाग्नु भयो ।

**४. यहाँको बाल्यकाल र स्वभावबारे केही बताइदिनुहोस् न ।**

मेरो बाल्यकाल अत्यन्त आनन्दको थियो । घरभरिको कान्छो हुनाले सबैको माया ममाथि विशेष रहन्थ्यो । मेरो ज्ञान विस्तारको पहिलो विद्यालय मेरो घर जहाँ मेरो गुरु संरक्षण र दिव्यमित्रका रूपमा त्रिमूर्ति हजुरआमा देवकुमारी पोखरेल, आमा यानकुमारी पोखरेल र बुबा यज्ञप्रसाद पोखरेल हुनुहुन्थ्यो । शिवका उपासक यी त्रिमूर्तिलाइ्र शिव संरक्षण सदा रहिरहेको थियो । आज म जहाँ छु त्यसको श्रेय यिनै त्रिमूर्ति र तिनका संरक्षक शिवमा जान्छ ।

म जन्मजात रूपमै प्रकृतिप्रेमी र एकान्तप्रेमी थिएँ । फुर्सदको समयमा एकान्त सेवन र प्रकृतिका कृतिहरूको संरक्षणमा समय बिताउँथे । मलाई सधैं म को हुँ ? जन्म अगि म कहाँ थिएँ ? मृत्युपछि म कहाँ जानेछु ? जन्म र मृत्युको बीचमा मैले के गर्नु जरुरी छ ? मैले देखको संसार के हो ? यो द्रष्टा संसारभन्दा पर के छ ? आदि-आदि । जगदीश्वर, जगत्, जीव र जीवनका बारेमा अत्यन्त कम उमेरमा उठेका प्रश्नले मलाई योग, प्रकृति र साधनातर्फ दिनानुदिन धकेल्दै लग्यो । बलिप्रथा, सिकारीप्रथा एवम् मांसाहारी प्रथाप्रति म बालककालमै विरुद्ध थिएँ । मानिसले आफू र आफ्ना सन्तानलाई जस्तै चराचुरुङ्गी, जीवजन्तु र वनस्पतिलाई माया गर्नु पर्दछ भनेर सबैलाई सजग बनाउँथे । अहिंसा, प्रेम, शान्ति, करुणा जस्ता मानिसका प्राकृतिक स्वभावलाई होसपूर्वक जान्न र तिनको साक्षात्कारबाट स्वयम् र संसारलाई आनन्दको मार्गमा अगि बढाउन प्रेरणा र साधना सिकाउँदै हिँड्थे ।

योग प्राकृतिक चिकित्सा र जडीबुटीका बारे जहाँजहाँबाट ज्ञान पाउन सकिन्छ, व्यक्ति, ग्रन्थ एवम् स्थान त्यहाँ पुग्थेँ र अथक श्रम गरेर ज्ञान-विज्ञान सिक्दथें र सिकेका कुरा सिकाउँदै हिँड्थे । यस्तै यस्तै स्वभाव बोकेर मेरो उमेर बढदै गयो । त्यसैले होला बालककालदेखि नै मेरो सङ्गत आफ्ना उमेरका साथीहरूसँग भएन । पचास काटेका मानिसहरूसँग भयो । मलाई भेट्न आउने र सङ्गत बढाउन चाहनेहरू पनि पाको उमेरका धेरै हुन्थे, या ज्ञान-विज्ञानको पिपासा बोकेका धेरै हुन्थे । जाँड-रक्सी पिउने, चुरोट तमाखु एवम् गाँजा-भाङमा लठ्ठिनेहरू साथै चारित्रिक रूपमा समाजमा गिरेका मानिसहरू, सुध्रिन चाहनेहरू कला सिक्न आउँथे भने सुध्रिन नचाहनेहरू देख्ने बित्तिकै अर्को बाटो समाउथे, अगाडि पर्दैनथे ।

**५. यहाँले बाल्यकालदेखि हालसम्म प्राप्त गर्नु भएको क्षैक्षिक योग्यताको विवरण उपलब्ध गराइदिनुहोस् न ।**

- शिशुदेखि ४ कक्षासम्म घरनजिकको श्री सरस्वती प्रा.वि. सुन्दरगाउँमा ।
- ५ कक्षादेखि ७ कक्षासम्म घरदेखि २५ मिनेटको दुरीमा रहेको मदनपोखरा गा.वि.स. वडा नं. ९ को श्री शारदा मा.वि. मा ।
- कक्षा ८ देखि १० कक्षासम्म तानसेनको श्री जनता माध्यमिक विद्यालयमा ।
- पूर्वमध्यमा (एस.एल.सी.) सन् १९८९, सम्पूर्णनन्द संस्कृत विश्व विद्यालयबाट ।

- प्रवीणता प्रमाणपत्र स्तरको ११ र १२ कक्षा भारतको उत्तरप्रदेश स्थिति सिद्धार्थनगर जिल्ला, माध्यमिक शिक्षा परिषद्‌बाट सन् १९९१ मा ।
- योग एवम् प्राकृतिक चिकित्सामा स्नातक भारतको दिल्ली स्थित गान्धी स्मारक प्राकृतिक चिकित्सा समिति, सन् १९९४ मा ।
- विद्यावारिधि-श्रीलङ्काको द ओपन इन्टरनेशनल युनिभर्सिटी फर कम्प्लीमेन्टरी मेडिसिनबाट सन् १९९६ मा । ( मानार्थ )

**६. यहाँको व्यक्तिगत पारिवारिक स्थितिबारे बताइदिनुहोस् न ।**

जीवनको कला जाने विवाहित जीवन पनि राम्रो, अविवाहित जीवन पनि राम्रो नजाने दुवै नराम्रो । अविवाहित रहेर ब्रह्मचिन्तन, ब्रह्मसाधना र बह्मसाक्षात्कारको साधना पथमा लागी ब्रह्मचारीको जीवन जिउनु श्रेष्ठ हो । मैले आफ्नो सम्पूर्ण जीवनलाई जन्मना साथ साधनामा समर्पित गरेको थिएँ । यो सत्पथमा अगि बढ्न जन्मदेखि नै दिव्य प्रेरणा मिलिरहेको थियो । साधनाको जीवनलाई आवश्यक पर्ने ऊर्जा क्षय हुन नदिन आफ्नो अन्तरहृदय र चेतनाको स्वीकृतिमा ब्रह्मचर्यको जीवन जिएको हुनाले यो मेरा लागि सत्यम्, शिवम् र सुन्दरम्को त्रिवेणी भएको छ । म अतिवादी होइन । मैले पूर्ण होसका साथ ब्रह्मचर्यको कला, संस्कृति र विज्ञानलाई साधना गरिरहेको छु । यौन जीवनबाट टाढा रहनुलाई मात्र म ब्रह्मचर्य मान्दिन तर ब्रह्मचर्यका लागि यो प्रथम आधार हो जसको बिना ब्रह्मचर्य जीवनको प्रारम्भ नै हुँदैन । तथाकथित साधुहरूले जस्तो यौनाङ्गमा लगौंटी, डोरी, सिक्री कसेर ब्रह्मचर्यमा बस्नुको महत्त्व देख्दिन म । व्यापक अर्थमा ब्रह्मचर्य भनेको आफ्नो मूल प्रकृति या अस्तित्वतर्फको यात्रा हो । यौन ऊर्जाको रूपान्तरण गरेर त्यसलाई सर्वोच्च गन्तव्यसम्म पुग्न उपयोग गरेको हुनाले ब्रह्मचर्य मेरा लागि सहज भएको छ । वीर्य रक्षा गरेर र ऊर्जालाई उर्ध्वगामी बनाएर अस्तित्वका रहस्यहरू बोध गरी संबुद्ध बन्न सकिने मलाई बोध भएकाले पनि यो सहज भएको हो । मेरो ब्रह्मचर्य अन्तरआत्माको स्वीकृतिमा अगि बढेको यात्रा हो । श्रद्धाले झुकेको शिर हो । यसमा साधनाले सहयोग अवश्य गऱ्यो । यद्यपि ब्रह्मचर्यमा मलाई कुनै अहङ्कार छैन, प्रशंसाको भोक पनि छैन र मैले आजसम्म कसैलाई वासनाको आँखाले हेरेको छैन ।

**७. यहाँको आर्थिक अवस्थाबारे बताइदिनुहोस् न ।**

म मध्यमवर्गीय किसान परिवारमा जन्मिएको हुँ । हामीलाई आफ्नो खेतबारीमा श्रम गरेपछि दैनन्दिन जीवन चलाउन पुग्ने खर्च जुट्दथ्यो । समग्रमा भन्दा ऋण र बचत विनाको सम्यक् आर्थिक अवस्था थियो । केही बचत भै हाल्यो भने आफ्नो व्यक्तिगत र पारिवारिक आवश्यकतालाई बढाउने एवम् आफूलाई वैभवशाली बनाउने कल्पना मेरो परिवारमा थिएन । बचत रकम समाज सेवामा खर्च हुन्थ्यो । निष्काम कर्मयोगी जीवन थियो मेरो परिवारमा ।

मलाई पनि त्यही बाल्यकालको पारिवारिक पृष्ठभूमिले प्रभावित गरेको हुनाले साधना र सेवालाई जीवनको आदर्श मानेर अगाडि बढें । यही कारण हो कि साधा जीवन, दिव्य विचार र सम्बुद्ध चेतनालाई बोकेर अगाडि बढ्दा आज मलाई एक रुपैयाँ ऋण खोज्न पनि परेको छैन  र एक रुपैयाँ वचत पनि रहँदैन । सम्यक् र पूर्णानन्दको जीवन जिइरहेको छु । मैले नियमित बिरामीहरूको स्वास्थ्य परीक्षण र सल्लाह दिन थालेको २८ बर्षभन्दा बढी भैसक्यो । कुनै बिरामीबाट फिस (शुल्क) लिएको छैन । मानसिक रोगीहरूसँग घन्टौ मनःपरामर्शमा बिताउँदा पनि मैले कुनै शुल्क लिने गरेको छैन । चिकित्सा सेवा, शिक्षण सेवा, समाजसेवा, साधना, लेखन साथै अन्य विविध क्षेत्रमा दिनमा १६ देखि १८ घण्टासम्म काम गर्दछु । त्यसबाट प्राप्त श्रमप्रसाद ( पारिश्रमिक) को सानो हिस्साले मेरो जीवन सत्यम्-शिवम्-सुन्दरम्को त्रिवेणीमा आनन्दले बित्दछ । जति बचत हुन्छ सेवा कार्यमा खर्च गर्दछु । मानिस, जीवजन्तु, वनस्पति र पञ्चमहाभूतको पीडा मेरै हृदयमा दुख्दछ र तिनको पीडामा मलहम लेप लगाउन मेरो श्रम, स्रोत र प्रविधिलाई खर्च गर्दछु यही मेरो पूजा हो ।

**८. यहाँले कुन कुन क्षेत्रमा काम गर्नु भएको छ ?**

क) साधना

ख) योग, प्राकृतिक चिकित्सा, आयुर्वेद साथै अन्य जीवन्त परम्पराका रुपमा रहेका स्वास्थ्य विज्ञानको अनुसन्धान, प्रयोग र प्रचार-प्रसार ।

ग) हिमवत्खण्डको जीवन्त, कला, संस्कृति र विज्ञानको अनुसन्धान र प्रचार प्रसार ।

घ) समाजसेवा / प्रकृतिसेवा

ङ) मानव कर्तव्य, मानव अधिकार र विश्वमानवतावाद

च) पत्रकारिता

छ) लेखन-प्रकाशन (लेख-रचना साथै ग्रन्थ)

ज) व्याख्यान

झ) दर्शन आदि

**९. यहाँको हालको रुचिबारे केही बताइदिनुहोस् न ।**

बाल्यकालदेखि हालसम्म मेरो स्वभाव र रुचिमा कुनै अन्तर आएन र छैन । हाल विशेष साधना, लेखन, व्याख्यान र सेवामा केन्द्रित छु ।

**१०. यहाँले साहित्यको कुन कुन क्षेत्रमा कलम चलाउनु भएको छ ? कसैबाट प्रेरणा पाउनु भएको छ कि ।**

साहित्यमा कविता, लघुकथा, कथा, निबन्ध एवम् स्वास्थ्य, शिक्षा र विज्ञानको अनुसन्धानपरक लेखन साथै मनोविज्ञान, दर्शन, कला-संस्कृति आदिमा पनि कलम चलाएको छु ।

मेरो अन्तरजगत् र बहिर्जगत्को सम्यक् साधनाले भेट्टाएको तेस्रो जगत् नै मेरो प्रेरणाको दिव्यभूमि हो जहाँबाट मलाई निरन्तर दिशा निर्देश भइरहन्छ । व्यक्तिगत रूपमा कसैले मलाई साहित्य लेखनमा डोऱ्याएको छैन । मैले कुनै कविबाट प्रभावित भएर कविता लेखेको होइन । प्रकृतिको कृतिबाट म सधैं प्रभावित हुन्छु र कविता लेख्छु ।

**११.समाजसेवासम्बन्धी यहाँको के धारणा छ ?**

समाजसेवी जात-जाति, रूप-रङ्ग, धर्म-सम्प्रदाय, रीति-रिवाज, राजकाज आदिले जन्माएको वर्ग विभाजनबाट माथि उठेको हुनुपर्दछ । समाज कुनै थर या जात, धर्म-सम्प्रदाय, रूपरङ्गको एकल हुँदैन । समाज त सबैको सामूहिक मेलबाट बनेको हुन्छ । त्यति मात्र होइन एउटा पूर्ण समाज बन्नको लागि मान्छेहरूको हुल जम्मा भएर मात्र पुग्दैन, पशुपक्षी, वनस्पति, जलवायु, पञ्चमहाभूत आदिको सन्तुलित मेल हुनु पर्दछ । समाजसेवीले मान्छेको क्षणिक हितका निम्ति यी अन्यलाई कुप्रभाव पर्ने कार्य गर्नु हुँदैन । यो विराट् सन्तुलनमा कतै पनि कमी आयो र विघटन या विनाश सुरु भयो भने मान्छे जति उन्नत हुँदै गए पनि समाजको समूल विनाश हुन्छ । समाजसेवीले यो विराट् सन्तुलनलाई प्रकृतिका हरेक कृतिलाई मान्छेलाई जस्तै सेवा गर्नुपर्दछ । यस्तो दिव्य चेतनाबाट कर्मयोग गर्नु श्रेष्ठ तप हो । समाजसेवीको वास्तविक परिचय पनि त्यही हो । यथार्थ योग्यता पनि । स्वयम् वर्ग सङ्घर्षको जालमा न जेलियोस् र समाजलाई पनि जेल्ने काम नगरोस् । समता र

ममताको कर्मयोग नै उसको परिचय बनोस् । समाजसेवीको चिन्तन र व्यवहार सर्वोदयी भावनाले भरियोस् ।

**१२. यहाँको जीवनदर्शन र साहित्यिक मान्यताबारे केही बताइदिनुहोस् न ।**

मान्छेका लागि मैले देखेको सत्पथ शारीरिक रूपमा गृहस्थ र मानसिक रूपमा सन्यासको योगद्वारा विस्तार गरिएको दिव्य पथ हो । जसले जगत्को रोटी पनि जानेको होस् र ब्रह्मको चोटी पनि जानेको होस् । आत्मदीप बाल जसले प्रकाशको ज्ञान हुनेछ अन्यथा सूर्यको प्रकाशमा पनि जगत् र सत्य देख्न सक्ने छैनौ । करुणा र प्रेममा लक्ष्य र गन्तव्य हुँदैन, वासनामा लक्ष्य र गन्तव्य हुन्छ । वासनालाई करुणामा रूपान्तरण गर । लक्ष्यद्वारा नभई अन्तःप्रेरणाद्वारा अगि बढ । आन्तरिक सत्तालाई जान र जीवनलाई उसैको काखमा छोडिदेऊ, तब हेर तिमीले जीवनमा बोकेको लक्ष्य र गन्तव्य धेरै पछाडि छुट्ने छ । तिमी धेरै अगाडि पुग्नेछौ । मुक्त, असीम र विराट्मा तिमी जहाँ पुगे पनि गन्तव्य तिम्रो साथ हुनेछ ।

मेरो जीवन, मेरो कविता, कथा, निबन्ध र अन्य लेखन साथै कार्यमा समानता छ । कहीँ विभेद छैन । कल्पनाको खेती छैन । सबैबाट त्यही सत्य प्रतिबिम्बित हुन्छ ।

म हिँडेको साधनाको सत्पथमा जे देख्दछु, अनुभूति गर्दछु त्यसलाई लेख्न तत्काल कागज र कलम समाउँछु । तर त्यो दिव्यतालाई हुबहु उतार्ने कुनै शब्द मेरो शब्दकोशमा हुन्न । शब्दका लागि सोच्दैमा कुनै शब्द पाउन्न र एउटा शब्द खोज्दछु । त्यो शब्दका मालाभित्र फूल जस्तै पङ्क्तिहरू देखिन्छन् तर फूल छुट्छ । त्यही छुटेको फूल नै त वास्तवमा मेरो दिव्य कविता थियो जो मैले देख्न सकें लेख्न सकिन ।

सृष्टि, स्थिति र संहारको त्रिवेणी बीच बसेर बनाएको कलात्मक मूर्ति हो कविता जसलाई अस्तित्वले प्राण प्रतिष्ठा गरिरहेको हुन्छ ।

..........................

हस्ताक्षर

हरिप्रसाद पोखरेल

(शोधनायक)

मिति : २०६६ । १० । ३

★ ★ ★ ★